# रामबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली विभाग, स्नातकोत्तर तह
द्वितीय वर्षको दसौँ पत्रको
प्रयोजनको लागि
प्रस्तुत

**शोधपत्र**

शोधार्थी
**शोभा काफ्ले**
नेपाली विभाग
भैरहवा बहुमुखी क्याम्पस
सिद्धार्थनगर, रूपन्देही
२०६९

शोधनिर्देशक
**डिल्लीराज भट्टराई**
सहप्राध्यापक

# रामबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली विभाग, स्नातकोत्तर तह
द्वितीय वर्षको दसौँ पत्रको
प्रयोजनको लागि
प्रस्तुत

**शोधपत्र**

शोधकर्ता
**शोभा काफ्ले**
रोल नं. ५२००१०, रजि.नं. ९-२-५२-४६६-२००४
शैक्षिक सत्र २०६४/०६६
भैरहवा बहुमुखी क्याम्पस
सिद्धार्थनगर, रूपन्देही
२०६९

# शोधनिर्देशकको सिफारिसपत्र

"रामबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पस नेपाली स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा शोभा काफ्लेले मेरो निर्देशनमा तयार पार्नुभएको हो । शोधपत्र तयार गर्नमा शोधार्थीको प्रशस्त लगन र परिश्रम परेको छ । उहाँले अत्यन्त मिहिनेतपूर्वक तयार पार्नुभएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली विभाग, भैरहवा बहुमुखी क्याम्पससमक्ष सिफारिस गर्दछु ।

..............................................

डिल्लीराज भट्टराई
सहप्राध्यापक
नेपाली विभाग
भैरहवा बहुमुखी क्याम्पस,
सिद्धार्थनगर, रूपन्देही ।

मितिः २०६९/०४/०४

त्रिभुवन विश्वविद्यालय

# भैरहवा बहुमुखी क्याम्पस

नेपाली विभाग

सिद्धार्थनगर, रूपन्देही

मितिः २०६९/०४/२०

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विभाग, भैरहवा बहुमुखी क्याम्पसकी छात्रा शोभा काफ्लेले स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको "रामबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" शीर्षकको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

मूल्याङ्कन समिति हस्ताक्षर

विभागीय प्रमुख
सहप्राध्यापक ...............................
डा. कपिलदेव लामिछाने

शोधनिर्देशक
सहप्राध्यापक ...............................
डिल्लीराज भट्टराई

बाह्यपरीक्षक
सहप्राध्यापक ...............................
डा.कुसुमाकर न्यौपाने
पृथ्वीनारायण क्याम्पस,पोखरा, कास्की

# कृतज्ञता ज्ञापन

"साहित्यकार रामबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व" नामक शीर्षकको प्रस्तुत शोधपत्र स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनार्थ मैले सहप्राध्यापक डिल्लीराज भट्टराईको कुशल निर्देशनमा तयार पारेकी हुँ । आफ्नो अत्यन्तै व्यस्त क्षणबाट फुर्सद निकालेर शोधपत्र तयारीका लागि आवश्यक सामग्रीहरु सहित उचित सल्लाह, सुझाव एवम् निर्देशन प्रदान गर्नुहुने शोध निर्देशकप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आवश्यक सुझाव दिने श्रद्धेय गुरु एवम् तत्कालीन क्याम्पस प्रमुख सहप्राध्यापक डा.कपिलदेव लामिछाने र श्रद्धेय गुरु सहप्राध्यापक श्री बालकृष्ण भट्टराई, सहप्राध्यापक डा. दामोदर ढकाल, सहप्राध्यापक डा. घनश्याम न्यौपाने 'परिश्रमी', सहप्राध्यापक मदनप्रसाद दवाडीप्रति हार्दिक आभार प्रकट गर्दछु । व्यक्तिगत जीवनसँग सम्बन्धित घटना र शोधशीर्षकसँग सम्बन्धित विविध विषयवस्तु तथा साहित्यिक कृतिहरुका बारेमा जानकारी उपलब्ध गराई शोधकार्यमा अविस्मरणीय सहयोग गर्नुहुने शोधनायक रामबहादुर श्रेष्ठ, उहाँकी श्रीमती सूर्यमाया श्रेष्ठ र नातेदारहरुप्रति पनि हृदयतः कृतज्ञता प्रकट गर्दछु ।

शोधपत्र तयार गर्ने क्रममा कतिपय शोधपत्र पुस्तक तथा पत्रपत्रिकाहरू उपलब्ध गराउने भैरहवा बहुमुखी क्याम्पस पुस्तकालय, नेपाली विभाग, लेखनका क्रममा विभिन्न सल्लाह र सुझाव प्रदान गर्नुहुने मेरा श्रीमान् दीपक लोहनीप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

त्यस्तै थुप्रै चुनौतीहरूलाई सामना गर्दै मलाई अक्षराम्भदेखि यहाँसम्म आइपुग्न र पढ्ने अवसर प्रदान गर्नुहने मेरा घरपरिवार सम्पूर्ण सदस्यहरूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । यसैगरी यस शोधपत्रको यथासम्भव शुद्ध एवम् स्तरीय टङ्कण गरिदिनुहुने रिम कम्युनिकेशन लाई पनि हृदयतः धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि भैरहवा बहुमुखी क्याम्पस नेपाली विभाग समक्ष प्रस्तुत गर्दछु ।

शोभा काफ्ले
स्नातकोत्तर तह, नेपाली विभाग
त्रि.वि., भैरहवा बहुमुखी क्याम्पस

मिति :२०६९/०४/

# विषयसूची


| शीर्षक | पृष्ठ संख्या |
|---|---|
| सिफारिपत्र | |
| स्वीकृति पत्र | |
| कृतज्ञता ज्ञापन | क |
| विषयसूची | ख-छ |
| तालिका सूची | छ |
| सङ्क्षिप्त शब्दसूची | ज |

**परिच्छेद एक**

| **शोध परिचय** | **१–६** |
|---|---|
| १.१ शोध शीर्षक | १ |
| १.२ शोधपत्रको प्रयोजन | १ |
| १.३ विषय परिचय | १ |
| १.४ समस्या कथन | २ |
| १.५ शोधकार्यको उद्देश्य | २ |
| १.६ पूर्वकार्यको समीक्षा | २-५ |
| १.७ शोधक्षेत्रको सीमाङ्कन | ५ |
| १.८ शोधको औचित्य, महत्त्व र उपयोगिता | ५ |
| १.९ सामग्री सङ्कलन विधि | ५ |
| १.१० शोधविधि | ५ |
| १.११ शोधपत्रको रूपरेखा | ६ |

**परिच्छेद दुई**

| **रामबहादुर श्रेष्ठको जीवनी** | **७–१७** |
|---|---|
| २.१ जन्म र जन्मस्थान | ७ |
| २.२ पुर्ख्यौली र पारिवारिक पृष्ठभूमि | ७-८ |
| २.३ जीवनयात्रा | ८ |
| २.३.१ बाल्यकाल | ८ |
| २.३.२ शिक्षा-दीक्षा | ८ |
| २.३.३ व्रतबन्ध, विवाह तथा पारिवारिक पृष्ठभूमि | ९ |

२.४ आर्थिक अवस्था र बसोबास ९-१०

२.५ स्वभाव १०

२.६ रूचि १०

२.७ संलग्नता ११

२.७.१ प्रशासनिक संलग्नता ११

२.७.२ राजनैतिक संलग्नता ११

२.७.३ संस्थागत संलग्नता ११

२.७.३.१ साहित्यिक संस्थाहरूमा आबद्धता १२

२.७.३.२ गैर-साहित्यिक संस्थाहरूमा आबद्धता १२

२.८ स्वास्थ्य १३

२.९ भ्रमण १३

२.१० दिनचर्या १३

२.११ सुख-दु:खका क्षणहरू १४

२.१२ सम्मान पुरस्कार १४-१५

२.१३ अविस्मरणीय क्षणहरू १५

२.१४ धारणा, मान्यता वा जीवनदृष्टि १५-१६

२.१५ लेखन १६

२.१५.१ लेखनको प्रेरणा र लेखनारम्भ १६-१७

२.१५.२ प्रकाशित पुस्तकाकार कृतिहरू १७

२.१५.३ अप्रकाशित कृतिहरू १७

२.१६ निष्कर्ष १७

**परिच्छेद तीन**

**रामबहादुर श्रेष्ठको व्यक्तित्व १८-२६**

३.१ पृष्ठभूमि १८

३.२ शारीरिक व्यक्तित्व १९

३.३ आन्तरिक व्यक्तित्व १९-२०

३.३.१ साहित्यिक व्यक्तित्व २०

३.३.१.१ स्रष्टा व्यक्तित्व २०-२१

३.३.१.२ कवि व्यक्तित्व २१-२२

३.३.१.३ आत्मकथाकार व्यक्तित्व २२

३.३.२ द्रष्टा व्यक्तित्व २२

| | |
|---|---|
| ३.३.२.१ सम्पादक व्यक्तित्व | २२ |
| ३.३.२.२ संस्थापक तथा प्रकाशक व्यक्तित्व | २२ |
| ३.३.२.३ साहित्येतर व्यक्तित्व | २३ |
| ३.३.३.१ प्रशासक व्यक्तित्व | २३ |
| ३.३.३.२ सामाजिक व्यक्तित्व | २३-२४ |
| ३.३.३.३ राजनीतिक व्यक्तित्व | २४ |
| ३.४ जीवनी व्यक्तित्व र कृतित्वको अन्तर सम्बन्ध | २५-२६ |
| ३.५ निष्कर्ष | २६ |

## परिच्छेद चार

| | |
|---|---|
| **रामबहादुर श्रेष्ठको साहित्य यात्रा** | **२७–४२** |
| ४.१ रामबहादुर श्रेष्ठका साहित्य यात्राका चरण र प्रवृत्तिहरू | २७-२८ |
| ४.१.१ पहिलो चरण | २८ |
| ४.१.२ दोस्रो चरण | २८-२९ |
| ४.२.१ साहित्य परिचय | ३१-३२ |
| ४.२.२ कविताको सामान्य चिनारी | ३३-३४ |
| ४.२.३ कविताका तत्त्वहरू | ३४ |
| ४.२.३.१ शीर्षकीकरण | ३४ |
| ४.२.३.२ संरचना | ३४-३५ |
| ४.२.३.३ विषयवस्तु | ३५ |
| ४.२.३.४ लयविधान | ३५ |
| ४.२.३.५ भाषाशैली | ३६ |
| ४.२.३.६ भावविधान | ३६ |
| ४.२.३.७ कथनपद्धति | ३६ |
| ४.२.३.८ बिम्ब प्रतीक अलङ्कार | ३७ |
| ४.२.४ नेपाली कविताको विकासक्रम | ३७-३८ |
| ४.२.४.१ प्राथमिक काल | ३८-३९ |
| ४.२.४.२ माध्यमिक काल | ३९-४० |
| ४.२.४.३ आधुनिक काल | ४०-४२ |

## परिच्छेद पाँच


**रामबहादुर श्रेष्ठको कृतित्वको अध्ययन** **४३–९६**

५.१ रामबहादुर श्रेष्ठको जिन्दगीका प्रयासहरू कवितासङ्ग्रहको अध्ययन ४३

५.१.१ परिचय ४३-४४

५.१.२ 'अझै वसन्त आयो रे' ४४-४५

५.१.३ 'हामी नाचे हुन्छ अरूको तालमा' ४५-४६

५.१.४ 'जीवन मृत्यु' ४६-४७

५.१.५ 'मेरा बेमतलबमा कविताहरू' ४७-४८

५.१.६ 'तीन छोटा कविता' ४९

५.१.७ 'एउटा सुन्दर घर बनाउनै पर्छ मैले' ५०-५१

५.१.८ 'जिन्दगी एक ठेला गाडी' ५१-५२

५.१.९ 'ऊ सहर गा छैन' ५२-५३

५.१.१० 'स्वदेशको माया' ५३-५४

५.१.११ 'खबरदार विधवा भन्न पाइँदैन' ५४-५५

५.१.१२ 'वनचरी' ५५-५६

५.१.१३ 'लाटोकोसेरोलाई सूर्य मन पर्दैन' ५६-५७

५.१.१४ 'आफ्नै विरुद्धको युद्ध' ५७-५८

५.१.१५ 'न जल्न छोड्छन आवसानका चिताहरू' ५८-५९

५.१.१६ 'तब लेख्छु कविता' ५९

५.१.१७ 'दुई मुक्तक' ६०

५.१.१८ 'चङ्गा उडाउने रहर' ६०-६१

५.१.१९ 'दिऊँ कसरी शुभकामना नववर्षको' ६१-६२

५.१.२० 'गृष्मऋतुलाई आमन्त्रण गरौँ' ६२-६३

५.१.२१ 'जिन्दगीका प्रयासहरू' ६३-६४

५.१.२२ 'एउटा रहर कोटको' ६४-६५

५.१.२३ निष्कर्ष ६५

५.२ रामबहादुर श्रेष्ठको अस्ताउन लागेको सुस्ता कवितासङ्ग्रहको अध्ययन ६५

५.२.१ परिचय ६५-६७

५.२.२ 'माटो सजाउन' ६८

५.२.३ 'फेरि सहिदको खाँचो भएको छ' ६९

५.२.४ 'भानु' ७०

५.२.५ 'खेल जिन्दगीको' ७०-७१

५.२.६ 'बगर आफैँ नबोल्ने रहेछ' ७१-७२
५.२.७ 'मेला शान्तिको' ७२-७३
५.२.८ 'खेल न्यायको' ७३
५.२.९ 'नारी समानता' ७३-७४
५.२.१० 'म विहानी पर्खिरहेछु' ७४-७५
५.२.११ 'यो आकाश पनि के आकाश' ७५-७६
५.२.१२ 'उन्नाइस' ७६-७७
५.२.१३ 'कुप्रवृत्तिको निरन्तरता' ७७
५.२.१४ 'स्वाभिमान' ७८
५.२.१५ 'हाम्रा नियतिहरू' ७८-७९
५.२.१६ 'उन्मत्तता' ७९-८०
५.२.१७ 'खै लोकतन्त्र' ८०-८१
५.२.१८ 'हतियार विरुद्ध मेरो कविता' ८१
५.२.१९ 'दुई तृष्णा' ८२
५.२.२० 'बाध्यता' ८२
५.२.२१ 'चार हाइकु' ८३
५.२.२२ 'हिम्मत र जाँगर' ८३-८४
५.२.२३ 'अस्ताउन लागेको सुस्ता' ८४-८५
५.२.२४ 'चिसोको समापन' ८५-८६
५.२.२५ 'प्रतिगमन' ८६-८७
५.२.२६ 'निरीह आवाजहरू' ८७-८८
५.२.२७ 'शेर र अक्षरहरू' ८८-८९
५.२.२८ 'स्थगित ' ८९-९०
५.२.२९ 'हाम्रो गलत नियति ' ९०-९१
५.२.३० 'दुई मुक्तक' ९१
५.२.३१ 'तब यस्तो लाग्छ' ९२
५.२.३२ 'निरुत्तर मेरा मान्छेहरू' ९२-९३
५.२.३३ 'जन्मथलो बाग्लुङ' ९३
५.२.३४ 'वन्धनयुक्त जीवन' ९४
५.२.३५ 'परम्परा' ९४-९५
५.२.३६ 'नदी पारिका मायालु' ९५-९६
५.२.३७ निष्कर्ष ९६

## परिच्छेद छ
## शोधनिष्कर्ष


| | |
|---|---|
| ६.१ सारसङ्क्षेप | ९७-९८ |
| ६.२ शोधनिष्कर्ष | ९८-१०१ |
| ६.३ सम्भावित शोधशीर्षकहरू | १०१ |
| परिशिष्ट | १०२-१०६ |
| सन्दर्भग्रन्थसूची | १०७-१०८ |


**तालिका सूची**


| | |
|---|---|
| जिन्दगीका प्रयासहरू कवितासङ्ग्रहको शीर्षकहरूको तालिकीकरण | ४४ |
| अस्ताउन लागेको सुस्ता कवितासङ्ग्रहका शीर्षकहरूको तालिकीकरण | ६७ |

## सङ्क्षेपीकृत शब्दहरू

| | |
|---|---|
| अप्र. | अप्रकाशित |
| आइ.ए. | इन्टर अफ आर्ट्स |
| इ.सं. | इस्वी संवत् |
| ए.मा.ले. | एकीकृत मार्क्सवादी लेलिनवादी |
| एस.एल.सी. | स्कुल लिभिङ सर्टिफिकेट |
| चौ.सं. | चौथो संस्करण |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | दोस्रो संस्करण |
| नं. | नम्बर |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | पृष्ठ |
| सम्पा. | सम्पादन |
| सिसाप | सिद्धार्थ साहित्य परिषद् |
| सि.सा.स | सिर्जनशील साहित्यिक समाज |
| स्व. | स्वर्गीय |

# परिच्छेद एक
# शोधपरिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधको शीर्षक "रामबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय भैरहवा बहुमुखी क्याम्पस मानविकी तथा सामाजिक शास्त्रसङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको आवश्यकता परिपूर्ति गर्ने प्रयोजनको लागि तयार गरिएको हो ।

## १.३ विषय परिचय

रामबहादुर श्रेष्ठ नेपाली भाषा साहित्यको इतिहासमा प्रचलित विविध विधाहरू मध्ये कविता विधामा कलम चलाई नेपाली साहित्यको श्रीवृद्धिमा  लागेका छन् ।

धवलागिरी अञ्चल बाग्लुङ्ग कम्पुटोलमा २००७ साल जेष्ठ १२ गतेका दिन पिता स्व.गङ्गाबहादुर श्रेष्ठ र माता सन्तमाया श्रेष्ठका ज्येष्ठ सुपुत्रका रूपमा जन्मेका रामबहादुर श्रेष्ठ नेपाल सरकारको न्याय सेवाको शाखा अधिकृत पदबाट निवृत्त भई हाल समाजसेवा र साहित्य सिर्जनामा लागेका छन् । श्रेष्ठ विभिन्न साहित्यिक तथा गैर साहित्यिक संघ संस्थाहरूमा संलग्न रहेका छन् । साहित्य सेवामा लागेका श्रेष्ठ साहित्य सम्मेलन (धवलागिरि अञ्चल) २०२८ पद्य साहित्यतर्फ प्रथम भई रजत पदक, लुम्बिनी साहित्य सम्मेलन २०६५, जनपद दीर्घसेवा पदक जनपद सेवा पदकबाट पुरस्कृत भएका छन् ।

विद्यार्थी अवस्थादेखि नै साहित्य सिर्जनामा लागेका श्रेष्ठको २०२८ सालमा प्रकाशित शिक्षा संस्कृति र उद्योग नामक कविता नै पहिलो प्रकाशित कविता हो । श्रेष्ठको जिन्दगीका प्रयासहरू नामक कवितासङ्ग्रह २०६३ मा प्रकाशित भएको छ । यो उनको प्रथम पुस्तकाकार कृति पनि हो । उनको दोस्रो कविताको सङ्ग्रहको रूपमा देखिएको **अस्ताउन लागेको सुस्ता** २०६६ सालमा प्रकाशित भएको छ । श्रेष्ठका दुबै कवितासङ्ग्रहका कवितामा सामाजिक यथार्थ राष्ट्रप्रेम, न्याय, इमान्दारी, स्वावलम्बन, नारीवादिता, राजनीति सचेतता तथा द्वन्द्वको अन्त्य र शान्तिको स्थापना जस्ता विषयवस्तु प्रकट भएका पाइन्छन् । यिनै कविता कृतिका माध्यमबाट

नेपाली साहित्यको विकासमा योगदान पुऱ्याउने श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको मूल्याङ्कन, विश्लेषण प्रस्तुत शोधकार्यमा गरिएको छ ।

## १.४ समस्या कथन

नेपाली साहित्यका विविध विधाहरू मध्ये कविता सर्वप्राचीन विधा हो र अहिले पनि यो उतिकै लोकप्रिय विधाका रूपमा रहेको छ । यस्तो लोकप्रिय विधा कविताको सिर्जना गर्ने सजैक मध्ये रामबहादुर श्रेष्ठ पनि एक हुन् ।  गद्य तथा पद्य कविताहरूको २ वटा सङ्ग्रह प्रकाशित गरिसकेका तथा ४ दशक लामो साहित्य यात्रा व्यतीत गरेका श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन हुन नसक्नु नै प्रमुख समस्या हो । तसर्थ प्रस्तुत शोधकार्यमा निम्नलिखित समस्याहरूको विश्लेषण गरिएको छ ।

(क) रामबहादुर श्रेष्ठको जीवनका पाटाहरू के कस्ता छन् ?

(ख) रामबहादुर श्रेष्ठको व्यक्तित्व के कस्तो छ ?

(ग) रामबहादुर श्रेष्ठको कृतित्व र कवित्व के कस्तो रहेको छ ?

## १.५ शोधकार्यको उद्देश्य

रामबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको परिचय दिनु यस शोधको प्रमुख उद्देश्यको रूपमा रहेको छ । तसर्थ यस शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

(क) रामबहादुर श्रेष्ठको जीवनका विविध पाटाहरूको अध्ययन गर्नु,

(ख) रामबहादुर श्रेष्ठको व्यक्तित्वको अध्ययन गर्नु,

(ग) रामबहादुर श्रेष्ठका प्रकाशित कृतिहरूको आधारमा उनको कवित्वको विश्लेषण र मूल्याङ्कन गर्नु,

## १.६ पूर्वकार्यको समीक्षा

रामबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा अध्ययन अनुसन्धान नभए पनि उनका प्रकाशित कृतिहरूको समीक्षा विभिन्न लेखक समीक्षकहरूबाट गरिएको  पाइन्छ । यस सम्बन्धमा यस अघि भएमा कार्यहरूको यहाँ सङ्क्षेपमा विवरण प्रस्तुत गरिन्छ :

वालकृष्ण भट्टराईले २०६३ सालमा प्रकाशित **जिन्दगीका प्रयासहरू**को भूमिकामा एक सिंहावलोकन ‘जिन्दगीका प्रयासहरूमा राजनीतिक चेतना’ शीर्षकमा श्रेष्ठलाई “प्रगतिशील कवि र राजनीतिक सचेततता व्यक्त भएको कवितासङ्ग्र” भनी उल्लेख गरेका छन् ।

गोपीरमण उपाध्यायले २०६३ सालमा राष्ट्रिय दैनिक **जनसंघर्ष** वर्ष १७ अङ्क २४६ मा ७५ औँ सिद्धार्थ साहित्य संगम र जिन्दगीका प्रयासहरू शीर्षकमा कविलाई प्रगतिवादी र विकृति तथा विसङ्गतिका विरुद्धमा सशक्त भएर अगाडि बढ्न चाहने कविका रूपमा उभ्याएका छन् ।

डिल्लीराज भट्टराईले २०६४ सालमा ज्ञानज्योति पुस्तकालय बुटवल १० को मुखपत्र **ज्ञानज्योति स्मारिका**मा 'जिन्दगीका प्रयासहरू : संक्षिप्त विवेचना' शीर्षकमा सामाजिक, राजनैतिक, आर्थिक असमानता, इमान्दारी पीडा समसामयिक युगबोध यथार्थ जीवन अनुभूतिको सहज प्रस्तुति भएका कविता भनी समीक्षा गरेका छन् ।

देवीप्रसाद न्यौपानेले २०६४ सालमा रूपन्देही जिल्लाको साहित्यिक विकासमा सिद्धार्थ साहित्यि परिषद्को योगदान शोधपत्रमा श्रेष्ठको नाम उल्लेख गरेका छन् ।

विजय सागरले २०६७ साल भदौ १९ गते **नयाँ भावना** वर्ष ४ अङ्क २६८ मा रामबहादुर श्रेष्ठको 'जिन्दगीका प्रयासहरू भित्र पस्दा' शीर्षकमा अस्तव्यस्त देश तथा जीवनका तीता भोगाइबाट मर्माहत भएर लेखिएका कविता भनी समीक्षा गरेका छन् ।

२०६६ सालमा प्रकाशित **अस्ताउन लागेको सुस्ता**को भूमिकामा डिल्लीराज भट्टराईले 'अस्ताउन लागेको सुस्ताभित्र पस्दा' शीर्षकमा कविलाई "विचारमा जोड दिने कवि तथा कविताहरूमा सामाजिक यथार्थको प्रस्तुति भएको" भनेका छन् र कविका कमजोरीहरूलाई औंल्याउँदै सुझाव पनि पेश गरेका छन् ।

विजय सागरले २०६६ सालमा प्रकाशित **अस्ताउन लागेको सुस्ता**को भूमिकामा रामबहादुर श्रेष्ठको अस्ताउन लागेको सुस्ता' शीर्षकमा "कट्टर यथार्थवादी र राष्ट्रवादी कवि" भनी चिनिएका छन् ।

दामोदर पुडासैनी 'किशोर'ले २०६६ सालमा प्रकाशित **अस्ताउन लागेको सुस्ता**को भूमिकामा 'आशाको उज्यालोको खोजीमा हिड्ने कविलाई' शीर्षकमा जनबोली जत्तिकै सरल कविता भनी विवेचना गरेका छन् ।

रामसुन्दर देउजाले २०६७ असोजको **जनमत** वर्ष २७ अङ्क ९ विशेष अङ्क १५८ मा पुस्तक परिचय सन्दर्भमा 'अस्ताउन लागेको सुस्ताको वेदना' शीर्षकमा कविताहरूको सामान्य विश्लेषण गर्दै "राष्ट्रिय भावनाले ओतप्रोत भएका कविता" भनेर चिनिएका छन् ।

सिद्ध तिमिल्सिनाले २०६७ फागुन २२ मा **नेपाल** वर्ष ११ अङ्क २९ मा 'राष्ट्रप्रतिको संवेदना' शीर्षकमा "भरपुर रूपमा व्यङ्ग्य र प्रतीकको प्रयोग गरिएको तथा वर्तमान राजनीति र समाज व्यवस्थाको प्रतिबिम्बको सग्लो स्वरूप उतार्ने दिशामा केन्द्रित कवितासङ्ग्रह" भनी विवेचना गरेका छन् ।

मुरारी पराजुलीले २०६७ सालमा **शब्दसिन्धु** वर्ष २ पूर्णाङ्क ८ मा रूपन्देहीका कवितामा गणतान्त्रिक चेत शीर्षकको लेखमा रामबहादुर श्रेष्ठको नाम उल्लेख गरेका छन् ।

तिलक लामिछानेले २०६८ मंसिर १ गते **मेचीकाली** पत्रिकाको वर्ष ११ अङ्क ३३२ मा 'सृजनशील कवि रामबहादुर श्रेष्ठ' शीर्षकमा आफ्नो कवितामार्फत् विद्रोह गाइरहने कवि भनी समीक्षा गरेका छन् ।

मुरारी पराजुलीले २०६८ सालमा **शब्दसिन्धु** साहित्यिक त्रैमासिकको बर्ष ३ पूर्णाङ्क १० मा 'अस्ताउन लागेको सुस्ताले मर्माहत रामबहादुर श्रेष्ठ' शीर्षकमा आर्थिक, सामाजिक, राजनीतिक, प्रशासनिक आदि क्षेत्रमा देखा परेको विकृति र विसङ्गतिको आलोचनात्मक चित्रण गर्ने कविका रूपमा समीक्षा गरेका छन् ।

सुरज घिमिरे 'दीपशिखा'ले २०६८ माघ २८ गते **दैनिक पत्र** वर्ष ८ अङ्क ७७ मा 'अस्ताउन लागेको सुस्तामा दृष्टि लगाउँदा' शीर्षकमा नेपालीहरूले पढ्नै पर्ने कृतिका रचनाकार भनी विवेचना गरेका छन् ।

उपर्युक्त पत्रपत्रिका र भूमिकामा समेटिएका समीक्षाहरू श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्वका अपूर्ण र अपर्याप्त भए पनि जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण क्रममा धेरथोर सहयोग भने अवश्य पुऱ्याएका छन् ।

## १.७ शोधक्षेत्रको सीमाङ्कन

साहित्यकार रामबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्दा उनका २०६७ सालमा प्रकाशित कवितासङ्ग्रहका कविताहरूमा केन्द्रत भई अध्ययन विश्लेषण गरिएको छ ।

## १.८ शोधको औचित्य, महत्त्व र उपयोगिता

समाजको दपर्णको रूपमा रहने साहित्यकारले समाजका असल र खराब दुबै पक्षलाई प्रस्तुत गरेको हुन्छ । नेपाली साहित्यको सर्वप्राचीन विधाको रूपमा रहेको कविता विधाका फाँटमा देशका कुना काप्चाबाट कलम चलाइरहेका सर्जकहरू अहिले पनि ओझेलमा परिरहेका छन् । त्यसैले दुईवटा कवितासङ्ग्रह प्रकाशित गरी ४ दशक लामो सहित्यिक यात्रा पार गरिसकेका रामबहादुर श्रेष्ठको कविताहरूको सङ्क्षिप्त टिप्पणी तथा समीक्षाहरू विभिन्न पत्र पत्रिकाहरूमा प्रकाशित भए पनि उनको जीवनी, व्यक्तित्व र कृतित्वको समग्रमा अध्ययन भएको छैन त्यसैले स्रष्टा रामबहादुर श्रेष्ठको सम्बन्धमा प्रस्तुत गरिने यस अध्ययनले ज्ञानको क्षेत्र फराकिलो हुनुका साथै भावी अध्ययन अनुसन्धानको लागि समेत मार्ग प्रसस्त हुने भएकाले शोधको औचित्य, महत्त्व र उपयोगिता सिद्ध हुन्छ ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत शोध सम्पन्न गर्न जीवन र व्यक्तित्व पक्षको अध्ययनका लागि स्थलगत भेटका क्रममा शोधनायक तथा उनीसँग सम्बन्धित व्यक्तिहरूसँग अन्तर्वार्ता विधि अपनाइएको छ । भने कृतित्वको सम्बन्धमा पुस्तकालयीय विधि अपनाइएको छ ।

## १.१० शोधविधि

प्रस्तुत शोधविधि सामान्यतया : वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाई गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

रामबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकको शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ ।

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : रामबहादुर श्रेष्ठको जीवनी

परिच्छेद तीन : रामबहादुर श्रेष्ठको व्यक्तित्व

परिच्छेद चार : रामबहादुर श्रेष्ठको साहित्ययात्रा

परिच्छेद पाँच : रामबहादुर श्रेष्ठको कृतित्वको अध्ययन

परिच्छेद छ : शोध निष्कर्ष

परिशिष्ट : सन्दर्भग्रन्थसूची

# परिच्छेद दुई
# रामबहादुर श्रेष्ठको जीवनी

## २.१ जन्म र जन्मस्थान

रामबहादुर श्रेष्ठको जन्म धवलागिरि अञ्चल बाग्लुङ बजारको कम्पुटोलको एक सामान्य परिवारमा २००७ साल जेष्ठ १२ गते विहिबारका दिन भएको हो ।[१] उनी गङ्गाबहादुर श्रेष्ठ र माता सन्तमाया श्रेष्ठका जेठा सुपुत्रका रूपमा जन्मेका हुन् ।[२]

रामबहादुर श्रेष्ठका पिता गङ्गाबहादुर श्रेष्ठ कानुन व्यवसायी थिए ।[३] गङ्गाबहादुर श्रेष्ठकी जेठी श्रीमती सन्तमायाबाट रामबहादुर र लक्ष्मण श्रेष्ठ गरी दुई छोरा र कान्छी श्रीमती विजयालक्ष्मीबाट शत्रुधन वैकुण्ठ (गोविन्द) र उत्तम श्रेष्ठ गरी तीन छोरा र एक छोरी रत्न कुमारी श्रेष्ठ गरी छ जना सन्तान मध्येकी छोरी रत्नकुमारी पछिका जेठा छोराको रूपमा देखिन्छन् ।[४] सिंह राशि पूर्व नक्षत्रमा जन्मेका श्रेष्ठको न्वारानको नाम टाकाबहादुर श्रेष्ठ हो ।[५]

## २.२ पुख्यौली र पारिवारिक पृष्ठभूमि

पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्ने क्रममा पश्चिमतर्फका बाइसे चौबीसे राज्य समेत नेपालमा गाभिएपछि काठमाडौँ उपत्यकाका नेवारहरू व्यापार व्यवसाय गर्ने सन्दर्भमा भादगाउँबाट प्युठान गएका पूर्वजहरूमध्ये सरकारी सेवा गर्ने बाग्लुङ बजारलाई स्थायी बसोवास बनाएका थिए ।[६] उनका साथमा आएका उनका एकमात्र छोरा कविराजका चार जना छोराहरूमध्ये साँहिला धनबहादुर श्रेष्ठका दुई छोरा फट्न भन्ने गङ्गाबहादुर श्रेष्ठ र कान्छा हरिबहादुर श्रेष्ठ थिए ।[७] तिनै फट्न भन्ने गङ्गाबहादुर श्रेष्ठका दुई श्रीमती जेठी सन्तमाया र कान्छी विजयालक्ष्मी थिए ।[८] जेठी श्रीमतीबाट जन्मेका सन्तानमध्येका जेठा रामबहादुर श्रेष्ठ हुन् । भने उनका भाइ लक्ष्मण श्रेष्ठ तौलिहवामा कर्मथलो बनाई बसोवास गर्दै आएका छन् ।[९]

---

[१] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।
[२] ऐजन ।
[३] ऐजन ।
[४] ऐजन ।
[५] ऐजन ।
[६] ऐजन ।
[७] ऐजन ।
[८] ऐजन ।
[९] ऐजन ।

रामबहादुर श्रेष्ठ चाहिँ सरकारी सेवा पश्चात् रूपन्देहीको भैरहवालाई कर्मथलो बनाई समाजसेवा र साहित्य सिर्जना गरिरहेका छन् ।[१०]

## २.३. जीवनयात्रा

### २.३.१ बाल्यकाल

बाल्यकाल जीवनयात्राको एक महत्त्वपूर्ण भाग हो यस समयमा बालमष्तिस्कमा पर्न गएका छापहरूले जीवनपर्यन्त प्रभाव पारिरहेका हुन्छन् । बाग्लुङ बजारको कम्पुटोलमा जन्मेका श्रेष्ठ तीन वर्षको हुँदा मातापितासहित व्यवसायको सिलसिलामा कास्की जिल्लाको वीरेठाँटी बजारमा बसोवास गरेकाले श्रेष्ठको बाल्यकाल बाग्लुङ र कास्की जिल्लामा बितेको देखिन्छ ।[११] कानुन व्यावसायी पिताका जेठी श्रीमतीका जेठा पुत्रका रूपमा जन्मेका श्रेष्ठ हाँस्दै खेल्दै आफ्नो बाल्यकाल सुखपूर्वक नै बितेको बताउँछन् ।[१२]

### २.३.१ शिक्षा दीक्षा

माता पितासँग व्यवसायको सिलसिलामा कास्कीको वीरेठाँटी बजारमा पुगेका श्रेष्ठले त्यहीको पाठशालामा अक्षरोरम्भ गरे पनि सात वर्षको उमेरमा पुनः बाग्लुङ फर्की कक्षा एकमा भर्ना भएर औपचारिक रूपमा अध्ययन प्रारम्भ गरेको पाइन्छ ।[१३] प्राथमिकदेखि माध्यमिक तहसम्मको शिक्षा बाग्लुङ विद्यामन्दिर हाई स्कुलबाटै पूरा गरी २०२६ सालमा एस.एल.सी. उत्तीर्ण गरेको देखिन्छ ।[१४] विद्यालयीय अध्ययन नसकिँदै सरकारी सेवामा प्रवेश गरेका श्रेष्ठले प्राइभेटबाट आइ.ए. तहको परीक्षा उत्तीर्ण गरी आफ्नो अध्ययनलाई विश्रान्ति दिएको बताउँछन् ।[१५]

यसरी २०१४ अर्थात् सात वर्षको उमेरदेखि औपचारिक शिक्षा आर्जन गर्न थालेका श्रेष्ठले विद्यार्थी अवस्थाबाटै आफ्नो साहित्यिक व्यक्तित्वलाई तिखार्दै आएको पाइन्छ ।

---

[१०] शोधनायक, पूर्ववत् ।
[११] ऐजन ।
[१२] ऐजन ।
[१३] ऐजन ।
[१४] ऐजन ।
[१५] ऐजन ।

### २.३.२ व्रतबन्ध, विवाह तथा पारिवारिक स्थिति

पूर्वीय हिन्दूदर्शन अनुसार मानवले जन्मेदेखि मृत्युसम्म विविध संस्कारहरू पूरा गर्नुपर्ने देखिन्छ । जसअन्तर्गत छैंठी, न्वरान, व्रतबन्ध, विवाह, मृत्यु आदि २०२५ साल अर्थात् १८ वर्षको उमेरमा चूडाकर्म उपनयन संस्कार भएको देखिन्छ ।[१६]

जीवनका विविध संस्कारमध्ये पर्ने अर्को महत्त्वपूर्ण संस्कार विवाह हो र श्रेष्ठको विवाह बेनीका दुर्गालाल श्रेष्ठ र मोहनमाया श्रेष्ठकी सुपुत्री सुर्यमाया श्रेष्ठसँग २०२९ सालमा भएको पाइन्छ ।[१७] हाल उनी सामान्य गृहिणीको रूपमा रही श्रेष्ठको दिनचर्याकी सहयात्री बनेकी छन् ।

रामबहादुर श्रेष्ठ र सूर्यमाया श्रेष्ठका सन्तानका रूपमा प्रथम पल्ट २०३० सालमा पुकार श्रेष्ठको जन्म हुन्छ ।[१८] उनी अहिले भैरहवा कारागारमा नायक सुब्बा पदमा कार्यरत छन् ।[१९] त्यसैगरी माहिला छोरा सम्पूर्ण श्रेष्ठ श्रीकृष्ण नेत्रालयमा कार्यरत छन् ।[२०] श्रेष्ठका कान्छा छोरा संजीव श्रेष्ठ हाल पूर्णिमा बैङ्कमा कार्यरत छन् ।[२१] श्रेष्ठकी जेठी छोरी सिर्जना श्रेष्ठ दमौलीमा व्यापार गरी बसेकी छन् ।[२२] कान्छी छोरी सम्झना श्रेष्ठ गरी ५ सन्तान रहेका छन् ।[२३] जेठो छोरा पुकारका एक छोरा, माहिला छोरा सम्पूर्णका दुई छोरी, जेठी र कान्छी बुहारी गरी १२ जनाको संयुक्त परिवार रहेको देखिन्छ ।[२४]

## २.४ आर्थिक अवस्था र बसोवास

मध्यम वर्गीय परिवारमा जन्मेका श्रेष्ठका पिता पनि कानुन व्यवसायी नै रहेको हुनाले पनि विद्यालय तहको शिक्षा पूरा नगर्दैदेखि कानुनी क्षेत्रमा सेवा गर्न थालेको देखिन्छ ।[२५] बाग्लुङ जन्मथलो भएका श्रेष्ठको बसाँइ सर्ने क्रम सानैदेखि भएको देखिन्छ । २०२३ सालदेखि सरकारी सेवामा प्रवेश गरेका श्रेष्ठको आर्थिक अवस्था राम्रै देखिन्छ । सरकारी जागिरे भएका कारणले श्रेष्ठको बसाँइ विभिन्न ठाउँमा भएको देखिन्छ ।[२६] करिब दस वर्ष म्याग्दीलाई कर्मथलो बनाएका

---

[१६] ऐजन ।
[१७] शोधनायक, पूर्ववत् ।
[१८] ऐजन ।
[१९] ऐजन ।
[२०] ऐजन ।
[२१] ऐजन ।
[२२] ऐजन ।
[२३] ऐजन ।
[२४] ऐजन ।
[२५] ऐजन ।
[२६] ऐजन ।

श्रेष्ठ जागिरका क्रममा जुम्ला, धनुषा, कपिलवस्तु, पोखरा, स्याङ्जा, सिन्धुली र पाल्पामा समेत बसाँइ सरेका छन् । भने हाल उनी भैरहवामा स्थायी ढङ्गले बसोवास गर्दै आएका छन् ।[२७]

यसरी जागिरका कारण विभिन्न ठाउँमा बसाइँ सर्नुपर्ने बाध्यतालाई पूरा गर्दै अवकाश प्राप्त जीवन भने स्थायी रूपले भैरहवामा नै बसोवास गर्दै आएका छन् ।

## २.५ स्वभाव

मानिस जुन किसिमको वातावरणमा हुर्कन्छ र बढ्छ उसको स्वभाव र बानीव्यवहार पनि सोही अनसारको हुन्छ । पिता गङ्गाबहादुर श्रेष्ठ र माता सन्तमायाका सुपुत्र रामबहादुर श्रेष्ठ सानैदेखि शान्त स्वभावका थिए ।[२८] समाजका दुखी, गरिब, अनाथ, असहायप्रति सहयोगको भावना राख्ने श्रेष्ठ उदार प्रवृत्तिका व्यक्ति हुन् । आफूले गर्न लागेको काम इमान्दारीपूर्वक पूरा गरेर छाड्ने उनको स्वभाव देखिन्छ ।[२९] केही नगरी बस्न नसक्ने श्रेष्ठ फुर्सदको समय आफ्नै घरको करेसाबारीमा बिताउँछन् ।[३०] आफूभन्दा सानालाई माया र ठूलालाई आदर गर्ने श्रेष्ठ प्रगतिवादी विचारधाराका व्यक्ति हुन् ।

## २.६ रुचि

हरेक व्यक्तिका आ-आफ्नै किसिमका रुचि हुन्छन् । एक व्यक्तिको रुचि अर्को व्यक्तिसँग नमिल्न पनि सक्छ । विद्यार्थी जीवनदेखि नै साहित्यको क्षेत्रमा कलम चलाउन थालेका श्रेष्ठको रुचि भनेको समाजसेवा र साहित्यसिर्जना गर्नु नै प्रमुख रूपमा रहेको छ ।[३१] दर्जन भन्दा बढी गैरसाहित्यक संस्थामा र झण्डै आधा दर्जन साहित्यिक संस्थामा आबद्ध रहनुले यस कुराको पुष्टि गर्दछ । करेसाबारीमा फुर्सदको समय बिताउन रुचि राख्ने श्रेष्ठले निजामति कर्मचारी संघ तथा एमालेका नगर कमिटीका विविध पदमा रही कार्यरत रहेकाले उनी राजनीतिमा पनि रुचि राख्छन् भन्ने थाहा पाइन्छ ।[३२]

---

[२७] ऐजन ।
[२८] शोधनायक, पूर्ववत् ।
[२९] ऐजन ।
[३०] ऐजन ।
[३१] ऐजन ।
[३२] ऐजन ।

## २.७ संलग्नता

### २.७.१ प्रशासनिक संलग्नता

कक्षा आठमा अध्ययन गर्दाको समयदेखि सरकारी सेवामा प्रवेश गरेका श्रेष्ठको ३५ वर्षको समय न्याय सेवामा बितेको पाइन्छ ।[३३] प्रशासनिक सेवाको क्रममा म्याग्दी जिल्लाबाट सेवा सुरु गरेका श्रेष्ठले दश वर्ष म्याग्दी जिल्लामै काम गरे ।[३४] २०३२ सालदेखि सेवाका क्रममा जुम्ला, धनुषा, कपिलवस्तु, पोखरा, स्याङ्जा, सिन्धुली आदि ठाउँमा गई आफ्नो प्रशासनिक कर्तव्य कुशलतापूर्वक निर्वाह गरेका छन् ।[३५] सेवा गर्दै जाने क्रममा २०५८ साल असार महिनामा पाल्पा जिल्ला अदालतबाट स्वेच्छिक अवकाश लिई प्रशासन क्षेत्रबाट बिदा लिएका छन् ।[३६]

### २.७.२ राजनैतिक संलग्नता

रामबहादुर श्रेष्ठ एक कुशल प्रशासकका साथै कुशल राजनीतिज्ञका रूपमा पनि रहेका छन् । प्रशासनिक सेवामा रहँदा २०४७ सालमा निजामति कर्मचारी सङ्गठनको स्थापना गरेका श्रेष्ठले सुरुमा सल्लाहकार भई काम गरे भने त्यसपछि कार्यसमितिको सदस्य सचिव र सहसचिव पदमा रही काम गरेका छन् ।[३७] प्रशासनिक क्षेत्रबाट अवकाश लिएपछि भने उनले त्यस सङ्गठनबाट पनि बिदा दिए ।[३८] अवकाश प्राप्त गरेपछि पनि २०६० सालमा पहिलेदेखि नै आस्थावान रहेका कम्युनिष्ट (एमाले) पार्टीको सदस्यता लिएर २०६० सालमै पार्टीको वडा नं.७ का वडासचिव भए ।[३९] त्यसपछि नगर कमिटीको सदस्य हुँदै २०६६ सालदेखि नगर कमिटिको सचिव बनी आफ्नो राजनीतिक कुशलता प्रदर्शन गर्दै आएका छन् ।[४०]

### २.७.३ संस्थागत संलग्नता

मानव एक सामाजिक प्राणी भएकाले ऊ कुनै औपचारिक या अनौपचारिक संस्थासँग सम्बद्ध नभई रहन सक्दैन । रामबहादुर श्रेष्ठ आफ्नो अवकाशप्राप्त जीवनमा विभिन्न संघ संस्थाहरूसँग आवद्ध रहेका छन् । रामबहादुर श्रेष्ठको संस्थागत संलग्नतालाइ निम्नानुसार देखाउन सकिन्छ -

#### २.७.३.१ साहित्यिक संस्थाहरूमा आबद्धता

- सिद्धार्थ साहित्य परिषद्को कार्यसमिति सदस्य सहसचिव हुँदै हाल, सचिव ।

---

[३३] ऐजन ।
[३४] ऐजन ।
[३५] ऐजन ।
[३६] शोधनायक, पूर्ववत् ।
[३७] ऐजन ।
[३८] ऐजन ।
[३९] ऐजन ।
[४०] ऐजन ।

- सिर्जनशील साहित्यिक समाज, आजीवन, सदस्य
- जनमत प्रकाशक (साहित्यिक मासिक) बनेपा, आजीवन, सदस्य
- जनसाहित्यिक मञ्च, रूपन्देही, सदस्य
- प्रगतीशील लेखक संघ, रूपन्देही, सदस्य[४१]
- युवा साहित्य सदन पोखरा, संस्थापक

### २.७.३.२ गैरसाहित्यिक संघसंस्थाहरूमा आबद्धता

- नेपाल बुद्धिजीवी परिषद्, रूपन्देही, सदस्य
- हिमाली सामुदायिक सेवा समाज, सिद्धार्थनगर, सदस्य
- नेपाल चीन मैत्री समाज, लुम्बिनी, कार्य समिति सदस्य
- सामुदायिक मेलमिलाप केन्द्र, सिद्धार्थनगर, मेलमिलापकर्ता
- नेपाल आदिवासी जनजाति महासंघ, सिद्धार्थनगर, नगर समन्वय समिति परिषद्, सचिव
- नेपाल रेडक्रस सोसाइटी, रूपन्देही, आजीवन सदस्य
- नेपाल अर्बुद रोग निवारण संस्था रूपन्देही, आजीवन सदस्य
- नेवा खल : सिद्धार्थनगरको कार्यसमिति, सदस्य
- लोकतान्त्रिक नेवा संघ, रूपन्देही, सदस्य
- पूर्व कर्मचारी कल्याण समूह, रूपन्देहीको संस्थापक, सचिव हाल सो संस्थाको महासचिव
- श्री साथी बचत तथा ऋण सहकारी संस्था, सिद्धार्थनगरको संस्थापक अध्यक्ष, हाल सल्लाहकार
- अङ्कुर बचत तथा ऋण सहकारी संस्था, सिद्धार्थनगरको, अध्यक्ष
- जिल्ला बचत तथा ऋण सहकारी संघ, रूपन्देही लेखा समिति, सदस्य[४२]

## २.८ स्वास्थ्य

रामबहादुर श्रेष्ठ एक स्वस्थ व्यक्तिका रूपमा रहेका छन् । शारीरिक तथा मानसिक दुबै रूपमा स्वस्थ छन् । ६० वर्षको उमेरमा हिँडेका रामबहादुर श्रेष्ठलाई अहिलेसम्म कुनै औषधि सेवन गर्न नपरेको कुरा उनी बताउँछन् ।[४३]

---

[४१] ऐजन ।
[४२] शोधनायक, पूर्ववत् ।
[४३] ऐजन ।

## २.९ भ्रमण

मनव एक यायावर प्राणी भएकाले ऊ एकै ठाउँमा मात्र बस्न सक्दैन तथा जीवन निर्वाहको लागि पनि मानवले एक ठाउँदेखि अर्को ठाउँको भ्रमण गर्नेपर्छ । एक ठाउँदेखि अर्को ठाउँसम्मको गतिशीलता नहुने हो भने मानवले कुनै उन्नति गर्न सक्दैन । भ्रमणबाट मानवले ज्ञान प्राप्त गर्न सक्छ जुन चिरकालसम्म पनि स्थायी रहन्छ । त्यही ज्ञानार्जानद्वारा मानवले आफ्नो जीवनमा नयाँ कुराहरू लगू गर्न सक्छ ।

रामबहादुर श्रेष्ठ बाग्लुङमा जन्मिएका भए पनि जागिरका क्रममा उनी नेपालका म्याग्दी, जुम्ला, धनुषा, कपिलवस्तु, पोखरा स्याङजा, सिन्धुली, पाल्पा आदि ठाउँमा पुगेका छन् ।[४४] स्वेच्छिक भ्रमणका क्रममा नेपालका १९ जिल्ला र भारतको दक्षिणी भाग गोवा तथा पश्चिमी भाग जम्मु कश्मिर र धार्मिक क्षेत्र वैष्णोदेवीको मन्दिरसम्म पुगेको कुरा उनी बताउँछन् ।

## २.१० दिनचर्या

३५ वर्ष लामो समयसम्म प्रशासनिक सेवामा बिताएर सेवानिवृत भएका श्रेष्ठ अवकाशपछि समाजसेवा र साहित्य सिर्जनामा लागेका छन् ।[४६] दर्जनभन्दा बढी संघ संस्थाहरूमा आबद्ध रहेकाले ती संस्थाहरूका कार्यक्रममा नै श्रेष्ठको दिन बित्छ ।[४७] रातको समयमा आफ्नो साहित्य सिर्जना गर्ने धोकोलाई मूर्तरूप दिने कार्य हुन्छ ।[४८] साहित्यिक संस्थाहरूमा अरूका रचना सुन्ने र आफ्ना रचनाहरू सुनाउने, साहित्यिक गतिविधिमा भाग लिने तथा फुर्सदको समय घरको करेसाबारीमा बिताउने कार्य गरी श्रेष्ठका दिनहरू बितिरहेका छन् ।[४९]

## २.११ सुख दुःखका क्षणहरू

सुख र दुःखको समष्टि रूप नै जीवन हो । जीवनरूपी गाडीका दुई पाङ्ग्राको रूपमा सुख र दुःख रहेका हुन्छन् । मानवले कहिले सुखको वसन्तमा रमाएर जीवन बाच्नु पर्छ भने कहिले दुःखको शिशिरमा कठ्याङग्रिएर जीवन भोग्नुपर्छ । दुःखले सुखको महत्त्व बुझाउँछ र सुखप्राप्तिका निम्ति दुःख गर्नुपर्छ भन्ने कुरालाई पनि चिनाउँछ । 'दुःखमा नआत्तिनु र सुखमा नमात्तिनु' भन्ने नेपाली उखानले पनि मानव जीवनमा सुख र दुःख दुबै आउँछन् भन्ने कुरा हुन्छ ।

---

[४४] शोधनायक, पूर्ववत् ।
[४६] ऐजन ।
[४७] ऐजन ।
[४८] ऐजन ।
[४९] ऐजन ।

श्रेष्ठको जीवनमा पनि त्यस्ता सुख र दुःखका क्षणहरू थुप्रै आएका छन् । पहिलो पल्ट पुत्र लाभ हुँदा उनी अत्यन्त खुशी भएको कुरा बताउँछन् । त्यसैगरी सिर्जनाहरू पुरस्कृत हुने र सम्मान प्राप्त हुने अवसर पनि उनका खुसीका क्षणहरू हुन् ।[५०] २०२९ सालमा पिता गङ्गाबहादुर श्रेष्ठको र २०५५ सालमा माता सन्तमाया श्रेष्ठको स्वर्गारोहण हुँदाको क्षण उनको निम्ति अत्यन्त दुःखदायी बन्न पुगेको थियो । त्यसैगरी श्रेष्ठकी माहिली बुहारी अस्मिता श्रेष्ठ आफ्नी कान्छी छोरी खुश्बु श्रेष्ठलाइ जन्म दिनासाथ यो संसारबाट बिदा भएकी थिएन् त्यो पनि उनका निम्ति अत्यन्त दुःखद क्षण थियो भनी उनी बताउँछन् ।[५१]

## २.१२ सम्मान पुरस्कार

असल तथा सामाजिक हितका काम गरेमा मानिसले विभिन्न सम्मानहरूद्वारा पुरस्कृत हुने अवसर पाउँछ । जसले उसमा अझै त्यस्ता कार्य गर्ने जोश र जाँगर पैदा गर्छ । रामबहादुर श्रेष्ठले पनि साहित्यिक तथा गैरसाहित्यिक दुबै क्षेत्रबाट विविध पुरस्कारहरू प्राप्त गरेका छन् । प्रथम पटक म्याग्दी जिल्ला पञ्चायतको मुखपत्रमा रचना प्रकाशित गरेका श्रेष्ठले धवलागिरी साहित्यिक सम्मेलन २०२८ मा प्रथम पुरस्कार प्राप्त गरेका थिए ।[५२] त्यसै गरी लुम्बिनी साहित्य सम्मेलन २०६५ मा तृतीय पुरस्कार प्राप्त गरेको कुरा उनी बताउँछन् ।[५३] सम्मानका क्रममा २०६७ सालमा उनले सिर्जनशील स्रष्टा सम्मान, नेवा खल : सम्मान र श्री साथी सहकारी सम्मान पनि प्राप्त गरेको पाइन्छ ।[५४]

प्रशासनिक सेवामा रहँदा श्रेष्ठले निजामति प्रोत्साहित पुरस्कार प्राप्त गरेका छन् तथा सेवाकै क्रममा जानपद दीर्घसेवा पदक जानपद सेवा पदकबाट पनि विभूषित भएका छन् ।[५५]

## २.१३ अविस्मणीय क्षणहरू

मानव मस्तिस्कमा सारा संसार अटाएको हुन्छ । जीवनमा घटेका घटनाहरूले उसलाई प्रभावित पारिरहेका हुन्छन् । त्यस्ता घटनाहरू मध्ये केही मानवले तत्कालै विर्सन्छ भने कुनैले मस्तिस्कमा अमिट छाप पारेर जीवनपर्यन्त रहिरन्छन् । रामबहादुर श्रेष्ठ सरकारी सेवाको क्रममा सरुवा भई एक ठाउँबाट अर्को ठाउँमा गइरहनु पर्थ्यो यसै क्रममा एक पटक जुम्ला जाँदा नेपालगञ्जबाट पैदल यात्रा गरी जाने क्रममा बाटो बिर्सेर उनी चिसापनी भन्ने ठाउँमा पुगे ।

[५०] ऐजन ।
[५१] ऐजन ।
[५२] शोधनायक, पूर्ववत् ।
[५३] ऐजन ।
[५४] ऐजन ।
[५५] ऐजन ।

त्यहाँ रातमा हिँड्दै गर्दा स्थानीय वासीले उनीहरूको समूहलाई डाँकाको शंका गरेर बन्दुक चलाउन लागेका थिए तर भाग्यवश एकजना खेतमा पानी कुर्न बसेका कृषकको सहायताले उनीहरू बँच्न सफल भएका थिए । जुन कुरा कहिल्यै बिर्सन नसकिने भनी उनी बताउँछन् ।[५६]

## २.१४ धारणा मान्यता वा जीवनदृष्टि

अध्ययन प्रशासनिक साहित्य सिर्जना र समाजसेवामा सक्रिय रहेका रामबहादुर श्रेष्ठको जीवन सम्बन्धी आफ्नै प्रकारको धारणा रहेको छ । उनी मानव जीवनलाई एउटा सङघर्षका रूपमा लिँदै भन्छन् । मानवीय जीवन संघर्षपूर्ण छ तर त्यो संघर्षलाई मानवले जीवनयात्राका रूपमा रूपान्तरण गर्न सक्नु पर्दछ ।[५७]

राजनैतिक विचलन र विग्रदो राजनीतिक अवस्थाले दुःखी बनेका श्रेष्ठ प्रगतिवादी विचारधारा प्रकट गर्दै सबै मानवको जीवनस्तर समान भएमा मात्र देशले उन्नतिको बाटो समात्न सक्छ भनी समानतावादी धारणा प्रकट गर्छन् ।[५८]

साहित्य समाजको दर्पण हो । साहित्यले समाज परिवर्तन गर्न सक्नुपर्छ । समाज परिवर्तन गर्न नसक्दा साहित्य बेमतलबका बन्न पुग्दछन् । साहित्य, समाजमुखी हुनुपर्दछ, सामाजिक विकृति, विसङ्गति, कुसंस्कार जस्ता तत्त्वहरूको निर्क्यौल गरी तिनीहरूलाई निरुत्साहित गर्दै समाज सुधारको दिशातर्फ उन्मुख हुनुपर्छ ।[५९] "स्वतन्त्रता, मानवता, राष्ट्रप्रेमको अभिव्यक्ति दिने साहित्य रचना गर्नुपर्छ"[६०] भन्ने धारणा व्यक्त गर्छन् ।

विभिन्न संघ संस्थाहरूमा भएको अबद्धताका कारण साहित्य सिर्जनामा कम समय मात्र दिन सक्ने श्रेष्ठ साहित्यको विधामध्ये कवितालाई सशक्त विधा मान्दछन् । साहित्यलाई सिद्धान्तमा बाँध्नु हुँदैन भन्ने श्रेष्ठ गद्य भाषालाई नै आफ्नो माध्यम बनाउन रुचाउँछन् ।[६१]

जीवन दुःख सुखको सङ्गम हो ।[६२] मानव जीवनको उपभोग गर्नका निमित्त मानिसले विभिन्न प्रकारका संर्घषद्वारा अनुभवहरू बटुल्छ त्यसै गरी श्रेष्ठले पनि तिनै अनुभव र आफ्नो प्रशासकीय, साहित्यिक र राजनीतिक व्यक्तित्वको सेरोफेरोमा जीवनदृष्टि निर्माण गरेका छन् ।

---

[५६] ऐजन ।
[५७] शोधनायक, पूर्ववत् ।
[५८] ऐजन ।
[५९] ऐजन ।
[६०] ऐजन ।
[६१] ऐजन ।
[६२] ऐजन ।

## २.१५ लेखन

### २.१५.१ लेखनको प्रेरणा र लेखनारम्भ

रामबहादुर श्रेष्ठ आफूले अध्ययन गरेको वाग्लुङको विद्यामन्दिर हाई स्कुलमा कक्षा छमा अध्ययन गर्दाको समयमा त्यस विद्यालयमा प्रत्येक शुक्रबार आधा दिनको छुट्टीको समयमा हुने साहित्यिक कार्यक्रमबाट प्रेरणा पाएको बताउँछन् ।[६३] त्यसैगरी सम्पूर्ण यौवन न्यायसेवामा बिताएका श्रेष्ठले सेवाका क्रममा विभिन्न तीता मीठा अनुभवहरू सङ्गाल्ने मौका पाए । त्यसैगरी अविकसित शोषित र अन्धकारबाट गुज्रिरहेको नेपाली समाज नजिकैबाट नियाले र त्यसैको विद्रोहात्मक अभिव्यक्ति उनका कविताहरूमा पाइन्छ । समसामयिक समाज र मुलुकका बिग्रँदो राजनीतिक अवस्थाले पनि उनलाई लेखनका निम्ति घचघच्याएको पाइन्छ ।[६४]

२०१९ सालतिरबाट लेखनकार्य प्रारम्भ गरेका श्रेष्ठले २०२८ सालमा तत्कालीन जिल्ला पञ्चायत म्याग्दीको मुखपत्रको प्रथम अङ्कमा 'शिक्षा, संस्कृति र उद्योग' नामक कविता प्रकाशित गरेर नेपाली साहित्यमा विधिवत प्रवेश गरेका हुन् । उनका **पदचिह्न**, **सोपान**, **शब्दसिन्धु**, **जनमत**, **धारा**, **मुस्कान** जस्ता पत्रपत्रिकाहरूमा कविता प्रकाशित भएका छन् भने २०६३ सालमा पहिलो पुस्तकाकार कृति **जिन्दगीका प्रयासहरू** प्रकाशित छ ।[६५] युगकवि सिद्धिचरण श्रेष्ठका कृतिको अध्ययनबाट पनि उनको साहित्य सिर्जनामा प्रभाव परेको पाइन्छ । यसरी विभिन्न ठाउँ तथा अवस्थाबाट प्रेरणा प्राप्त गरेका श्रेष्ठलाई लेखनकार्यमा थप उर्जा प्रदान गर्नमा उनकी श्रीमती सूर्यमाया श्रेष्ठ र परिवारका अन्य सदस्यहरूको पनि ठूलो भूमिका रहेको पाइन्छ ।

### २.१५.२ प्रकाशित पुस्तकाकार कृतिहरू

रामबहादुर श्रेष्ठले मुख्यतया नेपाली साहित्यको कविता विधामा कलम चलाएको देखिन्छ । आत्मकथा समेत लेखेका श्रेष्ठका प्रकाशित कृतिहरू निम्नलिखित छन् ।

१. **जिन्दगीका प्रयासहरू** गद्य कवितासङ्ग्रह २०६३

२. **अस्ताउन लागेको सुस्ता** गद्य कवितासङ्ग्रह २०६६[६६]

### २.१५.३ अप्रकाशित कृतिहरू

मुक्तकसङ्ग्रह

आफ्नै कथा आफ्नै व्याथा (जीवनयात्रा)[६७]

---

[६३] ऐजन ।
[६४] शोधनायक, पूर्ववत् ।
[६५] ऐजन ।
[६६] ऐजन ।
[६७] शोधनायक, पूर्ववत् ।

## २.१६ निष्कर्ष

२००७ साल ज्येष्ठ १२ गते बाग्लुङ्गको कम्पुटोलमा जन्मेका रामबहादुर श्रेष्ठले आइ.ए.सम्मको अधययन गरी न्याय सेवामा ३५ वर्ष कार्यरत रहेर अवकाश प्राप्त गरेको देखिन्छ ।

हाल भैरहवाको विजयपथमा बसोवास गर्दै आएका श्रेष्ठले विद्यार्थी अवस्थादेखि नै साहित्य सिर्जना गर्ने गरे पनि २०२८ सालमा मात्र उनको कविता प्रकाशित भएको देखिन्छ । २०६३ सालमा **जिन्दगीका प्रयासहरू** कवितासङ्ग्रह प्रकाशित गरेका श्रेष्ठको अर्को कृति **अस्ताउन लागेको सुस्ता** (२०६६) हो । अवकाश प्राप्त जीवन आफ्ना परिवारको साथमा रही विभिन्न संघ संस्थाहरूमा आबद्ध रहेर साहित्य सिर्जना गर्दै श्रेष्ठ आफ्ना दिनचर्या व्यतीत गरिरहेका छन् ।

# परिच्छेद तीन

# रामबहादुर श्रेष्ठको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिमा अन्तर्निहित विशेषताहरूको समष्टिगत रूप नै व्यक्तिको व्यक्तित्वको परिचायक हुन्छ । निरन्तर सक्रिय व्यक्तिका व्यक्तित्वका आधारमा यसमा निहित विशेषतालाई उभ्याउन सकिन्छ । मान्छेको व्यक्तित्व उसका जीवनमा आइपर्ने विभिन्न आरोह, पीर-वेदना, हर्ष-खुसी तथा क्रिया-प्रतिक्रियाबाट निर्धारित भएको हुन्छ । साथै व्यक्तित्व निर्माणमा पारिवारिक सामाजिक सांस्कृतिक तथा वातावरणीय प्रभावले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । "कुनै व्यक्तिमा रहेको विशेष रूपले गुण क्षमता एवम् अरूलाई प्रभाव पार्ने विशेषतालाई व्यक्तित्व भनिन्छ ।"[1] व्यक्तिमा निहित गुणले वैयक्तिक व्यक्तित्व प्रस्तुत गर्दछ । भने सिर्जनशील एवम् सामाजिक कार्यका उच्चताले सार्वजनिक व्यक्तित्व प्रस्तुत गर्दछ । सामान्यतया व्यक्तित्व २ प्रकारका हुन्छन् । बाह्य र आन्तरिक, बाह्य व्यक्तित्व शारीरिक रूपरङ्ग बनोट आदिसँग सम्बन्धित हुन्छ भने आन्तरिक व्यक्तित्व उसमा अन्तर्निहित, गुण, स्वभाव र व्यवहारसँग सम्बन्धित हुन्छ ।

रामबहादुर श्रेष्ठको व्यक्तित्व पनि उपर्युक्त प्रक्रिया अनुसार नै निर्माण भएको  पाइन्छ । उनको व्यक्तित्व निर्माणमा विशेषत : पारिवारिक, सामाजिक, आर्थिक तथा शैक्षिक पक्षले महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

श्रेष्ठले नेपाली साहित्यको समुन्नतिका लागि आफ्नो क्षेत्रबाट अथक परिश्रम गरेका छन् । राष्ट्र र राष्ट्रियताका लागि प्रशासनिक, राजनैतिक, साहित्यिक क्षेत्रमा काम गरेका श्रेष्ठले सेवाको समय होस् या भ्रमण समयमा होस् अथवा जीवनयात्राका सन्दर्भमा विभिन्न, ठाउँका सामाजिक आर्थिक, सांस्कृतिक, राजनैतिक, भौगोलिक, साहित्यिक वातावरणका अतिरिक्त छरछिमेक साथीभाई परिवार विद्वान्, इष्टमित्र, माता पिता आदिबाट प्रभाव र प्रेरणा ग्रहण गरेका छन् । यी प्रभाव र प्रेरणबाट निर्मित रामबहादुर श्रेष्ठको व्यक्तित्वलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

## ३.२ शारीरिक व्यक्तित्व

[1] बालकृष्ण पोखरेल (नि.) **नेपाली बृहत् शब्दकोश** (काठमाडौं : ने.प्र.प्र.२०६०), पृ. ११७५ ।


रामबहादुर श्रेष्ठको बाह्य व्यक्तित्वलाई नियाल्दा उनको शारीरिक बनोट रूपरङ्ग आदिले प्राथमिकता पाउने देखिन्छ । ५ फिट ३ इन्च उचाइ, ठिक्कको शरीर गहुँगोरो वर्णका श्रेष्ठ उमेरको हिसाबले ६० को दशकमा हिँडेका भए पनि शिरको कालो केशले अझै कम उमेरका देखिन्छन् । गम्भीर र हँसिलो मुखाकृति, सानो स्वरमा बोल्ने श्रेष्ठको शारीरिक व्यक्तित्व सामान्य रहेको छ । ३५ वर्ष सरकारी सेवा गरे पश्चात् सेवानिवृत्त भएका श्रेष्ठ दिनभर विभिन्न सङ्घ संस्थाहरूमा व्यस्त रहन्छन् भने विहानको फुर्सदको समय आफ्नै घरको करेसाबारीमा बिताउँछन् ।[२] रामबहादुर श्रेष्ठ एकछिनको समय पनि खेर फाल्न चाहदैनन् । उनी आफ्ना परिवारका अन्य सदस्यलाई पनि काम गरिरहन भन्छन् ।

दैनिक खानपानमा सादा खाना रुचाउँने श्रेष्ठ तरकारीमा नुन हालेको वा नहालेको पनि थाहा नपाउने निकै सजिला मानिन्छन् ।[३] सामान्य रुघाखोकी, टाउको दुखाई, कहिलेकाँही भए पनि अहिलेसम्म कुनै औषधिको सेवन गर्न नपरेको हुनाले श्रेष्ठ स्वस्थ व्यक्तिमा गनिन्छन् ।[४] सामान्य किसिमका हलुका लुगा मन पराउने श्रेष्ठ घरमा बस्दा टि-सर्ट पाइन्ट तथा औपचारिक कार्यक्रमहरूमा कोट पाइन्ट, ढाकाटोपी लगाउने गर्छन् ।[५] आफूले लिएको जिम्मेवारी इमानदारीपूर्वक पूरा गरेरै छाड्नुपर्छ भन्ने श्रेष्ठको शारीरिक व्यक्तित्व सामान्य रहेको छ ।[६]

### ३.३ आन्तरिक व्यक्तित्व

कुनै पनि व्यक्तित्वभित्र अन्तनिर्हित प्रवृत्तिहरू नै उसका आन्तरिक व्यक्तित्वका परिचायक हुन् । व्यक्ति आफ्नो जीवन भोगाइको क्रममा विविध क्षेत्रसँग सम्बन्धित हुन्छ र तिनै सम्बन्धित क्षेत्रमा उसले खेलेको भूमिका र योगदानका आधारमा उसको आन्तरिक व्यक्तित्वको निर्माण हुँदै जान्छ त्यसैगरी रामबहादुर श्रेष्ठको आन्तरिक व्यक्तित्व पनि विशिष्ट प्रकारको देखिन्छ । मिहिनेती, राष्ट्रप्रेमी, चिन्तक सामाजिक कुरीतिका विद्रोही श्रेष्ठ एक कर्मशील व्यक्तिका रूपमा देखिन्छन् । विद्यालयीय अध्ययन नसकिँदै सरकारी सेवामा प्रवेश गरेका श्रेष्ठ ३५ वर्ष पश्चात् सेवानिवृत्त भए पनि समाजसेवा साहित्य सिर्जना आदि कार्यमा लागि समयको सदुपयोग गर्ने व्यक्तिका रूपमा चिनिन्छन् । श्रीमती सूर्यमाया श्रेष्ठसँग वैवाहिक सम्बन्धमा आबद्ध श्रेष्ठले ३ छोरा २ छोरी २ बुहारी र ५ नातिनातिनीको अभिभावकत्व कुशल ढङ्गले निर्वाह गर्दै आएका छन् । असल पति, जिम्मेवार पिता र स्नेही हजुरबुबाका रूपमा उनी आफ्ना दिनहरूलाई अगाडि बढाउँदै छन् । रामबहादुर श्रेष्ठको व्यक्तित्वलाई निम्नलिखित पाटाहरूमा विभाजन गरी हेर्न सकिन्छ ।

[२] ऐजन ।
[३] शोधनायककी श्रमती सूर्यमाया श्रेष्ठबाट प्राप्त जानकारी ।
[४] पूर्ववत् ।
[५] ऐजन ।
[६] ऐजन ।




### ३.३.१ साहित्यिक व्यक्तित्व

रामबहादुर श्रेष्ठले अध्ययनका क्रममा बाग्लुङको विद्यामन्दिर हाइ स्कुलबाट साहित्यिक लेखनको प्रारम्भ गरेका हुन् । श्रेष्ठको साहित्यिक व्यक्तित्व मूलतः कविता विधा र अंशत आत्मकथा जस्ता लेख रचनामा केन्द्रित छ । यिनको साहित्यिक व्यक्तित्वलाई निम्नानुसार विभाजन गरी हेर्न सकिन्छ ।

### ३.३.१ स्रष्टा व्यक्तित्व

रामबहादुर श्रेष्ठले विद्यार्थी अवस्थादेखि नै लेखन प्रारम्भ गरे पनि २०२८ सालमा जिल्ला पञ्चायत म्याग्दीको मुखपत्रमा उनको शिक्षा, संस्कृति र उद्योग नामक कविता प्रकाशित भएको पाइन्छ यो नै उनको प्रथम प्रकाशित कविता हो । यहीँबाट श्रेष्ठले औपचाारिक रूपमा नेपाली साहित्यमा प्रवेश गरेका हुन् । श्रेष्ठले साहित्य सिर्जना गर्न लागेको चार दशकभन्दा बढी समय व्यतीत भइसकेको छ । उनका लेख रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित हुँदै आएका छन् । श्रेष्ठको साहित्यिक व्यक्तित्व मूलतः कविता विधामा फस्टाएको देखिन्छ भने अंशत आत्मकथामा केन्द्रित रहेको देखिन्छ । कविता विधालाई नै निरन्तरता दिइरहेका श्रेष्ठले कविताको पद्य र गद्य रूपमध्ये गद्यलाई नै बढी प्राथमिकता दिएको पाइन्छ । यसरी २०२८ सालदेखिको उनको साहित्ययात्रालाई हेर्दा उनको स्रष्टा व्यक्तित्वलाई निम्नलिखित पाटाहरूमा विभाजन गरी हेर्न सकिन्छ ।

## २.३.१.२ कवि व्यक्तित्व

जिल्ला पञ्चायत म्याग्दीको मुखपत्रको प्रथम अङ्कमा २०२८ जिल्ला 'शिक्षा, संस्कृति र उद्योग' नामक कविता प्रकाशन गरेर साहित्यि यात्रामा प्रवेश गरेका श्रेष्ठका **जिन्दगीका प्रयासहरू** २०६३ र **अस्ताउन लागेको सुस्ता** (२०६६) गरी २ वटा कवितासङ्ग्रहहरू प्रकाशित छन् र अन्य विभिन्न पत्रपत्रिकाहरूमा पनि फुटकर रचनाहरू प्रकाशन भएका देखिन्छन् । संख्यात्मक रूपले श्रेष्ठका कविताहरू धेरै नदेखिए पनि समसामयिक युग बोध र राजनैतिक चेत, विकृति र विसङ्गतिप्रतिको तीब्र आक्रोश व्यक्त गर्न सफल भएका छन् । गद्यकवितात्मक मुक्तलयमा रचिएका श्रेष्ठका कविताहरू अभिधात्मक खालका र भाव गहनताका दृष्टिले सरल सहज र सम्प्रेष्य छन् जसले गर्दा उनका कविताले जनबोलीमा रचिएका कविताको उपाधि हासिल गरेका छन् ।[७] उनका प्रायः जसो कविताहरूमा अनुप्रास मिलाउने प्रयास गरिएको पाइन्छ । अभावग्रस्त जिन्दगीका असफल प्रयासहरूको चित्रण पाइने उनका कविताहरूमा निष्पक्षता, समानता, सामाजिक न्याय, इमानदारी, स्वावलम्बन्, देशभक्ति, नारीवादिता, राजनीतिक, सचेतता, प्रतिगमनको विरोध पाइन्छ । अग्रगामी चेतनाको विकासद्वारा सामाजिक रूपान्तरण द्वन्द्वको अन्त्य र शान्तिको स्थापना जस्ता विषयसन्दर्भहरूमा पनि श्रेष्ठको कलम केन्द्रित रहेको छ ।[८] सामाजिक यथार्थको झल्को पाइने श्रेष्ठका केही कविताहरूमा भने स्वच्छन्दतावादी चेत पनि प्रकट भएको पाइन्छ ।

कवि रामबहादुर श्रेष्ठका कृतिहरूको सर्सर्ती अध्ययन गर्दा उनले ५ अक्षरे हाइकुदेखि ५ पानासम्मका लघु एवम् वृहतकारका कविताको रचना गरेको पाइन्छ । ३५ वर्ष न्यायसेवामा विताएका श्रेष्ठले थोत्रो प्रशासनिक परिपाटी र राजनैतिक विचलन तथा सेवाका क्रममा देशका विभिन्न ठाउँमा स्थानान्तरण हुँदै पुग्नुपरेका कष्टलाई विषय बनाउँदै कविताको रचना गरेका छन् । उनका कवितामा सामाजिक यथार्थ, देशप्रेम, राष्ट्रवादी चिन्तन आर्थिक दुरावस्था, युद्धजन्य विभीषिका, द्वन्द्वग्रस्त जिन्दगी, सीमातिक्रमण, परिवर्तनको चाहना, नारीवादिता शोषणको विरोध हत्या, हिंसा, आतङ्क, युद्ध निरङ्कुशता र सामन्तवादको अन्त्यको चाहनालाई आफ्ना कवितामा व्यक्त गरेका छन् ।

श्रेष्ठले आफ्ना कविताका माध्यमबाट लोकतन्त्रका नाममा भएका अलोकतान्त्रिक प्रवृत्तिहरूको खबरदारी गरेका छन् । सहिदको बलिदानको मूल्य बुझ्न नसकेका नेताहरूप्रति घृणा व्यक्त गरेका छन् । वर्तमान राजनीति र समाज व्यवस्थाको प्रतिबिम्बको सग्लो स्वरूप

[७] शोधनायककी श्रीमती, सूर्यमाया श्रेष्ठ, पूर्ववत् ।
[८] ऐजन ।

उतार्ने दिशामा श्रेष्ठका कविताहरू लागेका छन् । यसरी रामबहादुर श्रेष्ठको कवि व्यक्तित्व यथार्थवादी, प्रगतिवादी भावधारामा समर्पित छ । सामाजिक यथार्थलाई सरल शब्द मार्फत् प्रकट गर्न सफल देखिनाले उनको कवि व्यक्तित्व आफ्नो क्षेत्रमा सफल रहेको देखिन्छ ।

### ३.३.१.३ आत्मकथाकार व्यक्तित्व

रामबहादुर श्रेष्ठको साहित्यिक व्यक्तित्व मूलतः कविता विधामा फस्टाएको छ भने केही मात्रामा आत्मकथातर्फ पनि डोरिएको छ । उनले आफ्नै कथा आफ्नै व्यथा नामक जीवनयात्रा पनि लेखेका छन्[९] तर त्यो प्रकाशित भने छैन ।

### ३.३.२ द्रष्टा व्यक्तित्व

साहित्यकार रामबहादुर श्रेष्ठको साहित्यिक यात्राको दोस्रो पाटाका रूपमा रहेको छ द्रष्टा व्यक्तित्व । यस अन्तर्गत उनको सम्पादक व्यक्तित्व पर्दछ ।

### ३.३.२.१ सम्पादक व्यक्तित्व

सरकारी सेवामा रहँदै २०३० सालमा रामबहादुर श्रेष्ठले विभिन्न साहित्यकारहरूका साहित्यिक रचना समेटेर **वेणी** नामक साहित्यिक पत्रिकाको सम्पादन गरेका थिए । उक्त साहित्यिक पत्रिकाको अङ्क ४ सम्म श्रेष्ठले सम्पादन गरे त्यसपछि उनको सरुवा भएकाले उनी सम्पादन गर्न असमर्थ भएको कुरा बताउँछन् ।

### ३.३.२.२ संस्थापक तथा प्रकाशक व्यक्तित्व

२०६६ सालमा पोखरामा युवा साहित्य सदनको स्थापना गरेका श्रेष्ठले त्यस साहित्य सदनको मुखपत्र मुस्कानको पनि प्रकाशन गरेका छन् भने **वेणी** पत्रिकाका प्रकाशक पनि श्रेष्ठ नै हुन् त्यसैले उनमा प्रकाशक व्यक्तित्व पनि रहेको छ ।

### ३.३.३ साहित्येतर व्यक्तित्व

जीवनका अनेक क्षेत्रसँग सम्बद्ध र क्रियाशील रहेका रामबहादुर श्रेष्ठको लेखन क्षेत्र बाहेक अन्य विविध व्यक्तित्व, उनका रुचि, पेसा, विभिन्न क्षेत्रहरूमा सहभागिता र उनको प्रतिभाका कारणले निर्माण भएको देखिन्छ । विभिन्न कार्यक्षेत्रहरूमा संलग्न तथा सक्रिय कार्यदक्षताले उनको व्यक्तित्व कार्यप्रतिको लगनशीलता, कर्तव्यको कुशल निर्वाह, विद्वता आदिले निर्माण भएको पाइन्छ । रामबहादुर श्रेष्ठको साहित्येतर व्यक्तित्वलाई निम्नलिखित पक्षहरूमा विभाजन गरी अध्ययन गरिएको छ -

---

[९] शोधनायककी श्रीमती, सूर्यमाया श्रेष्ठ, पूर्ववत् ।

### ३.३.३.१ प्रशासक व्यक्तित्व

रामबहादुर श्रेष्ठको मुख्य कार्यक्षेत्र प्रशासन हो । विद्यालयीय अध्ययन नसकिँदै न्यायसेवामा प्रवेश गरेका श्रेष्ठ ३५ वर्षको सेवापश्चात् शाखा अधिकृत पदबाट स्वेच्छिक ढङ्गले अवकाश लिई सेवानिवृत्त भएका हुन् । सेवाका क्रममा जुम्ला, धनुषा, म्याग्दी, पोखरा, स्याङ्जा, कपिलवस्तु, सिन्धुली, पाल्पा आदि गरी १९ जिल्लामा स्थानान्तरण हुँदै आफ्नो कार्यदक्षता प्रकट गर्ने मौका श्रेष्ठले पाएका छन् । कुशल कार्यदक्षताका कारण नै श्रेष्ठले सेवामा रहँदा निजामती कर्मचारी प्रोत्साहित पुरस्कार तीन पटकसम्म, जानपद, दीर्घसेवा पदक, जानपद सेवा पदक जस्ता पुरस्कारबाट पुरस्कृत हुने मौका पनि पाएका छन् ।

### ३.३.३.२ सामाजिक व्यक्तित्व

मानिस सामाजिक प्राणी भएकाले उसले मानवसँग एक आपसमा सहयोगको अपेक्षा रखेको हुन्छ भने चेतनशील प्राणी भएकाले सुखी र सुन्दर बन्नेतर्फ सदा उन्मुख पनि हुन्छ । यही सहयोग र सदभावको विकसित रूप नै हो समाजसेवा रामबहादुर श्रेष्ठले आफ्नो अवकाशप्राप्त जीवनको मुख्य कार्यका रूपमा साहित्य सिर्जना र समाज सेवालाई लिएका छन् । रामबहादुर श्रेष्ठ विभिन्न सङ्घ संस्थाहरूमा आबद्ध भएर सामाजिक कार्यमा लागेका छन् । जसलाई यसरी देखाउन सकिन्छ -

(क) नेपाल बुद्धिजीवी परिषद्, रूपन्देही -सदस्य

(ख) हिमाली  सामुदायिक सेवा समाज सिद्धार्थनगर -सदस्य

(ग) नेपाल चीन मैत्री समाज, लुम्बिनी, कार्यसमिति -सदस्य

(घ) सामुदायिक मेलमिलाप केन्द्र, सिद्धार्थनगर, -मेलमिलापकर्ता

(ङ) नेपाला आदिवासी जनजाति महासङ्घ, सिद्धार्थनगर समन्वय परिषद् -सचिव

(च) नेपला रेडक्रस सोसाइटी, रूपन्देही आजीवन -सदस्य

(छ) नेपाल अर्बुद रोग निवारण संस्था, रूपन्देही, आजीवन -सदस्य

(ज) नेवा खलः सिद्धार्थनगर, कार्यसमिति -सदस्य

(झ) लोकतान्त्रिक नेवा सङ्घ, रूपन्देही -सदस्य

(ञ)  पूर्व कर्मचारी कल्याण समूह, रूपन्देहीको संस्थापक सचिव हाल सो संस्थाको -महासचिव

(ट) श्री साथी बचत तथा ऋण सहकारी संस्था सिद्धार्थनगर संस्थापक अध्यक्ष हाल -सल्लाहकार

(ठ) अङ्कुर बच तथा ऋण सहकारी संस्था सिद्धार्थनगर -संस्थापक अध्यक्ष

(ड) जिल्ला बचत तथा ऋण सहकारी सङ्घ रूपन्देही लेखा समिति -सदस्य[१०]

(ढ) प्रश्रित प्रतिष्ठान नेपालको - आजिवन सदस्य

उपर्युक्त संलग्नता र सम्बद्धताका सिहाबले उनलाई एउटा सचेत सङ्घर्षशील अनि योग्य समाजसेवीका रूपमा लिन सकिन्छ । उनको समग्र व्यक्तित्वलाई समाजसेवी व्यक्तित्वले अझ समुन्नत तुल्याएको छ ।

### ३.३.३.३ राजनीतिक व्यक्तित्व

रामबहादुर श्रेष्ठ एक कुशल प्रशासकका साथै कुशल राजनीतिज्ञका रूपमा पनि रहेका छन् । प्रशासनिक सेवामा रहँदा २०४७ सालमा निजामति कर्मचारी संगठनको स्थापना गरेका श्रेष्ठले सुरुमा त्यस संगठनको सल्लाहकारको रूपमा काम गरे भने त्यसपछि कार्यसमितिको सदस्य, सहसचिव र सचिव पदमा रही संगठनलाई बल प्रदान गरे ।[११] २०५८ सालमा प्रशासनिक क्षेत्रबाट अवकाश लिएपछि भने उनले त्यस संगठनबाट पनि बिदा लिए ।[१२] श्रेष्ठ सानैदेखि नै कम्युनिष्ट पार्टीमा आस्था राख्थे तर अवकाश प्राप्त नहुन्जेल उनको आस्था आस्थामै सीमित थियो । सेवानिवृत्त भएपछि २०६० सालमा उनले कम्युनिष्ट (एमाले) पार्टीको सदस्यता लिए र २०६० सालमै पार्टीको वडा नं.७ का वडासचिव भए ।[१३] त्यसपछि नगर कमिटीको सदस्य हुँदै २०६६ सालदेखि नगर कमिटीको सचिव बनी आफ्नो राजनीतिक सक्रियता बढाउँदै आएका छन् ।[१४]

## ३.४ जीवनी, व्यक्तित्व र कृतित्वबीचको अन्तः सम्बन्ध

रामबहादुर श्रेष्ठले आफ्नो जीवनको यात्रामा अनेक क्षेत्रमा संलग्न भई महत्त्वपूर्ण कार्यहरू गर्दै आइरहेका छन् । तिनै महत्त्वपूर्ण कार्यहरूले गर्दा श्रेष्ठको जीवन एक सामान्य व्यक्तित्व भन्दा भिन्न व्यक्तित्वका रूपमा स्थापित हुन पुगेको पाइन्छ । उनले गरेका कार्यहरूबाट निर्मित उनको व्यक्तित्व र उनीद्वारा लिखित कृतिहरूका बीच परस्पर निकटता र सम्बन्ध देखिन्छ । पिता गङ्गाबहादुर श्रेष्ठ र माता सन्तमाया श्रेष्ठका ज्येष्ठ सुपुत्र रामबहादुर श्रेष्ठको पारिवारिक पृष्ठभूमि मध्यम वर्गीय भएकाले उनको बाल्यकाल सुखपूर्वक नै बितेको दखिन्छ ।

---

[१०] शोधनायकबाट प्राप्त जानकारी ।
[११] ऐजन ।
[१२] ऐजन ।
[१३] ऐजन ।
[१४] ऐजन ।

शिक्षा आर्जनका क्रममा परेको साहित्यिक प्रभाव, अध्ययन पूरा नहुँदै सरकारी सेवामा प्रवेश, सेवाका क्रममा स्थानान्तरणका नाममा सहनुपर्ने कष्ट, थोत्रो प्रशासनिक परिपाटी नातावाद र कृपावादले खोक्रो पारेको देश तथा विग्रेको राजनीतिक स्थिति आदिको प्रभाव उनको जीवनमा पर्न गयो । व्यक्तिले जे अनुभूत गर्छ त्यही नै लेख्छ भने अनुसार श्रेष्ठका कविता कृतिमा पनि तिनै कुराहरू देख्न सकिन्छ । श्रेष्ठका कृतिमा निष्ठावान राजनीतिको अभावले देशले पाइरहेको दुःख सीमा अतिक्रमण, सामाजिक रुढिवादी, अभावग्रस्त समाज, अल्पवेतनमा गुजार्नु पर्ने सामान्य कर्मचारीको जीवन, राष्ट्रप्रेम, भूगोल, राष्ट्रिय पहिचान र गौरवहरूको विशेषतालाई समेत पर्याप्त रूपमा समावेश मातृभूमि र यसलाई अन्तर्राष्ट्रिय रूपमा परिचित गराउने अवयवहरूप्रतिको साँचो श्रद्धा र सममानले मात्र इतिहासप्रति न्याय गर्न सक्ने मान्यता, सुन्दर, शान्त र समावेशी नेपाल निर्माणको आह्वान आदि कुराहरू विषयवस्तुका रूपमा आएका छन् ।

प्रशासनिक सेवालाई मूल कार्यक्षेत्र र अवकाशप्राप्त जीवनलाई समाजसेवा र साहित्य सिर्जनामा लगाएर श्रेष्ठ हाइकु, मुक्तक तथा कविताका रचनामा बढी केन्द्रित रहेका छन् । कविताका पद्य रूपमध्ये पूर्वीय र पाश्चात्य दुबै साहित्यले मान्यता दिएको गद्यलाई आत्मसात गरी कविता र आत्मकथाको रचना गरेका छन् । राजनीतिक, सामाजिक र प्रशासनिक जीवनले उनको व्यक्तित्व निर्माण र कृतित्व लेखनमा महत्त्वपूर्ण स्थान ओगटेको छ । त्यसैले उनका रचनाहरू यिनै क्षेत्रसँग सम्बद्ध देखिन्छन् ।

रामबहादुर श्रेष्ठको शारीरिक र मानसिक व्यक्तित्वले पनि उनको कृतिलेखनमा अन्तः सम्बन्ध कायम गरेको देखिन्छ । उनी अवकाश प्राप्त जीवनमा पनि विविध सङ्घ संस्थाहरूसँगको आबद्धताको कारण अपेक्षाकृत रूपमा उनका रचना न्यून देखिन्छन् । संख्यात्मक रूपमा श्रेष्ठका रचना कमभए पनि समाजबाट लिइएको विषय सरल भाषाशैली, समाजबाटै टिपिएका बिम्ब प्रतीकले उनका कविता बोधगम्य र हृदयस्पर्शी बन्न पुगेका छन् ।

यसरी हेर्दा रामबहादुर श्रेष्ठको समग्र जीवनीका मूलभूत पक्षहरू र तिनबाट बनेको उनको व्यक्तित्वको प्रभाव उनको कृतिलेखनमा परेको देखिन्छ । तिनमा पनि उनको न्याय क्षेत्रको अनुभव, हाम्रो समाज, विँग्रदो राजनैतिक परिस्थिति, आदिबाट विषयवस्तु ग्रहण गरी उनले साहित्यको सिर्जना गरेको देखिन्छ । आफ्नो समयको सदुपयोग गर्दै अत्यन्त परिश्रमका साथ कृति सिर्जना गर्ने श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वका बीच परस्पर एक अर्काको प्रभाव र प्रेरणा प्राप्त भई अन्योन्याश्रित सम्बन्ध स्थापित भएको पाइन्छ ।

## ३.५ निष्कर्ष

प्रशासनिक, राजनैतिक, सामाजिक क्षेत्रमा सम्बद्ध रामबहादुर श्रेष्ठ गद्य भाषालाई अङ्गीकार गरी नेपाली कविताको क्षेत्रलाई यथार्थवादी, प्रगतिवादी कविता सृजना गरी त्यसलाई फराकिलो बनाउने स्रष्टा श्रेष्ठको साहित्यिक व्यक्तित्व मूलतः कविता विधामा र आंशिक रूपमा आत्मकथामा समेटिएको देखिन्छ ।

रामबहादुर श्रेष्ठको विभिन्न सङ्घ संस्थाहरूमा भएको संलग्नताको कारण उनका सिर्जना कम देखिए पनि विभिन्न क्षेत्रमा सम्बद्ध भएर इमानदारीपूर्वक कार्य गर्दै आफ्नो व्यक्तित्वलाई माथि उठाउन सफल भएका छन् । फरक-फरक व्यक्तित्व र आफूले यापन गरेका सामाजिक जीवनका रचनात्मक पक्षहरूलाई विषयवस्तु बनाउनु र तिनलाई समयसापेक्ष प्रस्तुत गर्ने शैलीका कारण उनको व्यक्तित्व र कृतित्वका बीच निकटतम सम्बन्ध रहेको कुरा स्पष्ट हुन्छ ।

# परिच्छेद चार
# रामबहादुर श्रेष्ठको साहित्य यात्रा

### ४.१ रामबहादुर श्रेष्ठका साहित्य यात्राका चरण र प्रवृत्तिहरू

साहित्यकार रामबहादुर श्रेष्ठको २००७ देखि हालसम्मको समयावधिलाई हेर्दा उनको जीवन विभिन्न परिवेशमा हुर्कँदै आएको देखिन्छ । अध्ययनकै क्रममा सरकारी सेवामा प्रवेश गरेका श्रेष्ठले विवाह गरी गृहस्थ जीवनमा प्रवेश गरेपछि विभिन्न उकाली ओराली पार गर्दै आइरहेका छन् । आफ्ना जीवन भोगाइका कटु यथार्थ अनुभव र पीडालाई आत्मसात गरी 'साहित्य समाजको दर्पण हो' भन्ने धारणा राखेर उनी साहित्यतर्फ उन्मुख भएको देखिन्छ । जीवनका चाप प्रतिचाप, घात प्रतिघात, तीता, टर्रा अनुभूति आदिबाट उनको साहित्यिक प्रतिभाको जन्म भएको छ ।

साहित्य लेखनको इतिहासमा देखापरेका विभिन्न साहित्यिक कृतिहरूका प्रवृत्तिगत नवपरिवर्तन, कृतिहरूका परिणाम, गुणस्तर, धारागत प्रवृत्तिको विकास साहित्यिक रचना एवम् कृतिगत प्रकाशन र चिन्तन पक्षको परिवर्तन जस्ता आधारहरूलाई समेटेर श्रेष्ठ साहित्य यात्रालाई विभिन्न चरण, मोडमा विभाजन गर्न सकिन्छ । विद्यालयीय जीवनमै शुक्रबारको दिनमा आधा छुट्टीको समयमा हुने साहित्यिक कार्यक्रमबाट साहित्यमा रुचि लिँदै आएका श्रेष्ठ युगकवि सिद्धिचरण श्रेष्ठबाट प्रभावित देखिन्छन् । पछिल्ला समयमा श्रेष्ठ स्थानीय एक राष्ट्रिय स्तरका साहित्यिक व्यक्तित्वहरूबाट पनि प्रभावित रहेको देखिन्छ । ३५ वर्षसम्मको लामो समयावधि न्याय सेवामा विताएका श्रेष्ठ राजनैतिक परिवेश, थोत्रो प्रशासनिक परिपाटी, देशको बिग्रदो स्थिति आदिलाई विषयवस्तुका रूपमा लिँदै कविताको सिर्जना गरेको पाइन्छ । साहित्य लेखनमा अभिरुचि राख्ने श्रेष्ठ जीवनका विभिन्न परिस्थितिबाट अनुभवहरू सँगाल्दै साहित्य सिर्जनामा लागेको पाइन्छ ।

लेखन र प्रकाशनका आधारमा २०२८ सालमा जिल्ला पञ्चायत म्याग्दीको मुखपत्रको प्रथम अङ्कमा 'शिक्षा, संस्कृति र उद्योग' नामक कविता नै उनको पहिलो कविता हो । २०२८ मा प्रकाशित 'शिक्षा, संस्कृति र उद्योग' २ वटा पुस्तकाकार कृति तथा थुप्रै फुटकर रचनाहरू प्रकाशित भएका छन् । २०६३ सालमा प्रकाशित **जिन्दगीका प्रयासहरू** उनको पहिलो पुस्तकाकार कृति हो भने २०६६ सालमा प्रकाशित **अस्ताउन लागेको सुस्ता** दोस्रो कृति हो र जागिरे जीवन व्यस्तताका कारण साहित्य सिर्जनामा समय दिन नसक्ने कारणले गर्दा उनका कृतिहरू संख्यात्मक रूपले थोरै देखिए पनि गुणात्मकतामा भने उनका कृतिहरू सफल देखिन्छन्

प्रकाशनका दृष्टिले २०२८ सालदेखि आजसम्मको लगभग श्रेष्ठको ४ दशक लामो साहित्यिक यात्रालाई मूलतः तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

पहिलो चरण : २०२८-२०६२ सम्म

दोस्रो चरण : २०६३-२०६५

तेस्रो चरण : २०६६- हालसम्म

### ४.१.१ पहिलो चरण (२०२८-२०६२)

रामबहादुर श्रेष्ठको साहित्यिक यात्रा लेखनका दृष्टिले विद्यालयीय जीवनदेखि नै सुरु भएको पाइन्छ । विद्यामन्दिर हाइ स्कुलमा पढ्दादेखि नै कविता रचना गरी साहित्यक कार्यक्रममा वाचन गर्ने गरे पनि अप्राप्त भएका कारण २०२८ सालमा प्रकाशित 'शिक्षा, संस्कृति र उद्योग' नै उनको पहिलो कृति मानिन्छ र यहीबाट उनको साहित्यिक यात्रा आरम्भ भएको मानिन्छ । कविता विधाबाट आफ्नो साहित्ययात्रा आरम्भ गरेका श्रेष्ठ हाल पनि त्यही विधालाई फलाउन फुलाउनमा लागेका छन् । पहिलो चरणमा श्रेष्ठले कम मात्र रचना प्रकाशित गरेको देखिन्छ जसको कारण उनको व्यस्तता हो । श्रेष्ठको पहिलो चरणमा देखिएका कविताहरू हुन् ।

१. 'शिक्षा संस्कृति र उद्योग' (२०२८)

२. 'अझै वसन्त आयो रे' (२०३७)

३. 'तीन छोटा कविता' (प्रसारण रेडियो नेपाल २०४१)

पहिलो चरणका श्रेष्ठका यी कविता प्रायः लघुआयाममा सीमित भएका छन् । विषयवस्तुका आधारमा राजकीय प्रज्ञाप्रतिष्ठानको जन्मजयन्तीको लागि राजाबाट दिइने शीर्षक 'शिक्षा, संस्कृति र उद्योग'को सामाजिकदेखि दिएर राजनैतिक तथा प्रशासनिक विषयलाई समेटिएको पाइन्छ । विकृति-विसङ्गति तथा परिवर्तनको भ्रमको मोह देखाउने नेपाली नेतृत्वको चित्रण यस चरणमा कवि श्रेष्ठले गरेका छन् । यसरी श्रेष्ठको प्रथम चरणलाई कविता सिर्जनाको आभ्यासिक काल मान्न सकिन्छ ।

### ४.१.२ दोस्रो चरण वि.सं.२०६३-२०६५)

२०६३ सालदेखि २०६५ सालसम्मको समयावधिलाई श्रेष्ठको साहित्यिक यात्राको दोस्रो चरण मान्न सकिन्छ । साहित्य सिर्जनामा कविता क्षेत्रलाई नै निरन्तरता दिएका श्रेष्ठको २०६३ सालमा प्रकाशित **जिन्दगीका प्रयासहरू** नै दोस्रो चरणको विभाजक र प्राप्ति बनेर देखा परेको छ । यस चरणमा पनि उनको एक मात्र साहित्यिक कृतिको प्रकाशन भएको छ ।

कवि श्रेष्ठका यस समयमा फुटकर रचनाहरू **जनमत**, **पदचिह्न** जस्ता पत्रिकाहरूमा समेत प्रकाशित देखिन्छन् । पहिलो चरणका भन्दा स्तरीय कविताहरूको रचना भएका छन् । मूलतः सामाजिक राजनैतिक यथार्थलाई आत्मसात् गर्दै श्रेष्ठ राष्ट्रप्रेम, समाज तथा प्रशासनिक क्षेत्रको विग्रदो अवस्थालाई प्रकट गर्न सक्षम देखिन्छन् । रामबहादुर श्रेष्ठको दोस्रो चरणका कविता कृतिहरूमा यथार्थ र निष्पक्षता, समानता, सामाजिक न्याय, प्रगतिशीलता, नारीवादिता, राजनैतिक सचेतता प्रतिगमनको विरोध, अग्रगामी चेतनाको विकासद्वारा सामाजिक रूपान्तरण, द्वन्द्वको अन्त्य र शान्तिको स्थापना तथा आफ्नै जीवनका अतृप्त आकाङ्क्षा र असन्तुष्टिको भावना व्यक्त भएका छन् । कलात्मकता वैचारिक परिष्कार शिल्पचेतना तथा शब्दसौन्दर्यको कमी तथा व्याकरणिक त्रुटि भए पनि श्रेष्ठका यस चरणका कविताहरू सामाजिक यथार्थको उद्बोधन गर्न सफल देखिन्छन् ।

### ४.१.३ तेस्रो चरण (२०६६-हालसम्म)

रामबहादुर श्रेष्ठको साहित्यिक यात्राको तेस्रो चरण २०६४ देखि हालसम्मको समयावधिलाई मान्न सकिन्छ । कविता विधाबाटै आफ्नो साहित्यिक यात्राको सुरुवात गरेका श्रेष्ठको तेस्रो चरण अर्को कवितासङ्ग्रहबाट सुरु हुन्छ । यस चरणमा पनि श्रेष्ठको अर्को कवितासङ्ग्रह **अस्ताउन लागेको सुस्ता** (२०६६) देखा पर्दछ । यस चरणमा आइपुग्दा श्रेष्ठको कवितामा कलात्मकता, वैचारिक परिष्कार, भावनाको प्रबलता रहेको पाइन्छ । साहित्यिक यात्राको यस चरणमा श्रेष्ठले निष्ठाको राजनीतिको अभावले देशले पाइरहेको दुःख, श्रमशील र कर्मशील नागरिकहरूले अनाहकमा झेल्नु परेको दुःख, पीडा, विस्तारै, विस्तारै सीमा मिचिएर साँघुरिएको देशको अवस्थालाई नै कविताको विषयवस्तु बनाएका छन् ।[1] यस चरणमा श्रेष्ठका रचना गद्यात्मकताबाट पद्यात्मकतातर्फ उन्मुख हुने थालेका पनि देखिन्छन् । आफ्नै अनुभूति एवम् जीवन भोगाइलाई आफ्नो रचनामा प्रकट गर्ने श्रेष्ठका कविताका मुक्तक हाइकु जस्ता कविताका उपविधामा पनि फैलिएका देखिन्छन् । यस चरणमा रचिएका उनका रचनाहरूले यथार्थको धरातलमा बसेका समयका दस्तावेजको[2] उपाधि पनि पाएका छन् । आजसम्मको साहित्यिक परिश्रमले श्रेष्ठलाई विकृति विसङ्गतिको विरुद्ध खरो उत्रदैँ समाज सुधार स्वर प्रकट गर्नु उनका काव्यकृतिको मूल सन्देश हो । यस चरणमा श्रेष्ठका अन्य फुटकर रचनाहरू पनि प्रकाशित भएका देखिन्छन् ।

[1] रामसुन्दर देउजा, 'अस्ताउन लागेको सुस्ताको वेदना' **जनमत**, वर्ष २६, अङ्क ९, २०६७, असोज, पृ.५० ।
[2] छविरमण सिलवाल, 'राष्ट्रिय भावनाले ओतप्रोत कविताहरू', **जनप्रहार**, वर्ष १२, अङ्क ५, २०६८, जेठ ३, पृ.६ ।

रामबहादुर श्रेष्ठका प्रकाशित कृतिहरूको अध्ययनबाट उनका कृतिगत मूल प्रवृत्तिहरूलाई बुँदागत रूपमा यसरी केलाउन सकिन्छ ।

(१) यथास्थितिबाट उम्कन नसकेको नेपाली राजनीतिमा देखिएको विकृतिप्रति प्रहार गर्नु ।

(२) अभावग्रस्त जीवनको चित्रण गर्नु ।

(३) प्रकृति चित्रण

(४) कार्यालय सञ्चालनको थोत्रो प्रशासनिक परिपाटी प्रति व्यङ्ग्य प्रहार गर्नु,

(५) देशप्रेमको भावना प्रकट गर्नु,

(६) सामाजिक यथार्थको प्रस्तुति,

(७) नातावाद र कृपावादले जकडेको नेपाली समाजको चित्रण,

(८) सामाजिक कुरीति र कुसंस्कारको विरोध,

(९) अग्रगामी चेतनाको विकासद्वारा सामाजिक रूपान्तरण,

(१०) द्वन्द्वको अन्त्य र शान्ति स्थापनाको चाहना प्रकट गर्नु

(११) सामाजिक विकृति विसङ्गतिप्रति तीव्र व्यङ्ग्य

(१२) प्रगतिवादी स्वर मुखरित गर्नु

(१३) साहित्य परिवर्तनका निम्ति हुनुपर्छ भन्ने धारणा व्यक्त गर्नु

(१४) विश्वबन्धुत्वको भावना प्रकट गर्नु,

(१५) ग्रामीण र सहरिया दुवै परिवेशको चित्रण

(१६) शोषणरहित समाजको सिर्जनाको चाहना

(१७) युगीन जटिलताप्रति असहमति[३] जनाउनु

(१८) निराशा र उदासीनताको चित्रण

(१९) अखण्ड राष्ट्रको चाहना प्रकट गर्नु

(२०) क्रान्ति चेतना प्रकट गर्नु

(२१) पूर्ववर्ती स्रष्टाहरूको सम्मान

(२२) निरङ्कुशतन्त्र र सामन्तवादको विरोध

(२३) अन्याय अत्याचारप्रति रोष प्रकट गर्नु

(२४) इमान्दारी, निष्पक्षता, न्याय र समानताको

(२५) सीमातिक्रमणको विरोध

(२६) कमजोर र अवमूल्यन हुँदै गइरहेको राष्ट्रियताप्रति असहमति

(२७) बिम्ब र प्रतीकको प्रयोग

---

[३] डिल्लीराज भट्टराई, 'भूमिका', **अस्ताउन लागेको सुस्ता**, २०६६ ।

(२८) गद्यात्मक मूक्तलयमा कविताको रचना

(२९) विषयवस्तुगत विविधता

(३०) शिल्प भन्दा भाव पक्षमा जोड

### ४.२.१ साहित्य परिचय

साहित्य शब्द संस्कृत भाषाबाट नेपालीमा आएको शब्द हो । सहित शब्दमा यत् प्रत्यय लागेर साहित्य बन्दछ ।[४] साहित्य शब्दले सहभावलाई बुझाउँछ । साहित्यमा शब्द र अर्थको मिलन हुन्छ । भाव र विचारको सम्मिलन हुन्छ, कल्पना र भावनाको योग हुन्छ अनुभूति र अभिव्यक्तिको संयोग हुन्छ ।[५] साहित्यमा कला र विचारको समन्वय हुन्छ, जीवन र जगतमा प्राप्त विभिन्न अनुभूतिको अभिव्यक्ति हुन्छ । साहित्य समाजको ऐना  हो । यसमा सौन्दर्य चेतना पनि पाइन्छ । साहित्य आत्म प्रकाशनको एउटा सबल र सफल माध्यम हो । साहित्यमा आत्मप्रकाशनको विविध स्वरूप पाइन्छ । आत्मप्रकाशन मानवमात्रको जन्मजात प्रवृत्ति हो अनि यही आत्मप्रकाशन साहित्यको भावभूमि हो ।[६]

ललितकलाका विभिन्न शाखाहरूमध्ये साहित्य एक शाखा हो साहित्यमा कला विचार र अनुभूतिकै सम्प्रेषण हुनछ । पूर्वीय तथा पाश्चात्य साहित्यमा विभिन्न विधा उपविधाहरूको विकास भइरहेको छ । ललितकलाका विभिन्न भेदहरू मध्येको साहित्यका भेदलाई पनि निम्नानुसार वृक्षारेखमा देखाउन सकिन्छ ।[७]


---

[४] हिमांशु थापा, **साहित्य परिचय**, (चौ.सं.) (काठमाडौँ : साझा प्रकाशन, २०५०), पृ.२ ।

[५] ऐजन ।

[६] ऐजन, पृ.३१ ।

[७] राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण**, (काठमाडौँ : पाठ्यसामग्री पसल, २०२९), पृ.१७ ।




माथिको वृक्षारेखामा साहित्यका विभिन्न विधा, उपविधाहरूदेखि यी विधा उपविधाहरूको आफ्नै सैद्धान्तिक स्वरूप रहेको यी विधाहरूका सैद्धान्तिक तत्त्वहरूको एक अर्कामा निकट सम्बन्ध रहेको हुन्छ । एउटा विधा आफैमा मात्र पूर्ण भएको पाइँदैन । सूक्षमरूपमा भए पनि एक विधामा अर्को विधाको मिश्रण भएको  देखिन्छ । कुनै तत्त्वको न्यूनता र आधिक्यताले एक विधा अर्को विधाबाट स्वतन्त्र छ । आफ्नै स्वरूप संरचना वा बनोटले विभिन्न विधाले आ-आफ्नै पहिचान गराएका हुन्छन् ।

### ४.२.२ कविताको सामान्य चिनारी

मानवसभ्यताको विकास हुँदै जाने क्रम सामूहिक रूपमा मानवले बसोबास गर्न थालेदेखि ने साहित्यको सुरुवात भएको पाइन्छ । सामूहिक रूपमा बस्दा मानवले आफ्ना मनका अनुभूतिहरूलाई व्यक्त गर्न लयात्मक ढङ्गलाई अपनाउँदा पद्यको सिर्जना हुन पुग्छ । साहित्यको श्रव्यविधा अन्तर्गत पर्ने कविता नै साहित्यको सर्वप्राचीन विधाका रूपमा देखापर्छ । पूर्वीय साहित्यमा त काव्य (कविता)लाई साहित्यकै पर्यायवाची शब्दका रूपमा पनि लिइएको पाइन्छ ।[८] साहित्यको पयार्यवाची शब्दका रूपमा रहेको कविता तत्सम शब्द हो ।[९] कवि शब्दमा 'ता' प्रत्यय लागेर कविता शब्दको निर्माण हुन्छ जसले शाब्दिक रूपमा कविद्वारा रचित रचना वा कविको कर्म भन्ने अर्थ दिन्छ । पाश्चात्य साहित्यमा 'काव्य' शब्दलाई पोइट्री भनिन्छ । जुन पोइट्री शब्द पोइटबाट विकसित भएर बनेको हो ।[१०] विद्वान्हरूले आ-आफ्नै ढङ्गबाट कवितालाई परिभाषित गरेको पाइन्छ । जसमध्ये केही परिभाषाहरूलाई यहाँ प्रस्तुत गरिन्छ । "कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फूर्त भावनालाई छन्द वा लयमा उनिएको साहित्यिक कृति वा रचनालाई कविता भनिन्छ ।"[११]

"कविता वाङ्मयको रागात्मक वा सौन्दर्यात्मक शाखा हो यो भाषिक क्षेत्रको व्यवहारिक र बौद्धिक प्रयोजनभन्दा भिन्न सौन्दर्यात्मक प्रयोजन भएको भावप्रधान प्रयोगस्थल हो ।"[१२]

पूर्वीय साहित्यका आदि आचार्य भरतमुनिले कविता कोमल र सुन्दर पदविन्यासयुक्त गुढ शब्दार्थहीन, सुबोध, युक्तिपुर्ण नृत्यका लागि उपयुक्त रस निष्पत्तिको गुणले युक्त सन्धियुक्त हुनुपर्छ भनी चिनाएका छन् ।[१३]

---

[८] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, विद्यार्थी पुस्तक भण्डार २०६१, पृ.१ ।

[९] भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहाल, **नेपाली कविता र काव्य**, एम्. के पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स, २०६१, पृ.१ ।

[९] भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहाल, **नेपाली कविता र काव्य**, एम्. के पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स, २०६१, पृ.१ ।

[१०] वासुदेव त्रिपाठी र अन्य (सम्पादन), **नेपाली कविता** भाग ४, साझा प्रकाशन २०४६ काठमाडौं ।

[११] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली वृहत शब्दकोष**, (काठमाडौँ

[१२] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता भाग ४**, (चौ.सं.) (काठमाडौँ : साझा प्रकाशन, २०६०), पृ.१५ ।

[१३] ईश्वरीप्रसाद गैरे र कष्णप्रसाद आचार्य, **आधुनिक नेपाली नाटक र फुटकर कविता**, न्यू हिरा बुक्स इन्टरप्राइजेज, पृ.३३१ ।

पाश्चात्य साहित्यका आदि चिन्तक अरस्तुका अनुसार कविता भाषाका माध्यमबाट अभिव्यक्त हुने अनुकरणात्मक कला हो ।[१४]

बालकृष्ण समका अनुसार "कविता भावनाको बौद्धिक कोमलता हो । "[१५]

लक्ष्मीप्रसाद देवकोटाका अनुसार "भावनाले हार्दिक कोमलता नै कविता हो ।"[१६]

यसरी कविताका परिभाषाहरूमा मतमतातर भए पनि कविता भनेको भावनाको बौद्धिक हार्दिक कोमलता, कल्पना, अनुभूति जीवनको आलोचना मुग्ध पार्ने शब्दार्थ, पद्य लयको भाषिक संकथन, कविको अनुभूति स्फूर्त रूपमा प्रकट भएको साहित्यिक रचना हो ।

**४.२.३ कविताका तत्त्वहरू**

साहित्यका विधिन्न विधाहरू हुन्छन् । सबै विधाका आ-आफ्नै तत्त्वहरू हुन्छन् । त्यस्तै कविता विधाका पनि आफ्नै तत्त्वहरू छन् । पूर्वीय आचार्यहरूले काव्यका तत्त्वलाई रस शब्दार्थ, सौन्दर्य, रीति, ध्वनि आदिका रूपमा हेरेका छन् ।[१७] कवितामा समावेश भएका कल्पना भाव, ध्वनि, रस र दर्शनजस्ता कुराहरू आन्तरिक तत्त्वभित्र पर्दछ भने रीति, गुण, अलङ्कार, एवम् औचित्य आदि कुराहरू कविताका बाह्य तत्त्वअन्तर्गत पर्दछन् । यी तत्त्वलाई शीर्षक, संरचना, लयविधान, भाषाशैली, कथनपद्धति, केन्द्रीय कथन अलङ्कारजस्ता पक्षहरमा छुट्याउन सकिन्छ । यी तत्त्वहरूरुले नै कविताका लघुरूपदेखि वृहतरूपसम्मलाई समेटेका हुन्छन् । यहाँ तिनै तत्त्वहरूको सङ्क्षिप्त चर्चा गरिएको छ ।

**४.२.३.१ शीर्षकीकरण**

कविताका विभिन्न तत्त्वहरूमध्ये शीर्षक महत्त्वपूर्ण तत्त्व हो । शीर्षकले कविताको सार वा चुरो पहिल्याउँछ । शीर्षक अभिधा, लक्षणा र व्यञ्जना विभिन्न किसिमका हुन्छन् । शीर्षक कविता कृतिको नामकरण मात्र नभई कृतिको सारभूत भाव विचारको सूचक सङ्केत वा उद्घाटक समेत हुनुपर्ने हो ।[१८] कविताको शीर्षकले अभिधात्मक वा प्रतीकात्मक दुवै वा कुनै एकलाई लिएको हुनुपर्छ ।

**४.२.३.२ संरचना**

---

[१४] ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य, पूर्ववत् ।
[१५] बालकृष्ण सम, 'मेरो, भन्नु नै', **आगो र पानी** (दो.सं.), काठमाडौँ : साझा प्रकाशन, २०५९ ।
[१६] पूर्ववत, पृ.३३३ ।
[१७] टङ्कप्रसाद न्यौपाने, **साहित्यको रूपरेखा** (दो.सं.), (काठमाडौं : साझा प्रकाशन, २०३९), पृ.४५ ।
[१८] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), पूर्ववत, पृ.१७ ।

संरचना भन्नाले कविताको बनोटको अवस्था हो । प्राचीनकालीन काव्य रचनामा रस, छन्द, अलङ्कार, सर्ग ढाँचालाई काव्यको संरचना मानिए पनि आधुनिक कवितामा सर्ग, अनुच्छेद, परिच्छेद, पाउ, हरफ आदिलाई संरचना तत्त्व मानिने गरिन्छ ।[१९] कवितामा आन्तरिक र वाह्य गरी २ संरचना हुन्छन् । यी मध्ये वाह्य संरचनामा हरफ, सर्ग वा पाउ पर्दछन् भने आन्तरिक संरचना अन्तर्गत कथनपद्धति, भावविधान, छन्द आदि पर्दछन् । त्यसैले यो कविताको महत्त्वपूर्ण र अनिवार्य तत्त्व हो । संरचना कविताको स्वतन्त्र एकाइ भएकाले स्वतन्त्र अस्तित्त्व भएको कविता पनि स्वतन्त्र छनोटबाट प्राप्त विषयवस्तुलाई कलात्मकताका माध्यमद्वारा उत्कृष्ट कविता रचना गर्न सकिन्छ ।

### ४.२.३.३ विषयवस्तु

कविताका विभिन्न तत्त्वअन्तर्गत विषयवस्तु पनि पर्दछ । विषयवस्तुको क्षेत्र विस्तृत र व्यापक हुन्छ । कवितामा मानवीय समाज, संस्कृति, युगकथा, इतिहास, दर्शन र ज्ञानविज्ञान आदिका साथै मानवमनको समस्त अनुभव व्यापारको कथन यसमा हुन सक्दछ ।[२०] कविले आफ्नो रुचि अनुसार स्वतन्त्र रूपमा आफूले देखे, भोगेका, खेपेका, दुःख, स्वभाव कुण्ठा, पीडा, आशा, निराशा, धर्म संस्कृति, दर्शन प्रकृति आदि कुनै पनि विषयवस्तुलाई कविताको कविताको विषयवस्तु बनाउन सक्छ । उसले यथार्थ वा काल्पनिक जुनसुकै विषयलाई पनि आत्मसात् गरी कविता सिर्जना गर्न सक्छ । स्वतन्त्र छनोटबाट प्राप्त विषयवस्तुलाई कलात्मकताका माध्यमद्वारा उत्कृष्ट कविता रचना गर्न सकिन्छ ।

### ४.२.३.४ लयविधान

एक वस्तु अर्को वस्तुमा चिन्न र छुट्याउन सकिने किसिमले मिलेको अवस्थालाई लय भनिन्छ ।[२१] साहित्यका अन्य विधाबाट फरक हुने यो तत्त्व कविताको महत्त्वपुर्ण तत्त्व हो । कविता अन्य विधाबाट फरक हुने कारण नै लय हो । लयले भाषिक उच्चारण अवस्थामा वर्णगत आरोह, अवरोह वा स्वरलाई सङ्गीत दिएर श्रुतिमोहक बनाउँछ । पद वा पदावली अन्तर्गतका सम्पन्न ध्वनि भएका स्वर व्यञ्जन वर्णहरूको आवृतिबाट निस्कने अनुप्रासले पनि लयको सिर्जना गर्दछ । यो कविताका हरफहरूमा आदि, मध्य र अन्त्यमध्ये कुनै एक ठाउँमा एकै पटक धेरै ठाउँमा पनि आउन सक्छ । अन्य विधाबाट कवितलाई छुट्याउने भएकाले यो कविताको महत्त्वपूर्ण तत्त्व हो ।

---

[१९] गणेशप्रसाद भट्टराई, **कुलचन्द्र कोइरालाः दृष्टिकोण एवम् विश्लेषण**, (कुलचन्द्र स्मृति प्रतिष्ठान, २०५०), पृ.६३ ।

[२०] पूर्ववत्, पृ. १७ -१८ ।

[२१] बालकृष्ण पोखरेल र अन्य (सम्पा.), **नेपाली वृहत् शब्दकोष**, (काठमाडौं : ने.रा.प्र.प्र., २०४०, पृ.१९६४ ।

### ४.२.३.५ भाषाशैली

भाव प्रकाशनका लागि गरिने अभिव्यक्ति कौशल नै भाषाशैली हो । यसले कवितलाई लयात्मक बनाउँदछ । यो सूक्ष्म सङ्क्षिप्त र कलात्मक हुन सक्नुपर्दछ । कवितामा स्तरीय भाषाको प्रयोग उचित मानिन्छ । जसले उत्कृष्ट भाव बहन गर्न सकोस् यस किसिमको भाषाशैली कविताको मूल तत्त्व हो । यो भाषाशैली पद्यात्मक गद्यात्मक दुबै हुने गर्दछ ।

### ४.२.३.६ भावविधान

विचारको अभिव्यक्ति साहित्यमा हुन्छ । पूर्वीय साहित्य भावको अस्तित्वलाई स्वीकारिएको पाइन्छ । मानव जीवनको यावत आरोह अवरोहलाई समेटेर कविताको निर्माण गरिन्छ । प्रत्येक विषयमा भावको अस्तित्त्व रहने हुनाले कवितामा पनि यो  रहन्छ । आख्यानीकृत जुन रूपमा जीवन जगत्को कथन गरिए पनि त्यसको चुरोस्वरूप केन्द्रीय कथ्य चाहिँ भाव नै हो ।[२२] भाव विधानका दृष्टिले कविताका लघु, लघुतम, वृहत र आर्ष महाकाव्यसम्म क्रमशः विस्तार हुँदै जान्छ । जसरी शरीरको केन्द्रीय भाग मुटु हुन्छ ठीक त्यसरी नै कविताको मुटुको रूपमा भावलाई लिन सकिन्छ । भावले नै भावमा रसानुभूति गराउने हुँदा कविताको एक महत्त्वपूर्ण अङ्गका रूपमा भाव विधानलाई लिन सकिन्छ । मानवीय जीवन जगत्का यावत् विषयवस्तुको दृढ गहन र कलात्मक भाव सिर्जना गर्न सक्नुमा नै कविताको उपयुक्त भावविधान रहेको मान्न सकिन्छ ।

### ४.२.३.७ कथनपद्धति

लेखकले मौन श्रोताप्रति सम्बोधन गर्दै लेखिएको आत्मकथन कविता हो र त्यही कविता कुन ढङ्गमा भनिएको छ भन्दा आउने जवाफ चाहि कथनपद्धति हो । कविले आख्यानीकृत वा नाटकीकृत जुन रूपमा जीवन र जगतको वर्णन गरे पनि त्यसको केन्द्रीय तत्त्व भाव हो । यो भाव कवितामा कहिले कवि प्रौढोक्ति र कहिले कवि निवद्ध वक्तृप्रौढोक्ति ढाँचामा र कहिले दुबै ढाँचाको दोहोरो कथनपद्धतिगत ढाँचामा प्रकट गर्दछन् । कथनपद्धतिलाई दृष्टिविन्दु पनि भन्न सकिन्छ । कवि प्रौढोक्तिलाई प्रथम पुरुष वा आन्तरिक दृष्टिविन्दु भनिन्छ भने कवि निबद्ध-वक्तृपौढोक्तिलाई तृतीय पुरुष वा वाह्य दृष्टिविन्दु पनि भनिन्छ ।

### ४.२.३.८ बिम्ब, प्रतीक र अलङ्कार

[२२] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली वृहत शब्दकोष**, (काठमाडौँ : ने.रा.प्र.प्र.,२०४०, पृ.१९६८ ।

सर्जकका मानसपटलमा रहेको मानसिक तस्वीरलाई समुर्तित बनाउने चित्रात्मक भाषा नै बिम्ब हो ।[२३] जीवन जगत्को व्यापक क्षेत्रबाट सङ्कलित गरिएका सामग्रीहरू नै बिम्ब हुन् । व्यापक अर्थमा भाषामा प्रयुक्त शब्द बिम्बात्मक हुन्छन् । बिम्बले कवितालाई सुन्दर बनाउनुका साथै अर्थलाई व्यञ्जनाधर्मी तुल्याउँछ । बिम्बले कवितामा साङ्गीतिक व्यतिरेक द्वन्द्व, व्यङ्ग्य, लक्ष्यार्थ तथा व्यङ्ग्यार्थ देखाउने काम गर्दछन् । बिम्ब कलात्मक र सौन्दर्यपूर्ण हुनाका साथै यसले कवितामा ओज थप्ने काम गर्दछ ।

कुनै चिजलाई प्रतिनिधित्व गर्ने सजिव तथा निर्जीव वस्तु नै प्रतीक हुन् । प्रतीक परम्पारगत वा व्यक्तिकल्पित हुन्छ । अभिधार्थ भन्दा भिन्न लक्ष्यार्थ अथवा व्यङ्ग्यपूर्ण भनाईलाई प्रतीकात्मक अर्थ भनिन्छ । प्रतीकले सामान्य र विशेष दुबै अर्थ बुझाइरहेको हुन्छ । प्रसङ्गअनुसार प्रतीकको अर्थ फरक-फरक तरिकाले व्यक्त हुन्छ । अमूर्त कुरालाई जनाउने मुर्त वस्तु नै प्रतीक हो । अलङ्कारलाई कविताको बाहिरी रूप मानिन्छ । कविता सरसता, रोचकता प्रदान गर्न यसको ठूलो भूमिका रहेको हुन्छ । शब्द-शब्दमा आउने समवृत वा विषयवृत्तबाट आद्य मध्य र अन्त्यानुप्रास एवम् यमक श्लेष, जस्ता शब्दालङ्कार कविले कवितामा जनुसुकै ठाउँमा प्रयोग गरेको हुन्छ । रूपक, उपमा, दृष्टान्त, उत्प्रेक्षा, अपह्नुति आदि जस्ता अर्थालङ्कारमा भने व्यञ्जनाको स्वरमा मात्र अर्थ ध्वनित हुने गर्दछ । अलङ्कार कथ्य विषयलाई कलात्मक र भाव संवेद्य गराउन कवितामा प्रयोग हुने भएकाले यसलाई पनि कविताको अनिवार्य तत्त्वका रूपमा स्वीकार गरिदै आएको  पाइन्छ ।

### ४.२.४ नेपाली कविताको विकासक्रम र आधुनिक कालको सापेक्षतामा कवि रामबहादुर श्रेष्ठ

नेपाली कविता परम्पराको पूर्वपीठिकाका रूपमा श्रुतिपरम्परा र लोकसाहित्यलाई नै आधार मान्नुपर्ने हुन्छ । श्रुतिपरम्पराका अज्ञात गीत गाथा कविताहरूमा नै हाम्रो वाङ्मयको आदि स्रोत रहेको पाइन्छ । नेपाली भाषाको यो काव्य अभिव्यक्ति जनश्रुति, शिलालेख, विभिन्न ताम्रपत्र, कनकपत्र ग्रन्थ आदि हुँदै विकसित भएर नेपाल एकीकरण पश्चात् लेख्यरूपमा विकसित भएको पाइन्छ । नेपाली साहित्योतिहासको खोजी गर्ने क्रममा प्राप्त आधिकारिक जेठो कविता सुवानन्ददासद्वारा रचित पृथ्वीनारायण (१८३०-३१) हो ।[२४] कविता यात्राको क्रममा देखिएका उतार चढावलाई दृष्टिगत गरी विभिन्न विद्वान् समीक्षकहरूले कवितायात्राको क्रमलाई विभिन्न दृष्टिकोणबाट विभाजन गरेका छन् । यसैक्रममा कसैले राजनैतिक घटनाक्रम र कसैले व्यक्तित्वलाई आधार बनाएर मूल्याङ्कन गरेको देखिन्छ । नेपाली कविता विधाको कालविभाजनमा

---

[२३] लक्षणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, (ललितपुरः साझा प्रकाशन, २०६०), पृ.१ ।

[२४] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, (ललितपुर : साझा प्रकाशन २०५६), पृ.२८-२९ ।

विद्वान् समीक्षकहरूबीच मत-मतान्तर भए पनि पाठ्यक्रमका आधारमा कविताको कालविभाजन यसरी गरिएको छ -

(१) प्राथमिक काल : १८२६ देखि १९४० सम्म

(२) माध्यमिक काल : १९४१ देखि १९७४ सम्म

(३) आधुनिक काल : १९७५ देखि हालसम्म

### ४.२.४.१ प्राथमिक काल (१८२६-१९४०)

सुवानन्द दासको पृथ्वीनाराण शीर्षकको कविताबाट प्रारम्भ भएर मोतीराम भट्टको उदय हुनुपूर्वको समयावधिलाई प्राथमिक काल भनिन्छ । यस काललाई पूर्वार्द्ध वीर काल ( १८२६-१८७२) र उत्तरार्द्ध भक्तिकाल (१९७३-१९४०) गरी दुई भागमा विभाजन गरिएको छ । पृथ्वीनाराण शाहको एकीकरण अभियान र राज्य विस्तारका अभियानद्वारा उत्प्रेरित वीर योद्धाहरूको साहस, शौर्य, बलिदान र त्यागको फलस्वरूप युगीन परिस्थिति अनुरूप कविताद्वारा वीरप्रशंसा स्तुतिगान गर्ने कविहरूलाई वीरधाराका कविका संज्ञा दिइएको छ । यस कालका प्रमुख कविहरूमा सुवानन्ददास, शक्तिवल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल, सुन्दरानन्द बाँडा, राधावल्लभ अर्ज्याल आदि हुन् ।

१८७३ देखि १९४० सम्मको अवधिलाई प्राथमिक कालको उत्तरार्द्धका रूपमा लिन सकिन्छ । १८७२ को नेपाल अङ्ग्रेज युद्ध, सुगौली सन्धिसँगै वीरधारा समाप्त हुन्छ र धेरै भु-भाग गुमाएर नेपालीहरूमा ठूलो आघात पर्दछ । फलत : ती पूर्ण चेतनामा नैराश्यको बादल पर्दछ । सुगौली सन्धि, कोतपर्व, भण्डारखाल पर्व जस्ता घटनालाई भोगेको देखेको नेपाली मानसिकतामा वीरताको जागरण सेलाउँदै विस्तारै भक्ति भावनाको स्थान लिन थाल्दछ । भक्ति धाराको उदय राजनैतिक कारणबाट नै भएको पाइन्छ । भक्तिकालमा सगुण धाराअन्तर्गत रामभक्ति र कृष्णभक्ति तथा निर्गुण धारा गरी तीन उपधाराहरू देखापर्दछन् । पौराणिक परम्परामा स्थापित कृष्णको सगुण रूपप्रतिको आस्था र भगवानप्रतिको भक्तिभावना प्रकट गरी कृष्णको असाधारण रूप एवम् चरित्रको वर्णन कृष्णभक्ति धाराका कविहरूले आफ्ना कविता मार्फत् गरेका छन् । कृष्णभक्तिधारामा इन्दिरस विद्यारण्य केशरी अर्याल, वसन्त शर्मा र यदुनाथ पोखऱ्याल आदि उल्लेख्य छन् । रामभक्ति धारामा रामको आदर्शमय जीवनगाथा पढेर वा लेखेर जीवन सार्थक बनाउने अभिप्रायले यस धाराको कविहरूले रामको पराक्रम शौर्य एवम् उदारतालाई आफ्ना रचनाको विषयवस्तु बनाएका छन् । रधुनाथ पोखऱ्याल र भानुभक्त आचार्य यस धाराका प्रमुख कविहरू हुन् । निर्गुण धारामा ईश्वरको निराकार स्वरूपलाई विषयवस्तुका रूपमा लिँदै कलम चलाउने प्रमुख कविहरूमा शशिधर, ज्ञानदिलदास आदि पर्दछन्

प्राथमिक काल कविता लेखनको प्रारम्भिक चरण भएकाले शासक स्तुति, वीरवन्दन, राष्ट्रभक्ति र देशप्रेमको भावना एवम् वीर रसको प्रबलता वीर धाराका कवितामा पाउन सकिन्छ । ईश्वरको साकार तथा निराकार रूपको चित्रण, भक्तिरस, दार्शनिकता तथा आध्यात्मिकता आदि विशेषताहरूमा भक्तिधाराका कविताहरूमा पाउन सकिन्छ । समग्रमा हेर्दा संस्कृत साहित्यलाई उपजीव्य मान्दै अनुवाद लेखन आत्मसात गरिएको र हिन्दी, अवधी, बज्र एवम् मैथिली भाषाको प्रयोग शास्त्रीय र लोकलयको प्रयोग विधागत शिल्प सचेतनताको कमी यस कालका कविताहरूमा पाइने वैशिष्ट्य हुन् ।

### ४.२.४.२ माध्यमिक काल (१९४१-१९७४)

नेपाली कविताको माध्यमिक काल मोतीराम भट्टको अभ्युदयसँगै प्रारम्भ हुन्छ । लगभग साढे तीन दशक लामो यस अवधिमा नेपाली राजनीतिमा ठूलो हेरफेर आएको देखिन्छ । राणाहरूको निरङ्कुशता र आकाङ्क्षा बिस्तारै सेलाउँदै जानाले शासकवर्गसँगै यस कालमा कविहरू उनीहरूको चाहना अनुरूप शृङ्गारिक कविताको सिर्जना गर्न पुग्छन् ।

नेपाली कविताको माध्यमिक कालको शृङ्गारिक धारालाई मोटामोटीमा पूर्वार्द्ध (१९४१-१९६१) र उत्तरार्द्ध (१९६२-१९७४) का रूपमा बाँड्न सकिन्छ । प्रकारान्तरले यसलाई पूर्वमाध्यमिक र उत्तर माध्यमिक कालका रूपमा पनि चिन्न सकिन्छ ।[२५] पूर्वार्द्धका कविहरूले शिष्ट एवम् मर्यादित तवरले शृङ्गारिक भावधारामा कविता रचना गर्नुका साथै यसलाई उत्कर्ष्मा पुऱ्याउने काम गरेको पाइन्छ भने उत्तरार्द्धमा अश्लील शृङ्गारिक भावधाराका कविताहरू देखा पर्दछन् । यस अवधिका केन्द्रीय प्रतिभाका रूपमा मोतीराम भट्टको नाम अगाडि आउँछ । उनले नेपाली साहित्यमा गजल विधाको सूत्रपात गर्दै उर्दू शैलीका सायरी पनि लेखेका छन् । यस चरणका प्रतिनिधि कविहरूमा मोतीराम भट्ट, गोपीनाथ लोहनी, लक्ष्मीदत्त पन्त, शम्भुप्रसाद ढुङ्गेल, तीर्थराज पाण्डे, पहलमानसिंह स्वाँर, चक्रपाणि चालिसे, कृष्णप्रसाद रेग्मी, आदि हुन् । यस कालमा शृङ्गारिक धारा मुख्य रूपमा रहन्छ भने गौण धाराका रूपमा भक्तिधारा नैतिक औपदेशिक धारा शासकस्तुति धारा, सामाजिक सांस्कृतिक धारा देखा पर्दछन् ।

### ४.२.४.३ आधुनिकताकाल (१९६४ देखि वर्तमानसम्म)

१९७४ मा सूक्तिसिन्धुको प्रकाशनसँग माध्यमिक कालको अन्त्य भई आधुनिक कालमा नेपाली कविता प्रवेश गरेको देखिन्छ । माध्यमिक कालको अन्त्य भई आधुनिक कालमा नेपाली

[२५] वासुदेव त्रिपाठी र अन्य, (सम्पा.), पूर्ववत्, पृ.१११ ।

कविता प्रवेश गरेको देखिन्छ । माध्यमिक काल र आधुनिक कालका मध्यमणिका रूपमा लेखनाथ पौड्यालले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । लेखनाथको अग्रणी भूमिकामा थालिएको परिष्कारवादी धारा आधुनिक नेपाली कविताको केन्द्रीय धारा रहेको छ ।[२६] शृङ्गारिक धाराको उत्कर्ष पश्चात् लेखनाथ पौड्याल, चक्रपाणि चालिसे, सोमनाथ सिग्देल आदि सर्जकहरूद्वारा व्याकरणसम्मत शिल्पपक्षमाथि सचेतता अपनाउँदै नयाँ काव्यशैली लिएर कविता लेखनको थालनीसँगै आधुनिककालको सूत्रपात भएको हो । आधुनिक नेपाली कविता विभिन्न धारा उपधाराको उतारचढावसँगै अद्यावधि निरन्तर रूपमा विकसित हुँदै आएको छ । विभिन्न साहित्यिक आन्दोलनहरूका साथै राजनैतिक घटना र विभिन्न पत्रपत्रिकाहरूको प्रकाशनले आधाुनिक नेपाली कवितालाई नव-नव आयाम र मोडमा उभिने अवसर प्रदान गरेको पाइन्छ । नेपाली कविताको आधुनिक कालमा निम्नानुसारका धाराहरू देखा परेका छन् -

(क) परिष्कारवादी धारा (१०७५-१९९०)

(ख) स्वच्छन्दतावादी धारा (१९९१-२०१६)

(ग) प्रयोगवादी धारा (२०१७-२०२९)

(घ) समसामयिक धारा (२०३० देखि हालसम्म)

### (क) परिष्कारवादी धारा (१९७५-१९९०)

शृङ्गारिक कविता लेखन परम्परामा व्यस्त भोगविलास, आमोद, प्रमोदमा रुमलिएको काव्यजगतमा नीतिवादी परिष्कृत कविहरूले नयाँ भावधारायुक्त शास्त्रीय शैलीमा परिष्कारवादी कविताको सिर्जना गर्न पुग्छन् । फलस्वरूप परिष्कारवादी धाराको उदय हुन पुग्दछ । शृङ्गारिक भावधाराबाट कवितामा प्रवेश गरेका लेखनाथ पौड्यालले १९६९ को संयुक्त कवितासङ्ग्रह लालित्य अन्तर्गत कवितापथको धोषणा गरेका हुन् ।[२७] यसरी नेपली कवितामा परिष्कारवादी धाराको प्रारम्भ लेखनाथ पौड्यालबाट भएको हो । १९७५ बाट शुभारम्भ भएको यो धारा देवकोटाको आगमनसम्म प्रमुख र त्यसपछि गौण रूपमा वर्तमानसम्म प्रवाहित रहेको छ ।

परिष्कारवादी धाराअन्तर्गत कविता रचना गर्ने प्रमुख कविहरूमा लेखनाथ पौड्याल, सोमनाथ सिग्देल, चक्रपाणि चालिसे, धरणीधर कोइराला, महानन्द सापकोटा, शास्त्रीय भावधारामा उल्लेख्य छन् । यी कविताहरूले विभिन्न शास्त्रीय भावधारामा कवितालाई परिष्कृत गर्दै लगेको पाइन्छ । बालकृष्ण समको आगमन भएपछि परिष्कारवादी कवितामा नवीन चेतनाको स्फुरण हुन गई ज्ञान र विज्ञानको द्वन्द्वलाई सन्तुलित रूप दिने कार्य भएको देखिन्छ । यस धाराका प्रतिनिधि कवि लेखनाथ पौड्यालका काव्यहरूमा आफ्नो संस्कृति एवम् मूल्यप्रति

[२६] ऐजन, पृ. ११४ ।
[२७] ऐजन, पृ. ११९ ।

आकर्षण र विज्ञानप्रति विकर्षण भाव अभिव्यक्त भएको पाइन्छ । "चोखो मीठो भाषाको प्रयोग छन्द एवम् अलङकारको सौन्दर्यपूण विन्यास तथा नैतिकता, आदर्श, सत्चरित्रता आदि विषयवस्तुको सम्यक पालना गरेर यिनले नेपाली काव्यक्षेत्रमा यस धाराको जगमजबुत पारेका छन् ।"[२८] सोमनाथ सिग्देलमा प्राच्य मूल्यप्रति मोह देखिन्छ भने धरणीधर कोइराला तथा महानन्द सापकोटामा जातीय गौरव, प्राचीनताप्रति आस्था एवम् नीतिपरकतामाथि निष्ठा भएर पनि आधुनिकताको आवश्यक तत्त्वको देखिन्छ ।

**(ख) स्वच्छन्दतावादी -प्रगतीवादी धारा (१९९१-२०१६)**

नेपाली कवितामा स्वच्छन्दतावादी धारा लक्ष्मीप्रसाद देवकोटाको उदयसँगै १९९१ मा प्रारम्भ भएको हो । देवकोटा र सिद्धिचरण श्रेष्ठका कविताबाट सुरुवात भएको यो धाराले परिष्कारवादी वस्तुपरक अभिव्यञ्जना प्रणालीको विरोधमा औधोगिक युगको पराकाष्ठा र सामन्ती युग तथा सहरी सभ्यताप्रति व्यङ्ग्य गर्दै प्राकृतिक एवम् ग्रमीण सभ्यताको पक्षमा वकालत गरेको देखिन्छ । यो धारा पाश्चात्य साहित्यमा प्रारम्भ भई अङ्ग्रेजी र हिन्दी साहित्यका माध्यमबाट नेपाली साहित्यमा प्रवेश गरेको हो ।

**शारदा** पत्रिकाको प्रकाशन (१९९१) सँगै प्रस्फुटित भएको यस धारामा विभिन्न राजनैतिक घटनाक्रम र २००४ सालमा **युगवाणी** पत्रिकाको प्रकाशनसँगै देवकोटामा राजनीतिक, क्रान्तिकारी र विद्रोही स्वर अभिव्यक्त हुन्छ । १९९१ बाट लक्ष्मीप्रसाद देवकोटाको नेतृत्वमा प्रवर्तन भएको यस धारालाई मलजल प्रदान गर्ने अन्य कविहरूमा सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, केदारमान व्यथित युद्धप्रसाद मिश्र, माधवप्रसाद घिमिरे, भूपि शेरचन, आदि हुन् । यस धाराको मुख्य समयमवधि २०१६ सम्म रहे पनि गौण रूपमा वर्तमानसम्म पनि निरन्तर चलिरहेको छ ।

नेपाली कवितामा स्वच्छन्दतावाद भावुकता, काल्पनिकता प्रकृतिप्रेम, मानवतावाद, स्थानीय तथा आञ्चलिक चित्रण सौन्दर्यमूलक भावना काव्यिक सुक्ष्मता आदि वैशिष्ट्यका साथ देखा परेको छ, ...... नेपालीका कतिपय स्वच्छन्दतावादी कविहरूले प्रकृतिको सौम्य पक्षका साथै उग्रपक्षको दिग्दर्शन पनि गरेको पाइन्छ । कतिपय कविहरूमा स्वच्छन्दतावादी, विद्रोही स्वभाव क्रान्तिकारितासम्म पुगेको पनि देखिन्छ, ......... परिष्कारवादी नियमका कठोर बन्धनलाई पन्छाएर देखापरेको स्वच्छन्दावादी अवधिमा नेपाली साहित्यको प्रचुर विकास भएको हुँदा यस समयावधिलाई नेपाली साहित्यको स्वर्णकाल स्वर्णयुग भनिन्छ ।"[२९]

---

[२८] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६१, पृ.२८० ।

[२९] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, पूर्ववत्, पृ.२९३ ।

स्वच्छन्दतावादी धाराअन्तर्गतको स्वच्छन्दतावादी-प्रगतिवाद एवम् सामाजिक यथार्थलाई वरण गर्दै अनि युगकवि सिद्धिचरण श्रेष्ठ तथा अन्य कविहरूबाट प्रेरणा एवम् प्रभाव ग्रहण गरी २०१९ सालदेखि नै साहित्यको क्षेत्रमा कलम चलाउन थालेका भए पनि २०२९ सालमा जिल्ला पञ्चायत म्याग्दीको मुखपत्रमा 'शिक्षा संस्कृति र उद्योग' नामक कविता रचना भए पछि मात्र कविका रूपमा रामबहादुर श्रेष्ठ देखा पर्दछन् । यसरी २०१९ सालदेखि कविता रचना र १०२९ सालदेखि प्रकाशन गर्न थालेका श्रेष्ठको कलम अद्यावधि चलिरहेको छ ।

२०१७ सालमा **रूपरेखा** पत्रिकाको प्रकाशनदेखि मोहन कोइरालाको नेतृत्वमा अघि बढेको प्रयोगवादी काव्यधाराका जटिलता दुरूहता, दुर्बोध्यता आदि जस्ता वैशिष्टयले गर्दा २०३० मा नयाँ-नयाँ सम्भावना लिएर विभिन्न साहित्यिक आन्दोलन तथा राजनैतिक घटनाक्रमसँगै नयाँ पुस्ताको उदय हुन्छ । फलस्वरूप प्रयोगवादी धाराको आकषर्ण हुन पुग्दछ र समसामयिक अवधारामा कविता प्रवेश गर्छ । २०४६ सालमा प्रजातन्त्रको पुनः स्थापना भएपछि साहित्यकारहरूले आफ्ना कुण्ठित अनुभवहरूलाई स्वतस्फूर्त रूपमा कवितामार्फत् प्रकटीकरण गर्न थालेको पाइन्छ । यस समयावधिमा तोया गुरूङ, विमल कोइराला, अशेष मल्ल, किशोर पहाडी, सरुभक्त श्रेष्ठ, वनमाली निराकार आदि प्रतिभाहरू देखिन्छन् ।

# परिच्छेद पाँच
# रामबहादुर श्रेष्ठको कृतित्वको अध्ययन

## ५.१ रामबहादुर श्रेष्ठको जिन्दगीका प्रयासहरू कवितासङ्ग्रहको अध्ययन

### ५.१.१ परिचय

आफ्नो सम्पूर्ण यौवन न्याय सेवामा विताएका रामबहादुर श्रेष्ठको २०६३ सालमा प्रकाशित **जिन्दगीका प्रयासहरू** पहिलो प्रकाशित कवितासङ्ग्रह हो । यो कृति गद्य कविताहरूको सङ्ग्रहका रूपमा देखा परेको छ । २०६३ सालमा प्रकाशित यस कृतिको विमोचन सिद्धार्थ साहित्य सङ्गमको हिरक जयन्तीको अवसरमा भएको थियो ।[१] यसमा बालकृष्ण भट्टराईले भूमिका लेखिदिएका छन् । जसमा रामबहादुर श्रेष्ठ प्रगतिशील कवि हुन् र उनका कवितामा राजनीतिक सचेतता व्यक्त भएको पाइन्छ भनिएको छ ।[२] श्रेष्ठको यस कृतिलाई स्व.पिता गङ्गाबहादुर श्रेष्ठ (फट्न तथा स्व. माता सन्तमाया श्रेष्ठप्रति समर्पण गरिएको छ । यस कवितासङ्ग्रहको डिल्लीराज भट्टराईले २०६४ सालमा ज्ञानज्योति पुस्तकालय बुटवल १० को मुखपत्र ज्ञानज्योति स्मारिकामा समीक्षा गरेका छन् ।[३] गोपीरमण उपाध्यायले २०६३ सालमा **जनसङ्घर्ष दैनिक** पत्रिकामा यस कवितासङ्ग्रहको समीक्षा गरेका छन् ।[४] त्यसैगरी विजय सागरले २०६७ सालमा 'रामबहादुर श्रेष्ठको **जिन्दगीका प्रयासहरू** भित्र पस्दा' शीर्षकमा समीक्षा गरेका छन् ।[५] यो कवितासङ्ग्रह ३९ पृष्ठ मा विस्तारित छ र यस सङ्ग्रहमा २१ वटा फुटकर गद्य कविताहरू सङ्कलित छन् ।

श्रेष्ठको प्रस्तुत कवितासङ्ग्रहको पहिलो कविता 'अझै बसन्त आयो रे' २०३७ सालमा **मुस्कान** पत्रिकाको प्रवेशाङ्कमा पहिले नै प्रकाशित भइसकेको छ भने तीन छोटा कविता शीर्षकको कविता रेडियो नेपालबाट २०४१ साल फागुन २६ गते प्रसारित भएका छन् । त्यसैगरी 'ऊ सहर गा छैन' **जनमत** खण्ड १ मा २०६३ सालमा प्रकाशित भएको छ । आफू बाँचेको समाज नेपालको विग्रदो राजनीतिलाई विषयवस्तु बनाइएको यस कवितासङ्ग्रहका कविताहरूको शीर्षक पद, पदावली, वाक्यांश र वाक्यको रूपमा राखिएका छन् । यस कवितासङ्ग्रहका कविताका शीर्षकलाई तालिकामा यसरी देखाउन सकिन्छ -

---

[१] गोपीरमण उपाध्याय, ७५ औं सिद्धार्थ साहित्य संगम र 'जिन्दगीका प्रयासहरू' **जनसंघर्ष**, (राष्ट्रिय दैनिक), वर्ष १७, अङ्क २४६, २०६३

[२] बालकृष्ण भट्टराई २०६३ : भूमिका, **जिन्दगीका प्रयासहरू** ।

[३] डिल्लीराज भट्टराई, 'जिन्दगीका प्रयासहरू सङ्क्षिप्त विवेचना', **ज्ञानज्योति स्मारिका**, २०६४, पृ. ३३ ।

[४] गोपीरमण उपाध्याय, "७५ औं सिद्धार्थ साहित्यसंगम र जिन्दगीका प्रयासहरू', **जनसंघर्ष** (राष्ट्रिय दैनिक), वर्ष २०६३, अङ्क २४६, पृ.१७ ।

[५] विजय सागर, 'रामबहादुर श्रेष्ठको जिन्दगीका प्रयासहरू भित्र पस्दा' **नयाँ भावना**, वर्ष ४, अङ्क २६८, पृ.२, २०६७ भदौ १९ ।

तालिका नं.१

शीर्षकीकरण तालिका

| शब्द | शब्दावली | वाक्यांश | वाक्य |
|---|---|---|---|
| वनचरी | दुई मुक्तक, जीवन मृत्यु, तीन छोरा, कविता, स्वदेशको माया, जिन्दगीका प्रयासहरू, आफ्नै विरुद्धको युद्ध | जिन्दगी एक ठेला गाडी, हामी नाचे हुन्छ अरूको तालमा, नजल्न छोड्छन् अवसानका चिताहरू, अझै वसन्त आयो रे ! मेरा बेमतलवका कविताहरू, एउटा सुन्दर घर बनाउनै पर्छ मैले, तब लेख्छु कविता, चङ्गा उडाउने रहर, एउटा रहर कोटको | ऊ शहर गा छैन, खबरदार विधवा भन्न पाइँदैन, लाटोकोसेरो-लाई सूय मन पर्दैन गृष्म ऋृतुलाई आमन्त्रण गरौं, दिँउ कसरी शुभकामना नववर्षको |

सरल बोलचालको सुबोध्य भाषाशैलीको प्रयोग भएका श्रेष्ठका कविताहरू मुक्त लयमा रहेका छन् ।

### ५.१.२ 'अझै वसन्त आयो रे'

रामबहादुर श्रेष्ठद्वारा लिखित 'अझै वसन्त आयो रे' **जिन्दगीका प्रयासहरू** कवितासङ्ग्रहको पहिलो कविता हो । २०३७ सालमा मुस्कान पत्रिकाको प्रवेशाङ्कमा प्रकाशित यस कवितामा भ्रमको खेती गर्न खप्पिस तत्कालीन अधिनायकवादीका मतियारहरूप्रति घृणा व्यक्त भएको छ । यसमा सामाजिक राजनैतिक परिवर्तनका नाममा यथास्थितिलाई स्वीकार्दै आत्मरति गर्ने स्व-उन्नति गर्ने जनभावना अनुरूपको परिवर्तनलाई निश्चित लक्ष्यमा पुऱ्याउन नसक्ने नेतृत्व वर्गप्रति तिखो व्यङ्ग्य प्रहार गर्दै आफ्ना सन्तुष्टिहरूलाई कविले व्यक्त गरेका छन् । विसङ्गति बोधको चेतनामा आधारित यस कवितामा यथास्थिति मै गडिरहेको तर जनतालाई ठूला-ठूला सपनाहरू देखाईरहेको भन्दै राष्ट्रका अगुवाहरूलाई सचेत तुल्याउन खोजिएको छ ।

जनताले २०३६ सालको आन्दोलनमा गरेको बलिदान त्याग खेर गई शब्दको रूपमा मात्रै व्यवस्थामा आएको परिवर्तन देख्दा कवि भन्छन् -

पसिना त्यसै त्यसै खेर गएको सम्झदा
मुखभरि पानी भरिएर मात्र के गर्नु
खाली मुखका दाँतहरू त्यसै कटकटाएर नाङ्गो शरीर त्यसै कठ्याङ्ग्रिएर
अर्काको न्यानो लुगा देखेर के गर्ने ?

(**जिन्दगीका प्रयासहरू**, पृ.१-३)

गद्य लय र मुक्त छन्दको प्रयोग गरिएको यस कवितामा यावत् जीवात्मा, प्रचण्ड, मेघ, वेदना जस्ता तत्सम झोपडी, बन्धक, कठ्याङ्ग्रिएर, कान्ला जस्ता ठेट नेपाली शब्दहरूको प्रयोग गरिएको छ । १ अक्षरे 'र', 'नै' हो देखि ७८ अक्षरेसम्मका शब्दहरूले भरिएको यस कवितामा २१८ शब्द रहेका छन् भने ६३ हरफ रहेका छन् । कवितामा कुनै हरफमा अन्त्यानुप्रास मिलेका छन् भने कतै नमिले पनि अनुप्रास अलङ्कारले सबै पङ्क्तिहरू अलङ्कृत छन् । कविताको अन्तिम पङ्क्तिलाई लिएर यस कविताको शीर्षक रखिएको छ । प्रतीकात्मक ढङ्गको भए पनि शीर्षक कविताको भाव वहन गर्नका निम्ति सक्षम छ । सरल सरस भाषाशैलीको प्रयोगले कविता सुबोध्य छ भने तृतीय पुरुष दृष्टिविन्दु वा बाह्य कथनपद्धति यस कवितामा प्रयोग भएको छ । नेपाली समाजबाटै टिपिएका बिम्बहरूले गर्दा बिम्बात्मक भए पनि कविता सरल छ ।

### ५.१.३ 'हामी नाचे हुन्छ अरूको तालमा'

रामबहादुर श्रेष्ठद्वारा लिखित 'हामी नाचे हुन्छ अरूको तालमा' **जिन्दगीका प्रयासहरू** कवितासङ्ग्रहको दोस्रो कविता हो । यस कवितामा आफ्नोपन गुमाएर हामी को हौँ भन्ने स्थितिमा पुगेका नेपालीहरूको अर्काको मुख ताक्ने प्रवृत्तिप्रति कटु व्यङ्ग्य गरिएको छ । यसमा आफैमाथि आस्था र विश्वास नभएका हामी सधैं पराइको भरमा बाँची रहेका छौ भन्दै परमुखापेक्षी नेपाली प्रवृत्तिप्रति कटु व्यङ्ग्य गरिएको छ ।[६] कुशल नेतृत्वको अभावले गर्दा नेपाली जनता बाह्य शक्तिबाट सञ्चालित हुनुपरेको तर स्वतन्त्रताको मुखौटो लगाउनु पर्ने बाध्यतालाई कविले व्यक्त गर्न खोजेका छन् । २०३८ सालमा लिखित यस कवितामा भर्खर जनमतससङ्ग्रहमा बहुदलले जबर्जस्ती रूपमा हार्नु परेको परिस्थितिको प्रतिबिम्बका रूपमा राजनीतिक चेतनाको भाव झल्किएको छ ।[७] कहिले आफ्नै देशमा राजनेताहरूको इशारामा चल्न बाध्य नेपाली जनता कहिले बाह्य शक्तिबाट समेत कठपुतलीको नाच नाच्न बाध्य भएको पीडा यस कवितामार्फत्

[६] डिल्लीराज भट्टराई, "जिन्दगीका प्रयासहरू : सङ्क्षिप्त विवेचना", **ज्ञानज्योति स्मारिका** २०६४, पृ.३२-३३ ।
[७] गोपीरमण उपाध्याय, "७५ औं सिद्धार्थ साहित्य संगम र जिन्दगीका प्रयासहरू", **जनसंघर्ष** (राष्ट्रिय दैनिक) वर्ष १७ अङ्क २४५ ।

कविले प्रस्तुत गरेका  छन् । बुझ्ने पनि अबोध भएर सुने पनि बहिरो भएर देखे पनि अन्धो भएर गलत कुराको समेत प्रतिकार गर्न नपाउँदा नेपाली जनता रङ्गमञ्चका अभिनय कर्ता भएर अभिनय गर्नुपरेको कुरालाई कवि यसरी प्रस्तुत गर्छन् ।

लाटो र बहिरोको अभिनय गरेर
अरूले बजाएको तालमा
केवल बाँच्नको लागि
हामी नाचिदेऔँ
बिल्कुल अन्धो भएर ! अन्धो भएर ।

(**जिन्दगीका प्रयासहरू**, पृ.४-५)

गद्य लय र मुक्त छन्दको प्रयोग गरिएको यस कवितामा गितार पप जस्ता आगन्तुक, मादल, गाइने, सारङ्गी, भाका जस्ता ठेट नेपाली तथा निसङ्कोच, स्थल, सङ्गीत, अभिनय झङ्कार जस्ता तत्सम शब्दको प्रयोग गरिएको छ । १ अक्षरे 'छ', 'र' देखि ७ अक्षरे 'हारमोनियम'सम्मका शब्दहरू छन् । ३५ हरफ र १३३ शब्द रहेको यो कविता डेढ पृष्ठमा अन्त्यानुप्रास मिलेका छन् भने कुनै अन्त्यानुप्रास मिलेका नभए पनि अनुप्रास भने सबै हरफहरूमा भेट्न सकिन्छ । शीर्षकबाट नै कविताको भाव बुझिने हुनाले यस कविताको शीर्षक सार्थक छ । सरल भाषाशैलीको प्रयोगले सुबोध्य बन्न पुगेको यस कवितामा प्रथम पुरुष कथनपद्धति वा आन्तरिक दृष्टिविन्दु अँगालिएको छ ।

### ५.१.४ 'जीवन मृत्यु'

'जीवन मृत्यु' **जिन्दगीका प्रयासहरू** कवितासङ्ग्रहको तेस्रो कविता हो । आधा पृष्ठ मात्र रहेको यो एक लघु आकारको कविता हो । यस कवितामा कवि स्वयंको जीवन र मृत्युप्रतिको दृष्टिकोण प्रस्तुत भएको छ । कविले जीवन जसरी भोगे त्यही रूपमा नै यहाँ व्यक्त गरिएको छ । आफ्नो सम्पूर्ण यौवन न्याय सेवामा बिताएका भए पनि अभावले पिछा नछोडेको कुरालाई कविले सधैँ पराजित भएर फर्कनुपरेको खेलेको रूपमा कवितामा दर्शाएका छन् । विविध ढङ्गले अर्थ्याउन मिल्ने गरी रचिएको यो कवितलो मृत्यु पछि पुनर्जन्म हुन्छ भन्ने हिन्दु धार्मिक मान्यताको वकालत गरेको छ । जीवन र मृत्युलाई परिभाषित गर्ने क्रममा जन्म र मृत्यु प्रकृति पदत्त नियमित प्रक्रिया हुन् । जन्मदेखि मानवको जीवन प्रारम्भ हुन्छ । यसलाई सम्पूर्ण प्राणीको हितकारी कार्यमा लगाउन सके जीवन सुन्दर फूल र ईश्वरको वरदान सावित हुन्छ । तर कुनै असल कार्य गर्न नसके जीवन अभिशाप वा ठूलो भूल हुन पुग्छ भन्ने कुरालाई कवि यसरी प्रकट गर्छन् ।

जीवन
एक भूल रहेछ
एक फूल पनि

(**जिन्दगीका प्रयासहरू**, पृ.- ६)

गद्य लय र मुक्त छन्दको प्रयोग गरिएको यस कवितामा तत्सम, तद्भव शब्दका साथै मिल्काएर जस्ता ठेट नेपाली शब्दका पनि प्रयोग गरिएको छ । एक अक्षरे 'यो' देखि ५ अक्षरे 'मिल्काएर'सम्मका शब्दको प्रयोग भएको यो कविता ३५ शब्द र एक मात्र अनुच्छेदमा संरचित छ । १ पृष्ठमा समेटिएको यस कविताका पङ्क्तिमा कता कति मात्र अनुप्रास मिलेको पाइन्छ । शीर्षकबाट कविताको भाव बुझिने भएकाले शीर्षक अभिधार्थमा सार्थक छ ।सरल शब्दको प्रयोगले यो कविता सरल र सुबोध्य छ । मलाई जस्तो प्रथम पुरुषीय सर्वनामको प्रयोग भएकाले कवितामा प्रथम पुरुष वा आन्तरिक दृष्टिविन्दु रहेको छ ।

### ५.१.५ 'मेरा बेमतलबमा कविता'

'मेरा बेमतलबका कविता' **जिन्दगीका प्रयासहरू** कवितासङ्ग्रहको चौथो कविता हो । व्यञ्जनका हिसाबले अति उत्कृष्ट कविताको रूपमा रहेको यस कवितामा कविताले जीवनलाई सजाउन सकेन भने त्यो नै व्यर्थ हुन्छ भन्दै कविताको वास्तविक प्रयोजनका सम्बन्धमा प्रष्ट पार्न खोजिएको छ ।[८] आधारभूत आवश्यकताको भावमा बाँच्ने हाम्रो देशका गरिब जनतालाई साहित्यको कुनै मतलब नभएको कुरा देखाइएको छ । एक साहित्य स्रष्टाका पनि आफ्नै किसिमका समस्या तथा मर्महरू हुन्छन् तर ती मर्मलाई हाम्रो समाज र राष्ट्रले बुझ्न नसकेको कुरा पनि व्यक्त भएकाले यस कवितामा ध्वन्यात्मक अर्थ रहेको कुरा प्रष्ट हुन्छ । यस कवितामा भएका पङ्क्तिहरूले पैसामा अड्केको हाम्रो समाजमा गरिबहरू हेपिने र ती गरिब कृतिहरूलाई कति तुच्छ रूपमा लिइन्छ भन्ने भाव पनि व्यक्त गर्छन । भिन्दा भिन्दै तरिकाले अर्थ्याउन सकिने यस कवितामा साहित्य समाजको दर्पण मात्रै नभएर समाजका अभाव रुढीवादीलाई मिल्काएर परिवर्तन ल्याउन सक्ने किसिमको हुनुपर्छ । परिवर्तन ल्याउन नसक्ने साहित्य कुनै पुस्तकालयको सजावटको सामान हुन पुग्ने तर मानवीय आवश्यकताको परिपूर्ति गर्न नसक्ने किसिमका साहित्यलाई कसैले महत्त्व नदिने कुरा यी पङ्क्तिहरूले प्रष्ट पार्छन्-

मेरो कवितामा
बेरोजगार मित्रलाई
जीवन निर्वाहको लागि

---

[८] गोपीरमण उपाध्याय, पूर्ववत् ।

कुनै रोजगार दिने शक्ति छैन ।
यसैले
कसैले सुन्दैनन्
कसैले पढ्दैनन्
वास्ता गर्दैनन्

(**जिन्दगीका प्रयासहरू**, पृ.- ८)

स्रष्टाको मर्मलाई समाजले र समाजको मर्मलाई साहित्य स्रष्टाले बुझेर आत्मसात् गर्नुपर्छ भन्ने दोहोरो अर्थ यस कवितामा भेटिन्छ । गद्य लय र मुक्त छन्दको प्रयोग गरिएको यस कवितामा सर्वाङ्ग आख्यान अर्धनग्न, निमेष, निर्वाह जस्ता, तत्सम रोजगार, मतलब वास्ता, कपडा फुटपाथ जस्ता आगन्तुक, घोक्रो, त्यान्द्रो, लुरुलुरु, मितेरी जस्ता ठेट नेपाली शब्दको पनि प्रयोग गरिएको छ । एक अक्षरे 'म' देखि ७ अक्षरे 'कठ्याङ्ग्रिएर'सम्मका शब्दको प्रयोग गरिएको यस कवितामा १८४ शब्द र ४ अनुच्छेद रहेका छन् । कविताका कुनै पङ्क्ति अन्त्यानुप्रास विहीन पनि छन् । शीर्षकबाटै कविताको अर्थ बुझ्न सकिने भएकाले कविताको शीर्षक अभिधार्थमा सार्थक रहेको बुझ्न सकिन्छ । सरल र सुबोध्य शब्दहरूको प्रयोग भएको यस कविताको भाषा पनि सरल छ भने भावना प्रस्तुत गर्ने शैली पनि सरल छ । मेरा जस्तो प्रथम पुरुषीय सर्वनामको प्रयोग गरिएको यो कविता आत्मालापी कथन ढाँचा वा आन्तरिक दृष्टिविन्दुमा संरचित छ ।

### ५.१.६ 'तीन छोटा कविता'

'तीन छोटा कविता' **जिन्दगीका प्रयासहरू** कवितासङ्ग्रहको पाँचौं कविता हो । मुक्तक जस्ता छोटा छोटा तीन तृष्णा, महँगी र उत्तरदायी नामक छुट्टाछुट्टै कविता रहेको यो कविता २०४१ साल फागुन २६ गते रेडियो नेपालबाट प्रसारित भएको हो ।

यस कविता अन्तर्गतको पहिलो कविता 'तृष्णा'मा सम्पूर्ण प्राणीमा हुने विपरीत लिङ्गप्रतिको आकर्षण मानवजातिमा यौनावस्थामा अझ प्रगाढ रूपमा देखापर्छ भन्ने कुरालाई माया प्रीति र यौवनका कुकृतिको रूपमा देखाइएको छ जुन सृष्टिको नियम हो जसद्वारा सृष्टि सञ्चालित छ ।

यस कविता अन्तर्गतको दोस्रो कविता 'महँगीमा' अभावग्रस्त जिन्दगीका तीता अनुभव तथा स्वाभाविक यथार्थको प्रस्तुत छ । एक निम्नवर्गीय व्यक्तिको समस्यालाई यस कविताले ज्यूँका त्यूँ प्रस्तुत गरेको छ । बजारभाऊ दिनदिनै बढ्ने तर आयस्तर नबढ्ने अधिकांश नेपालीको दैनिक पीडालाई उजागर गर्न प्रस्तुत कविता सफल छ ।

'उत्तरदायी' यस कविता अन्तर्गतको तेस्रो तथा अन्तिम कविता हो । यस कवितामा कार्यालय शैलीको थोत्रो प्रशासनिक परिपाटी तथा आफूभन्दा तल्लो तहमा काम गर्नेप्रति हाकिमले गर्ने व्यवहारको शैलीको रूपमा प्रशासनलाई व्यङ्ग्य गरिएको छ । आफ्नो आधाभन्दा बढी जीवन प्रशासनिक क्षेत्रमा बिताएका श्रेष्ठले आफ्नै जागीरे जीवनको अनुभवलाई यस कविताको माध्यमबाट व्यक्त गरेका छन् ।

तीन छुट्टाछुट्टै कविताको सङ्गालो यस 'तीन छोटा कविता' गद्य लय र मुक्त छन्दमा रहेको छ । संस्कृतका अल्प, श्वास जस्ता शब्द प्रयोग भएको यस कवितामा प्यास, बजार जस्ता आगन्तुक तथा चौबाटो, अनायास, तिखाएको जस्ता ठेट नेपाली शब्दको पनि प्रयोग भएको छ । एक अक्षरे 'म' देखि ५ अक्षरेसम्मका शब्दहरूको प्रयोग गरिएको यस कवितामा ६८ शब्द रहेका छन् । कविताका कुनै पङ्क्तिहरू अन्त्यानुप्रास विहीन छन् । १ मूल शीर्षक र त्यसअन्तर्गत तीन तृष्णा, महँगी र उत्तरदायी नामक शीर्षक राखी तीन कविता प्रस्तुत गरिएकाले यस कविताको शीर्षक चयनमा नौलो प्रयोग भेटिन्छ । सरल र छोटा छोटा शब्दहरूको प्रयोग भएकाले कविता सुबोध्य छ । तीनवटै कविता कवितामा प्रथम पुरुषीय सर्वनाम 'म' र क्रिया (बनुँ) को प्रयोगले कविता कविनिवद्ध प्रौढोक्ति कथनढाँचामा संरचित छ ।

### ५.१.७ 'एउटा सुन्दर घर बनाउनै पर्छ मैले'

रामबहादुर श्रेष्ठद्वारा लिखित 'एउटा सुन्दर घर बनाउनै पर्छ मैले' **जिन्दगीका प्रयासहरू** गद्य कवितासङ्ग्रह अन्तर्गतको छैठौँ कविता हो । शान्तिको आह्वान गरेर लेखिएको यो कविता प्रतीकात्मक छ । यस कवितामा कविले निरन्तर सङ्घर्षरत जिन्दगीमा शान्तिको आवश्यकता महसुस गरेर घरलाई शान्तिको प्रतीक बनाएर हामी सबै नेपालीहरू मिलेर शान्तसँग रहन बस्न देशलाई एउटा सुन्दर घरको रूपमा बदल्नु पर्ने भावना व्यक्त गरेका छन् । २०४३ सालमा लेखिएको यो कवितामा तत्कालीन पञ्चायती शासनव्यवस्थामा भएका अशान्ति असमानताहरूलाई दृष्टिगत गरिएको भए पनि २०५२ सालदेखि चलेको माओवादी जनयुद्ध र त्यसले निम्त्याएको अशान्ति अव्यवस्थालाई पनि समेट्न सफल छ । सम्पूर्ण नेपाली भनेका दाजुभाई हौँ र नेपाल हामीहरूको साझा घर हो भनेर विचार व्यक्त गर्ने यस कविताले वैयक्तिक गृहनिर्माणको नभई देश निर्माणको सवाललाई अघि सारेको छ । मेरो शब्दले हामी र घर शब्दले देशलाई इङ्गित गरेको यस कवितामा विश्वबन्धुत्व र शान्तिको कामना गर्दै कवि भन्छन् :

घरको सुरक्षार्थ
घर आँगनमा

टोक्ने । भुक्ने
भोटे कुकुर होइन
घुर/घुर घुर्ने
जोडी परेवाको गुँड पनि राख्नै पर्छ
हो घरको कोठा बैंठकमा
एउटा विश्व मानचित्र पनि टाँग्नै पर्छ
अनि हो एउटा घर बनाउनै पर्छ ।

(**जिन्दगीका प्रयासहरू**, पृ.-१२)

सम्पूर्ण विश्वसँग हातेमालो गर्दै अघि बढ्ने, हत्या हिंसा आतङ्क आतङ्क र अत्याचार नभई शान्ति र सुव्यवस्था भएको देशको निर्माण गर्न यस कवितामार्फत कविले सम्पूर्ण नेपालीलाई आह्वान गरेका छन् ।

गद्य लय र मुक्त छन्दको प्रयोग गरिएको यो कविता प्रतीकात्मक कविता हो । यस कवितामा भोटे कुकुरलाई डर, त्रासको, परेवालाई शान्तिको, 'म' लाई 'हामी' वा सम्पूर्ण नेपालीको, घरलाई देशको, छिमेकीलाई विश्वको, आँधीवेरी र घामपानीलाई आतङ्कको प्रतीकका रूपमा प्रयोग गरिएको छ । कर्तव्य, अङ्कित गृह, ध्वजा मानचित्र जस्ता तत्सम, घर, दिन रात जस्ता तद्भव, ओत, विसाउन, धुरी गोरेटो जस्ता ठेट नेपाली, बैठक, झ्याल, सडक जस्ता आगन्तुक शब्दको प्रयोग यस कवितामा गरिएको छ । एक अक्षरे 'र', देखि छ अक्षरे 'विश्वमानचित्र'सम्मका शब्दको प्रयोग गरिएको यो कविता १८१ शब्द ४ अनुच्छेद र २ पृष्ठमा संरचित छ । कविताका पङ्क्तिहरूमा कतै अनुप्रास भेटिन्छ भने कतै भेटिन्न । घरलाई देशको प्रतीकको रूपमा दिइएको यो कविताको शीर्षक प्रतीकात्मक छ भने शीर्षकबाटै कविताको भाव बुझिने हुँदा शीर्षक सार्थक छ । प्रथम पुरुष दृष्टिविन्दुमा रचित यस कविताको भाषा सरल र सरस छ । जिन्दगीका प्रयासहरू कवितासङ्ग्रह अन्तर्गतको उत्कृष्ट कविता मध्ये यो पनि एक कविता हो ।

### ५.१.८ 'जिन्दगी : एक ठेला गाडी'

जिन्दगी : एक ठेला गाडी **जिन्दगीका प्रयासहरू** गद्य कवितासङ्ग्रह अन्तर्गतको सातौं कविता हो । अरूद्वारा सञ्चालित जिन्दगीलाई जडरूप ठेलागाडीसँग तुलना गरेर निम्न वेतनिक तल्लो तहको कर्मचारीको अभावग्रस्त जीवनको रूपमा यस कवितालाई दिन सकिन्छ भने अर्को अर्थमा बाह्य शक्ति वा ईश्वरीय शक्तिद्वारा सञ्चालित मानवीय जीवनलाई पनि यस कविताको

विषयवस्तुका रूपमा लिन सकिन्छ । आफ्नो जीवनकालको लामो समय प्रशासनिक सेवामा बिताएका कविले यस कवितामार्फत् आफ्नो जागिरे जीवनको व्यथा पोखेका छन् । सरुवाको नाममा सोझा इमान्दार कर्मचारीहरूमाथि हुने दमनको नमुना यो कविता हो । बाग्लुङको मान्छेलाई महोत्तरीमा सरुवा हुँदा परेको मर्का प्रस्तुत गर्दै कवि भन्छन् :[९]

जिन्दगी
बोझै बोझले थिचिएर
सडक सडकमा
जसले जहा गुडायो
उही गुड्नु पर्ने
एक ठेला गाडी

(**जिन्दगीका प्रयासहरू**, पृ.-१३)

गद्य लय र मुक्त छन्दमा रचित यस कवितामा संस्मरण, विस्मरण जस्ता तत्सम, सपना, जस्तो तद्भव र सक, बोझ, ठेला गाडी जस्ता आगन्तुक गरी ३८ शब्द रहेका छन् । एक अक्षरे हो, कि देखि चार अक्षरे संस्मरणसम्मका शब्दहरू रहेको यो कविता एक अनुच्छेदमा संरचित छ । एक पृष्ठको यो कविताको शीर्षकबाटै कविताको भाव बुझिने हुँदा अभिधार्थमा शीर्षक सार्थक छ । छोटा छोटा र सरल शब्दहरू प्रयुक्त यस कविताको भाषाशैली सरल र सहज छ जसले कविता सुबोध्य बन्न पुगेको छ ।

### ५.१.९ 'ऊ शहर गा छैन'

'ऊ' शहर गा छैन **जिन्दगीका प्रयासहरू** गद्य कवितासङ्ग्रह अन्तर्गतको आठौँ कविता हो । २०५० सालमा लेखिएको यो कविता यस कवितासङ्ग्रह अन्तर्गतको सबै भन्दा उत्कृष्ट कविता हो । त्यस कवितामा प्रतिबिम्बत परिस्थितिले ग्रामीण जीवनको वास्तविक वस्तुस्थितिको सजिव चित्रण गरेको छ । गाउँ र सहरमा सभ्यता र उपभोगका बीचमा कति ठूलो अन्तर छ भन्ने दर्शाइएको छ ।[१०] गाउँ र सहरको भिन्नता नै मुख्य विषयवस्तुको रूपमा रहेको यस कविताले धोखेबाज नेताहरूका वाग्जालमा अल्झिएका सोझा साझा ग्रामीण नेपालीका अवस्थाको सटीक चित्रण गरेको छ । जनप्रतिनिधिले जति फलाके पनि परिवर्तन भाषणमा मात्र सीमित रहेकाले ग्रामीण जनता कुवाको भ्यागुतो बन्न विवश भएको तीतो सत्य यस कवितामार्फत प्रकट

[९] विजय सागर, 'रामबहादुर श्रेष्ठको जिन्दगीका प्रयासहरू भित्र पस्दा', **नयाँ भावना**, वर्ष ४, अङ्क २६८, भदौ १९, २०६७ ।

[१०] गोपीरमण उपाध्याय, "७५औं सिद्धार्थ साहित्य संगम र जिन्दगीका प्रयासहरू" **जनसर्घष** (राष्ट्रिय दैनिक), वर्ष १७, अड्क २४६ ।

भएको छ । ग्रामीण नेपाली समाजको यथार्थ चित्रण यस कवितामा भएकोले कविता यथार्थवादी कविताको कोटिमा परेको छ । २०४६ सालपछि देशमा देखा परेको छक्का पञ्जाको राजनीतिमाथि यस कविताले व्यङ्ग्य गरेको छ । गाउँलाई सरलताको प्रतीक तथा सभ्यतासम्म नपुगी आधुनिक उकपरण तथा सुविधाबाट टाढा प्राकृतिक स्थलको रूपमा देखाउँदै सहरलाई छक्कापञ्जा तथा सभ्यताको नाममा बढीरहेका मानवीय विकृतिले भरिएको ठाउँका रूपमा यस कवितामा चित्रण गरिएको छ । ग्रामीण जनताको चित्रण गर्दै कवि भन्छन् :

ऊ निःस्वार्थमा बाचेको मान्छे
सतरञ्जको खेल थाहा छैन
किनकी
उसले धानले नुन साट्छ
चामलले मट्टितेल साट्छ
टुकीको धमिलो प्रकाशमा
रमाएर जीवन व्यतीत गरेर

बसेको मान्छे ऊ
बिजुलीको रोशनी कस्तो हुन्छ थाहा छैन
(**जिन्दगीका प्रयासहरू**, पृ.-१४-१५)

गद्य लय र मुक्त छन्दमा रचि यस कवितामा गा छैन, थाहा छैन को अन्त्यानुप्रासले कविता अत्यन्त लयात्मक बन्न पुगेको छ । कुवा, टुकी, देऊराली जस्ता ठेट नेपाली शब्दका साथै, धमिलो, हलो, काढा जस्ता तद्भव, निःस्वार्थ, व्यतीत, प्रकाश वर्णमाला, सतरञ्ज अक्षर, चित्र, निर्माण जस्ता तत्सम, मट्टितेल, नुन, भाषण, डाक्टर, दवाई, नागरिक, रोशनी, नोट, भोट जस्ता आगन्तुक गरी जम्मा १९७ शब्द यस कवितामा रहेका छन् । एक अक्षरे 'ऊ' र देखि चार अक्षरे वर्णमाला, निस्वार्थ सतरञ्जसम्मका शब्द रहेको यो कविता ६ अनुच्छेद र ३ पृष्ठमा संरचित छ । कविताको भाव शीर्षकबाटै व्यक्त हुने हुनाले शीर्षक अत्यन्त सार्थक छ । 'ऊ' शब्दको प्रयोग भएकाले तृतीय पुरुष कथनपद्धतिको प्रयोग गरिएको यो कविताको भाषाशैली सरल र सरस छ जसले कविता सामान्य पाठकका लागि पनि सुबोध्य बन्न गएको छ ।

### ५.१.१० 'स्वदेशको माया'

'स्वदेशको माया' **जिन्दगीका प्रयासहरू** गद्य कवितासङ्ग्रह अन्तर्गतको नवौँ कविता हो । २०५३ सालमा लेखिएको यो कविता राष्ट्रिय भावनाले ओतप्रोत छ । कविको देशप्रेमको भावना छतातुल्ल भएर पोखिएको यो कवितालाई स्वदेशको भक्तिगानको रूपमा पनि लिन सकिन्छ । राष्ट्रप्रेमको सग्लो स्वरूपदेखि यो कविता स्वच्छन्दतावादी शैलीमा रचिएको छ । तराईदेखि हिमाल र मेचीदेखि महाकालीसम्मका सम्पूर्ण नेपालीलाई स्वदेशको माया एक समान छ ज-जसका कर्म, जात, धर्म फरक भए पनि स्वदेशको माया भने एकै छ भन्ने भाव प्रस्तुत गर्न कविता सफल भएको छ ।

गद्य लय र मुक्त छन्दमा रचिएको भए पनि पङ्क्तिका बीचमा आउने या र अन्त्यमा आउने भित्र, चित्र, कर्म, धर्म, काया, माया, छाया, होस होस् राखेका-टासेका शब्दको अन्त्यानुप्रासले कविता लयात्मक बनेको छ । प्रभात, प्रातः क्षितिज, अङ्कमाल, श्वास, प्रफुल्लित, काया आदि जस्ता तत्सम शब्दको बाहुल्यता रहेको यस कवितामा घाट, धरती जस्ता तद्भव, पाटी, पौवा, लेक बेसी, अग्लो जस्ता ठेट नेपाली तथा कागज जस्त आगन्तुक शब्दको पनि प्रयोग गरिएको छ । एक अक्षरे या भैँ देखि ५ अक्षरे महासागरसम्मका शब्द रहेका छन् । तीन अनुच्छेदमा विभाजित यो कविता १ पृष्ठमा मात्र रहेको  छ । कविताभरी देशप्रेमी भावना व्यक्त भएको छ भन्ने कुरा प्रष्ट हुने हुनाले कविताको शीर्षक पनि सार्थक छ । छौँ, जस्तो प्रथम पुरुषबाची क्रियाको प्रयोगले कवितामा प्रथम पुरुष वा आन्तरिक दृष्टिबिन्दुमा संरचित छ भन्ने कुरा थाहा हुन्छ । तत्सम शब्दको बाहुल्यता बढी भए पनि स्वदेशकै भक्ति गान कविताले गरेकाले समष्टिगत भाव बुझ्न भने कुनै कठिनाई नभएकाले कविताको भाषाशैली सरल छ र कविता सुबोध्य छ ।

### ५.१.११ 'खबरदार विधवा भन्न पाइँदैन'

'खबरदार विधवा भन्न पाइँदैन' **जिन्दगीको प्रयासहरू** गद्य कवितासङ्ग्रह अन्तर्गतको दसौँ कविता हो । २०५६ सालमा लिखित यस कवितामा सामाजिक रुढी, अन्धविश्वास र विसङ्गतिका कारण नारीजातिले सहनु परेको कष्टलाई विषयका रूपमा लिएको छ । नारीजातिको गरिमाका बारेमा बोल्ने यो कविताले विधवा नारीहरूप्रति समाजले गर्ने अपहेलनाको ठाडो प्रतिकार गरेको छ । एकल महिलाको मान्यतालाई मान्यतालाई सघाऊ पुग्ने गरी रचिएको यो कविता नारीवादी कविता हो । विधवा महिलाले राम्रा लुगा लगाउन नहुने मीठो खाना खान नहुने, चाड पर्व विवाह व्रतबन्ध शुभ साइतमा आउन नहुने सामाजिक प्राणी भइकन पनि असामाजिक बन्नुपर्ने पतिको मृत्यु हुँदैमा आफ्ना मनका सारा इच्छा आकाङ्क्षा र चाहनालाई तिलाञ्जली दिई दुःखी एकल जीवन निर्वाह गर्नुपर्ने, हाम्रो सामाजिक कुसंस्कारका विरुद्धमा बोल्ने यो कविताले विधवा

नारीहरूको वकालत गरेको छ । श्रीमती मरेको लोग्ने मानिस पहिलाझैं आफ्नो जिन्दगी बाँच्न पाउने तर श्रीमान् मरेकी आइमाईले सम्पूर्ण कुरा त्याग्नुपर्ने सामाजिक विकृति विरुद्धमा यो कविता यसरी भन्छन् :

बाहिर निस्किएको अनुहार देखिँदा
शुभ साइत बिग्रियो भन्न पाइँदैन
मृत पतिको
मर्नुको अपराधमा
खबरदार बिधवाको पोसाक लगाउन
बाध्य गर्न पाइँदैन ।

(**जिन्दगीका प्रयासहरू**, पृ.१९)

गद्य लय र मुक्त छन्दमा रचिएको यस कवितामा प्रतीक आभुषण, विधवा, स्मृति, शुभ संस्कार, प्रतिबन्ध, वर्तमान, भविष्य, विशुद्ध, इच्छा, आकाङ्क्षा, शोभा जस्ता तत्सम चोली, नन्द, भाउजू, देउरानी, रहर, झपक्क, तिलहरी दाम्ला, साइत, किलो जस्ता ठेट नेपाली शब्दका पन्छी, बाध्ने जस्ता तद्भव शब्दको पनि प्रयोग भएको छ । एक अक्षरे हो, ऊ देखि ५ अक्षरे मङ्गलसूत्र सम्मका शब्दहरूको प्रयोग गरिएको यस कवितामा १७१ शब्द रहेका छन् । ४ अनुच्छेद र दुई पृष्ठमा संरचित यस कवितामा पर्छ पर्छ, लगाउन लगाउन, भन्छ-छ, हो-हो, पाइँदैन-पाइँदैन जस्ता शब्दले अन्त्यानुप्रास थपेको छ । 'खबरदार विधवा भन्न पाइँदैन' भन्ने शीर्षकले नै कविताको भाव बुझाउने हुँदा शीर्षक पनि सार्थक छ । विधवा महिलालाई इङ्गित गरी ऊ सर्वनामको प्रयोगले गर्दा कविता बाह्य दृष्टिविन्दुमा संरचित छ । कविताको भाषा सरल र शैली सरस छ । तत्सम शब्दको बहुल प्रयोगले कविताको भवना नखज्मज्याए पनि प्रत्येक शब्दका अर्थ बुझ्न भने सामान्य पाठकलाई कठिन पर्न सक्छ ।

### ५.१.१२ 'वनचरी'

'जिन्दगीका प्रयासहरू' गद्य कवितासङ्ग्रह अन्तर्गतको एघारौँ कविता हो । २०५७ सालमा लिखित यो प्रतीकात्मक कविता हो । वनचरीहरूलाई प्रतीक बनाएर कविले राजनैतिक नेताहरूमाथि व्यङ्ग्य प्रहार गरेका छन् । नेपाली राजनीतिमा बेला-बखत देखापर्ने नेताहरूको अदलबदल नीतिप्रति रोष प्रकट गरिएको यस कवितामा पैसाको मोहजालमा परेर आफ्ना विचारलाई तिलाञ्जलि दिने नेतालाई कविले सचेत गराएका छन् ।[११] यस कविता शक्ति सम्पन्नहरूद्वारा निरीहहरूमाथि हुने उत्पीडन र अत्याचारका विरूद्धमा परिलक्षित रहेको छ ।

[११] बालकृष्ण भट्टराई, 'भूमिका', **जिन्दगीका प्रयासहरू**, २०६३ ।

बारम्बारको राजनैतिक विचलन र अस्थीरताका कारण सोझा र इमान्दार व्यक्तिहरूले पनि राम्ररी काम गर्न पाइरहेका छैनन् भन्ने भाव व्यक्त गर्न मैनाचरी, लाटोकेसेरो, कोइली, ढुकुर, जुरेली जस्ता भक्षक पंक्षीहरूको प्रतीकात्मक ढङ्गमा उल्लेख गरिएको छ । गिद्ध, काग, लाटोकेसेरो जस्ता नेताहरूले मैना, ढुकुर जस्ता जनताहरूलाई र मातृभूमिलाई नै विक्री गरिरहेछन् भन्ने भाव यो कविताले यसरी व्यक्त गर्छ :

लाटोकोसेरो
दिनभर आँखा नदेख्ने बहानामा
घर घरको रछ्यानमा घुमिरहने काग
पिंजडामा रमाइँ
बसिरहने मैनाचरी र
गिद्धको लिप्त दृष्टिमा
क्षणिक जीवन निर्वाहको लागि
वनचरी
आफ्नो स्वाभिमान सस्तो मूल्यमा
विक्री गरिरहेछ ।

(**जिन्दगीका प्रयासहरू**, पृ.२१)

गद्य लय र मुक्त छन्दमा रचित यस वनचरी कवितामा निर्दयता, पिंजडा, भाषा, उच्चारण मातृभूमि मृत, प्राणी, शरीर, वनवृक्ष, जन्मस्थल, आह्वान, उच्च, लिप्त, दृष्टि, क्षणिक, जीवन, निर्वाह, मूल्य, स्वाभिमान जस्ता तत्सम, मसानघाट, नाम, मास, मीठो, पखेटा जस्ता तद्भव, रछ्यान, बहाना जस्ता आगन्तुक तथा भात, सिता, लुछाचुँडी जस्ता ठेट नेपाली शब्दहरूको पनि प्रयोग गरिएको छ । एक अक्षरे र देखि ५ अक्षरे परिकल्पना, मसानघाट, स्वाभिमानसम्मका शब्दको प्रयोग गरिएको यस कवितामा १६० शब्द र ५ अनुच्छेद रहेका छन् । २ पृष्ठमा संरचित यस कवितामा रहेछ-रहेछ, पियाउँछ-सिकाउँछ, धुरीमा-दुरीमा, बहानामा-परिकल्पनामा जस्ता शब्दले सामान्य अन्त्यानुप्रासको सिर्जना गरे पनि कविता लयात्मक भने छैन । वनचरीहरूको प्रतीक बनाएर नेताहरूलाई व्यङ्ग्य गरिएको यो कविताको शीर्षक प्रतीकात्मक छ । वनचरीहरूको नाम उल्लेख गर्दै कविता अघि बढेकाले तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग यस कवितामा गरिएको छ । तत्सम शब्दको बाहुल्यता रहे पनि कविता भाषा सरल र शैली सरस छ ।

### ५.१.१३ 'लाटोकोसेरोलाई सूर्य मन पर्दैन'

'लाटोकेसेरोलाई सूर्य मन पर्दैन', **जिन्दगीका प्रयासहरू** गद्य कवितासङ्ग्रह अन्तर्गतको बाह्रौं कविता हो । कवितासङ्ग्रह भित्रको दोस्रो उत्कृष्ट कवितामा पर्ने यो कविता प्रतीकात्मक कविता हो । २०५८ सालमा लिखित यसमा कविको सामन्तवाद विरोधी चेतना प्रखर रूपमा उजागर भएको छ ।[१२] प्रतिगामी चरित्रप्रति व्यङ्ग्य गर्दै तत्कालीन समाजका शीर्षस्थ नेतृत्वप्रति उपाहासात्मक व्यङ्ग्यप्रहार गरिएको यो कविता प्रगतिवादी कविताको कोटिमा पर्छ । समाजका नेताहरूलाई लाटोकेसेरोको संज्ञा दिएर सूर्य अर्थात उज्यालो, प्रगतीलाई नरुचाई लाटोकेसेरोको संज्ञा दिएर सूर्य अर्थात उज्यलो प्रगतिलाई नरुचाई कसैसँग नमिली एकलकाँटे भई एकल राज्य सञ्चालन गर्न चाहने नेताहरूलाई थप्पड लगाउने काम यो कविताले गरेको, केही थाहा नपाए झैँ गरी समाजका समस्याहरू देखेको नदेखे झैँ गर्ने अगुवाहरूलाई गर्ने अगुवाहरूलाई व्यङ्ग्य प्रहार गर्दै कवि भन्छन् :

आखिर ऊ लाटो भएर के गर्नु
सम्पूर्ण रातलाई उसले
आफ्नो अधीनमा लिएको छ
स्वतन्त्रतापूर्वक राज्य सञ्चालन गर्न पाएको छ ।
(**जिन्दगीका प्रयासहरू**, पृ.२३)

गद्य लय र मुक्त छन्दमा रचिएको यस कवितामा जीवनत सुर्यास्त, पश्चात, प्रकृतिप्रदत्त, अमूल्य, इन्द्रिय, विपरीत, नैसर्गिक, प्रत्यक्षत, मैत्रीपूर्ण सौहार्दपूर्ण, निद्रा, सञ्चालन विकल्प, अधीन, कार्य जस्ता तत्सम उज्यालो, नाक, रात जस्ता तद्भव झुमुक्क, मस्त, जस्ता अनुकरणात्मक नेपाली शब्दको प्रयोग गरिएको छ । १ अक्षरे देखि ७ अक्षरे स्वतन्त्रतापूर्वकसम्मका शब्दको प्रयोग गरिएको यस कवितामा १९७ शब्द र चार अनुच्छेद रहेका छन् । २ पृष्ठमा संरचित यस कवितामा पर्दैन, सक्दैन, निहुराएर, घोप्टाएर, दिँदैन, हुँदैन जस्ता पङ्क्तिका अन्त्यमा आएका शब्दले सामान्य अन्त्यानुप्रासको सिर्जना गरेका छन् । 'लाटोकेसेरोलाई सूर्य मन पर्दैन' भन्ने शीर्षकले नेताहरूलाई जनता र देशको प्रगति मन पर्दैन भन्ने भाव व्यक्त गर्ने हुनाले शीर्षक व्यञ्जनार्थमा सार्थक छ । तृतीय पुरुष कथन पद्धतिमा संरचित यस कविता भाषा सरल र शैली सरस छ ।

[१२] बालकृष्ण भट्टराई, पूर्ववत् ।

### ५.१.१४ 'आफ्नै विरुद्धको युद्ध'

'आफ्नै विरुद्धको युद्ध' **जिन्दगीका प्रयासहरू** गद्य कवितासङ्ग्रह अन्तर्गतको तेह्रौँ कविता हो । २०५९ सालमा लिखित यो कविताले देशमा तत्कालीन समयमा चलेको गृहयुद्धलाई इङ्गित गर्न खोजेको छ । देश भनेको घर हो र यहाँका जनता सबै दाजुभाई हुन् । एक नेपालीले अर्को नेपालीलाई मार्नु भनेका आफैलाई मार्नु हो, आफ्नै विनाश गर्नु हो । त्यसैले लडाँइ र झैँ झगडा सधैँका लागि त्याग्नुपर्छ अहिंसा र शान्तिका दूत जन्माउने राष्ट्रमा हिंस्रक रक्तकाण्ड मेटिनुपर्छ भन्ने भाव व्यक्त गर्न कविता भन्छ :

अरू अझै पार्नु पर्छ फराकिलो
अहिंसाका थलाहरू
अझै अरू आवश्यकता छ
त्यसैले
जन्मनु पर्छ यहाँ शान्तिप्रिय
अरू बुद्धहरू

(**जिन्दगीका प्रयासहरू**, पृ.२४)

गद्य लय र मुक्त छन्दमा रचिएको यस कवितामा द्वन्द्व खण्डहर, अवरुद्ध, विरुद्ध, सत्ता, लिप्सा, अहिंसा जस्ता तत्सम, लास जस्ता आगन्तुक, थलो फराकिलो, जस्ता ठेट नेपाली र थलो जस्ता तत्सम शब्दहरूको प्रयोग गरिएको छ । ५८ शब्द ३ अनुच्छेद र १ पृष्ठमा संरचित यो कवितामा १ अक्षरे 'कि' देखि ५ अक्षरे आवश्यकतासम्मका शब्दको प्रयोग गरिएको छ । अरूबाट -आफूबाट, बुद्धहरू -दुर्गन्धहरू, अवरुद्ध-विरुद्ध, जस्ता पङ्ति अन्त्यमा आउने शब्दहरूले कवितालाई गद्य भए पनि लयात्मक बनाएका छन् । कविताको शीर्षकले कविताको तृतीय पुरुष कथनपद्धतिमा संरचित यस कविताको भाषा सरल र शैली सरस छ । सुबोध्य कविताको कोटीमा पर्ने यो कविता सामान्य पाठकले पनि बुझ्न सक्छन् ।

### ५.१.१५ 'न जल्न छोड्छन अवसानका चिताहरू'

रामबहादुर श्रेष्ठद्वारा लिखित 'न जल्न छोड्छन अवसानका चिताहरू' **जिन्दगीका प्रयासहरू** गद्य कवितासङ्ग्रह अन्तर्गतको चोधौँ कविता हो । यस कवितामा पनि कविले युद्धले जनता त्रस्त भएर युद्ध रोकियोस् भन्ने चाहना गर्दागर्दै पनि हत्या हिंसा र मारकाट नरोकिएको कुरालाई कविले यस कविता मार्फत् व्यक्त गरेका छन् । जनताले बोली र साहित्यकारले

कलमबाट अशान्तिको विरोध गरे पनि पहल गर्नु पर्ने व्यक्तिहरूले ती कुराको वास्ता नगर्ने भाव कवि यसरी व्यक्त गर्दछन् ।

आखिर
जति बोले पनि सुन्दैनन्
भरिएका छन् कानमा कानेगुजीहरू
जति लेखे पनि पढ्दैनन्
आँखा देख्ने यी अन्धाहरू
अनि
छोडेका पनि छैनन् निकाल्न
रगतका छिटाहरू

(**जिन्दगीका प्रयासहरू**, पृ.२५)

गद्य लय र मुक्त छन्दमा रचित यस कवितामा युद्ध क्रान्ति, द्वन्द्व, अशान्ति , पीडित, अवसान, चिता अकल्पित जस्ता तत्सम, कान, रगत जस्ता तद्भव छिटा, रमिता, कानेगुजी जस्ता ठेट नेपाली शब्द गरी ११७ शब्दको प्रयोग गरिएको छ । १ अक्षरे 'के', 'र', 'न' देखि ४ अक्षरे 'कानेगुजी', सम्मका शब्दको प्रयोग गरिएको यो कविता ३ अनुच्छेद र २ पृष्ठमा संरचित छ । कवितामा आउने कति, युद्ध, न, छोड्छन् जस्ता शब्दको पुनरावृत्तिले अनुप्रास र भन्नेहरू, लेख्नेहरू, कुराहरू-कुराहरू, सुन्दैनन् -पढ्दैनन् , छिटाहरू -चिताहरू, सुनिदेऊ -पन्छिदेउ जस्ता शब्दले कवितामा अन्त्यानुप्रासीय लयात्मकताको सिर्जना गरेका छन् । शीर्षकले कविताको भावलाई सोझै व्यक्त गर्ने हुँदा अभिधार्थमा शीर्षक सार्थक छ । कविताको भाषा सरल र शैली सरस छ ।

### ५.१.१६ 'तब लेख्छु कविता'

'तब लेख्छु कविता' **जिन्दगीका प्रयासहरू** अन्तर्गतको पन्ध्रौँ कविता हो । निम्नवर्गीय नेपाली जनताको अति नै अभावग्रस्त जिन्दगीको चित्रण यस कवितामा भरिएको छ । अभाव, रिक्तता, अपर्याप्ता, असङ्गतिको सिङ्गो स्वरूप बनेको यो कवितामा कविले पनि अभाव र अपर्याप्तताको क्षतिपूर्तिको निम्ति कविता रचना गर्ने कुरा उद्घाटित् भएको छ । बौद्धिक साहित्यकार देशका गहना भए पनि उनीहरूलाई नै हातमुख जोर्ने समस्या परेको कुरा कवितामा देखाइएको छ । गाँस बास र कपास जस्ता आधारभूत आवश्यकताको परिपूर्ति पनि हुन नसक्दा बौद्धिक व्यक्तिबाट पनि 'आत्महत्या' जस्तो अपराध निम्तिन सक्छ भन्ने भाव कविताले व्यक्त गरेको छ ।

गद्य लय र मुक्त छन्दमा रचित यो कविताले गहन भावलाई वहन गरेको छ । ऋण सङ्केत, सूचना, रिक्तता, अभाव, खिन्नता प्रर्दशन, सत्य, असत्य दृढता, अविरल, पश्चाताप अन्ततः वैधता विवश, आत्महत्या, हीनता, बाध्यता जस्ता तत्सम, गाँठो कणले रमिता जस्ता ठेट नेपाली शब्द गरी यस कवितामा १०४ शब्द र ४ अनुच्छेद रहेका छन् । २ पृष्ठमा संरचित यस कवितामा नसकेर, बाहिर, रमिता-कविता, रिक्तता-खिन्नता, सत्यता-दृढता, बैधता-कविता जस्ता शब्दले अन्त्यानुप्रासको सिर्जना गरेको छ । गद्य भए पनि कविता लयात्मक छ । कविता लेख्ने कारण नै कविताको विषयवस्तु भएकाले शीर्षक अभिधार्थमा सार्थक छ । कविताको भाषा सरल छ शैली सरस जसले कविता पढिरहूँ जस्तो लाग्छ ।

### ५.१७ 'दुई मुक्तक'

'दुई मुक्तक' **जिन्दगीका प्रयासहरू** गद्य कवितासङ्ग्रह अन्तर्गतको सोह्रौं कविता हो । यसमा दुईवटा पहिलो प्रतिगमनको विरोध र दोस्रो शहिद नामक छुट्टाछुट्टै मुक्तक रहेका छन् । कविताको लघु रूपमा पर्ने यी मुक्तकमध्ये पहिलोमा अधिकार हातमा लिएर जे मन लाग्यो त्यही गर्नेहरूको विरोध गर्नुपर्छ भन्ने भाव व्यक्त गरिएको छ । दोस्रो शहिद नामक मुक्तक देशका लागि प्राणाहुति दिने शहिदको कुनै महत्त्व नभएको र उनीहरूका परिवारको विचल्ली भएको कुरा देखाइएको छ ।

कविताको लघु रूप मध्येका मुक्तक एक झर्को पानीको रूपमा आउँछ यसमा छन्द हुँदैन मुक्त छन्दमा भए पनि यी मुक्तकहरू लयात्मक छन् २३ र २४ शब्दका यी मुक्तकमा सरल र सरस भाषाशैलीको प्रयोग छ । दुवैका शीर्षकले सोझो अर्थ बहन गर्ने हुँदा शीर्षक सार्थक छन् । दुवै मुक्तक तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुमा संरचित छन् ।

### ५.१.१८ 'चङ्गा उडाउने रहर'

'चङ्गा उडाउने रहर' **जिन्दगीका प्रयासहरू** गद्य कवितासङ्ग्रह अन्तर्गतको सत्रौं कविता हो । २०६१ सालमा रचित यस कविताले भित्र भित्रै सल्किएको जनयुद्धले गर्दा आत्तिएका कविको परिवर्तनको तीव्र आकाङ्क्षा रहरका रूपमा प्रस्तुत भएको छ । यस कविताले उज्यालो राजनीतिक भविष्यको सङ्केत गरेको छ । जस्तो सुकै अप्ठ्यारो परे पनि ती अप्ठ्याराहरूलाई चिर्दै आकाश रूपी स्वतन्त्रतामा चङ्गा अर्थात् जनताका खुशी अवश्य मौलाउने छन् भन्ने भावना प्रकट भएको छ । वसन्त ऋतु आएर पनि शिशिर ऋतुको चिसो सिरेटो नगएको भन्दै कविले

देशमा बारम्बार स्वतन्त्रता आए पनि बारम्बार कसै न कसैको अधीनस्थताको चाहना जनताले स्वतन्त्रताको अनुभूति गर्न नपाउँदा पनि कविले एक न एक दिन अवश्य स्वतन्त्रतामा रम्न पाइन्छ भनी जनतालाई आश्वास्त गराउन खोजेका छन् ।

गद्य लय र मुक्त छन्दमा रचित यस कवितामा ऋतु, आकाश, बादल, तेजिलो सूर्य जस्ता तत्सम गम्म, सिरक, सिरेटो, बाला, ठुटी, लट्टाई चङ्गा जस्ता ठेट नेपाली शब्द गरी जम्मा १०३ शब्दको प्रयोग गरिएको यो एउटै अनुच्छेद र ड्ेढ पृष्ठमा संरचित छ । तृतीय पुरुष दृष्टिविन्दुमा रचित यस कवितामा सरल र सरस भाषा शैलीको प्रयोग गरिएको छ । कविताको शीर्षक अभिधार्थमा सार्थक छ । लट्टाइ चलाउनेहरूलाई नेताहरूको प्रतीकको रूपमा लिइएको छ । चङ्गा, आकाश जस्ता प्रतीकहरूले कविता प्रतीकात्मक बन्न पुगेको  छ ।

### ५.१.१९ 'दिउँ कसरी शुभ-कामना नववर्षको'

'दिउँ कसरी शुभ-कामना नववर्षको' **जिन्दगीका प्रयासहरू** गद्य कवितासङ्ग्रह अन्तर्गतको अठारौँ कविता हो । २०६२ साल बैसाख १ अर्थात् नववर्ष कै दिन रचिएको यो कवितामा तत्कालीन जनयुद्धको अवस्थामा नेपाली जनता कुनै चाड, पर्व, उत्सवमा हर्षित हुन सक्दैन भन्ने भाव व्यङ्ग्य भएको छ । वर्ष फिरे पनि, भित्तेपात्रोहरू फालिए पनि हत्या, हिंसा, आतङ्क, नफालिँदा सुख, शान्ति, चिरायु हर्षको शुभ-कामना व्यर्थ भएको कुरा कविले व्यक्त गरेका छन् । जताततै सम्वेदनाको मात्रै खाँचो पर्ने भएकाले कवि निराश भएका छन् । द्वन्द्वले लथालिङ्ग पारेको नेपाली जीवन र अनाथ, टुहुरा र विधवाहरूको वेदनाभित्र कसरी नववर्षको शुभकामना दिन सकिन्छ ।

जति शुभकामना शब्द गुच्छा वर्षए पनि अशुभ काम सधैं भइरहेछ भन्दै फेरि कविताको अन्त्यमा पनि हत्याहिंसा, आतङ्क मेटिने अपेक्षा कविले शुभकामनाका शब्द टक्रयाउँदै भन्छन्

फेरि अपेक्षा
आश्वस्त । विश्वस्त
हत्या हिंसा र क्रान्तिको अन्त्य
सधैँ हाम्रा पहाडहरू हरियाली
सन्त्रास उन्मुक्त
यही शुभकामना- 'नववर्ष'को
नहोस फेरि व्यर्थको
पीडादायी कथा र व्यथा विर्सेर

शुभ-कामना नववर्षको

(**जिन्दगीका प्रयासहरू**, पृ.३३)

गद्य लय र मुक्त छन्दमा रचित यस कवितामा सुख, शान्ति, चिरायु, सुस्वास्थ्य, अर्थ, क्रन्ति, हत्या हिंसा, तिक्तता, रिक्तता भस्मीभुत, सन्त्रास जस्ता दमन, प्रहरी जस्ता तत्सम चक्काजाम, बन्द, आन्दोलन नारा, जुलुस जस्ता आगन्तुक शब्द गरी १४० शब्दको प्रयोग गरिएको छ । ५ अनुच्छेद र ३ पृष्ठमा संरचित यस कवितामा वर्षको - अर्थको, तिक्तता - रिक्तता, आन्दोलन -दमन, हर्षको -वर्षको जस्ता शब्दले अन्त्यानुप्रासीय लगात्मकताको सिर्जना गरेको छन् । १ अक्षरे 'र' देखि ५ अक्षरे 'शुभकामना', 'वातावरण', 'संवेदना शब्दको प्रयोग गरिएको यस कविताको शीर्षकले कविताको भाव बुझाउने हुँदा अभिधार्थमा शीर्षक सार्थक छ । कविता भाषा सरल र शैली सरस छ ।

### ५.१.२० 'गृष्म ऋतुलाई आमन्त्रण गरौं'

रामबहादुर श्रेष्ठद्वारा लिखित 'गृष्म ऋतुलाई आमन्त्रण गरौँ', **जिन्दगीका प्रयासहरू** गद्य कवितासङ्ग्रह अन्तर्गतको उन्नाइसौं कविता हो । "सानो परिवर्तन पछिको चर्को प्रतिगमनबाट आजित भएको नेपाली मानसिकताको प्रतिनिधित्व गरेको छ । यस कविताले आन्दोलनलाई परिणाममुखी बनाउन आवश्यक संयुक्त प्रयासलाई उर्जा प्रदान गर्न कविको लेखनी सफल रहेको छ ।"[१३] यो पनि एक प्रतीकात्मक कविता हो । यस कवितामा गृष्म ऋतुलाई जोश र जाँगरको प्रतीकका रूपमा लिइएको छ । द्वन्द्व तथा राजनैतिक विचलन हटाई देशमा शान्ति स्थापनाको निम्ति सबै तात्नको लागि कविले आह्वान गरेका छन् । सधैं निष्क्रिय बसेर परिवर्तन आउन सक्दैन त्यसका लागि सबैले सक्रियता देखाउनु पर्द भन्ने भाव यसरी व्यक्त गरिएको छ :

दुई हातका पञ्जा काखीभित्र च्यापेर
घुमिरहनु पर्ने हो
कति दिन पर्खनु पर्ने हो
यसैले अब प्रतीक्षाको घडी
प्रतिपल लामो भइसक्यो
आऊँ सबै मिली
बरु क्षितिज तताउन
गृष्मऋतुलाई आमन्त्रण गरौँ

(**जिन्दगीका प्रयासहरू**, पृ.३४)

[१३] बालकृष्ण भट्टराई, पूर्ववत् ।

गद्य लय र मुक्त छन्दमा रचित यस कवितामा सिरेटो, हुस्सु, हुल, न्यानो, सुक्क, सुक्क जस्ता ठेट नेपाली शब्दका साथै तत्सम, तद्भव र सडक, सर्दी, जस्ता आगन्तुक शब्द गरी जम्मा ८३ शब्दको प्रयोग गरिएको छ । १ अनुच्छेद र एकै पृष्ठमा संरचित यस कवितामा एक अक्षरे 'हो' देखि ७ अक्षरे कठ्याङ्ग्रिएर सम्मका शब्दको प्रयोग गरिएको छ । कविताका पङ्क्तिका अन्त्यमा चलेको, ढाकेको संगालेर- कठ्याङ्ग्रिएर, च्यापेर-लिएर, सुँक्क-ग्रस्त, घडी-मिली जस्ता शब्दले अन्त्यानुप्रासीय लयात्मकताको सिर्जना गरेका छन् । गृष्म ऋतुलाई 'जोश जाँगर'को प्रतीकका रूपमा लिइएको छ त्यसैले प्रतीकात्मक ढंगमा सार्थक छ । सरल शब्दको प्रयोगले कविताको भाषा सरल र शैली सरस छ । समग्रमा कविता सुबोध्य छ ।

### ५.१.२१ 'जिन्दगीका प्रयासहरू'

'जिन्दगीका प्रयासहरू' **जिन्दगीका प्रयासहरू** गद्य कवितासङ्ग्रह अन्तर्गतको बीसौँ कविता हो कवितासङ्ग्रहको नामकरण समेत गरिएको यो कविता कविताभित्रको महत्त्वपूर्ण कविता हो । यस कविताले निम्न वर्गका कर्मचारीहरूको अन्तर्व्यथालाई जीवनका निम्ति गरिने प्रयासका रूपमा औल्याउँदै कवि स्वयंको जीवन भोगाईका क्रममा बेहोर्नु परेका अनुभवको उद्बोधन गरिएको छ । जागिर जीवनका निजात्मक अनुभूतिको तिक्तता पोखिएको यो कविताका माध्यमबाट कवि श्रेष्ठले जागिरदारहरूका पीडा र मर्मलाई सरल शब्दमा व्यक्त गरेका छन् । अभाव, विपन्नता र असन्तुष्टिका तीव्र अनुभूतिहरू प्रवाहमय भाषामा प्रस्तुत गरेर कविले जागिरदारहरूको मनोव्यथा मार्मिक रूपमा अभिव्यक्त गरेका छन् । चाकरी र चाप्लुसीमा खप्पिस नहुँदा गलतलाई गलत र सहीलाई सही भन्दा पाइने सास्तीलाई कवितामा देखाइएको छ । निम्नवेतनिक जागिरेको मनोव्यथा कवि यसरी प्रकट गर्दछ :

भत्कन लागेको
जब पुग्छु उही पूरानो घरको आँगनमा
ढोकामा उभिई तब
मलाई हेर्दै हाँसिरकेको थियो-जिन्दगी

(**जिन्दगीका प्रयासहरू**, पृ.३७)

गद्य लय र मुक्त छन्दमा रचित यो कवितासङ्ग्रहको केन्द्रीय कविता हो । कविता सङ्ग्रहका उत्कृष्ट कविता मध्येको एक यस कवितामा कण्ठाग्र, स्पष्टीकरण, व्यस्त, उत्पादन, सन्तान, नियमित जस्ता तत्सम जागीर, चाकडी जस्ता आगन्तुक तान्द्रा, मान्द्रा, भित्री, झाम्टा, ओछ्यान, ओझेल, झुस्स, गुण्टा जस्ता ठेट नेपाली गरी जम्मा २३८ शब्दको प्रयोग गरिएको छ ।

यो कविता १ अक्षरे हो, देखि ५ अक्षरे स्पष्टीकरण सम्मका शब्द र साढे २ पृष्ठमा संरचित छ । कविताका पङ्क्तिका अन्त्यमा आएको तराइ-डराइ, बनाइ, जाऊ, आऊ, नास्ता-वेवास्ता, गुण्टा-टन्टा जस्ता शब्दले सामान्य अन्त्यानुप्रासको सिर्जना गरेका छन् । गरे, पुग्छु जस्ता प्रथम पुरुषवाची क्रियाको प्रयोगले कविता प्रथम पुरुष वा आन्तरिक दृष्टिविन्दुमा संरचित छ। छोटा र सरल शब्दको प्रयोगले भाषा सरल छ। सामान्य व्यक्तिको जिन्दगीका क्रियाकलाप देखाई त्यही नै उसको जिन्दगीका प्रयास हुने हुँदा शीर्षक सार्थक मानिन्छ। समग्रमा कविता सुबोध्य छ।

## ५.१.२२ एउटा रहर कोटको

'एउटा रहर कोटको' **जिन्दगीका प्रयासहरू**, गद्यकविता सङ्ग्रहअन्तर्गतको एक्काइसौँ अर्थात् अन्तिम रचना हो । यस कविताले जीवनका अभावहरू परिपूर्ति नहुँदाको पीडा रहका रूपमा व्यक्त गर्दै प्रतीकात्मक ढङ्गमा कविका अपूर्ण आकाङ्क्षाहरूको झल्को दिएको छ । नातावाद, कृपावादका प्रदूषणबाट प्रदुषित जागिरे जीवनका कटु अनुभव र धन कमाउन गरिने राजनीति प्रति व्यङ्ग्य गरिएको छ । यस कविताभित्र पनि ३ वटा उपशीर्षकहरू रहेका छन् । पहिलो उपशीर्षक 'रहर एउटा कोटको' मा सामान्य व्यक्तिको अभावग्रस्त जीवनलाई देखाइएको छ भने दोस्रो उपशीर्षक 'रहर एउटा नोकरी'मा योग्यताको आधारमा नभई नाता र कृपाको आधारमा नोकरी पाइने कुरालाई व्यङ्ग्य गरेका छन् भने तेस्रो उपशीर्षक 'फेरि एउटा अर्को रहर' मा राजनीतिको नाम पैसा कमाउनेहरूलाई व्यङ्ग्य गर्दै भन्छन् :

गरेँ अब मैले अर्को एउटा रहर
राजनीतिमै रहेछ सब थोक
त्यसैले मागुँ कि- सबैसँग एकुन्टा भोट
तबभ ने जस्तै-पूरा हुने भयो
मेरो एउटा रहर

(**जिन्दगीका प्रयासहरू**, पृ.३९)

गद्य लय र मुक्त छन्दमा रचित यस कविताका इच्छा, अभाव, राजनीति, जस्ता तत्सम कोट, जागीर, नोट, भोट, सांसद जस्ता आगन्तुक तथा चिटिक्क, खोट, नाता जस्ता ठेट नेपाली शब्दको पनि प्रयोग गरिएको पहिलो कवितामा ३३, दोस्रोमा ३४ र तेस्रोमा ४३ शब्दहरूको प्रयोग गरिएको यस कवितामा एक अक्षरे नै देखि ४ अक्षरे असीमित सम्मका शब्दहरूको प्रयोग गरिएको छ । कोट-खोट जस्ता शब्दले कवितामा अन्त्यानुप्रासको सिर्जना गरेका छन् । कविताको शीर्षकबाटै कविताको भाव बुझिने शीर्षक सार्थक छ । मेरो जस्तो प्रथम पुरुषवाची सर्वनामको

प्रयोगको प्रयोगले कविता प्रथम पुरुष वा आन्तरिक दृष्टिविन्दुमा रचिएको छ भन्ने कुरा प्रष्ट हुन्छ। छोटा छोटा र सरल शब्दको प्रयोगले कविताको भाषा पनि सरल छ भने शैली सरस छ।

### ५.१.२३ निष्कर्ष

समग्रमा हेर्दा जिन्दगीका प्रयासहरू गद्य कवितासङ्ग्रहका धेरैजसो कविताहरूमा श्रेष्ठको राजनीतिक सचेतता स्पष्ट रूपमा देख्न सकिन्छ। अभावग्रस्त जिन्दगीका असफल प्रयासहरूको चित्रण गर्दा श्रेष्ठका कविताहरूमा निराशा र उदासीनता प्रतिबिम्बित भए पनि अधिकांश कविताहरूमा निष्पक्षता, समानता, सामाजिक न्याय, इमान्दारी, स्वावलम्बन, देशभक्ति, नारीवादिता, राजनैतिक सचेतता, प्रतिगमनको विरोध अग्रगामी चेतनाद्वारा सामाजिक रूपान्तरण, द्वन्द्वको अन्त्य र शान्तिको स्थापना जस्ता विषय सन्दर्भहरूमा कविको कलम केन्द्रित रहेको छ। त्यसेले कविले कवितामा जीवनका अतृप्त आकाङ्क्षा र असन्तुष्टि व्यक्त गरेका छन् भने कतै आमूल परिवर्तनका लागि कविले नागरिकहरूलाई आन्दोलनमा सरिक हुन पनि आह्वान गरेका छन्। समाजबाटै बिम्ब, विषय र प्रतीकको चयन गर्दै व्यञ्जनामूल्क अभिव्यक्तिद्वारा सामाजिक रूपान्तरणको तीव्र चाहना कविताहरूमा प्रस्तुत भएको छ। युगीन जीवनको सही तस्वीर उतारिएका कविता पाठकका निम्ति सदा ग्राह्य हुने गर्दछन् र जिन्दगीका प्रयासहरूका कविताले समसामयिक समाजको चित्रण गर्न खोजेका छन्। श्रेष्ठका कविता हतियार भन्दा कलमको पक्षमा उभिएका छन् र स्वाभिमानको शंखघोष गरेका छन्।

यो श्रेष्ठको पहिलो कवितासङ्ग्रह भएका कारण विषयवस्तुको गहनता जत्तिकै कलात्मकता परिष्कार, शिल्पचेतना, लयात्मकता, शब्दसौन्दर्यलाई भने देखाउन सकेका भने छैनन्।

## ५.२ 'अस्ताउन लागेको सुस्ता' कवितासङ्ग्रहको अध्ययन

रामबहादुर श्रेष्ठको दोस्रो कृति अस्ताउन लागेको सुस्तको कवितासङ्ग्रहको निम्नानुसार अध्ययन र विश्लेषण निम्नानुसार गर्ने प्रयास गरिएको छ।

### ५.२.१ परिचय

रामबहादुर श्रेष्ठको दोस्रो कवितासङ्ग्रह अस्ताउन लागेको सुस्ता श्रीमती सूर्यमाया श्रेष्ठद्वारा वि.सं. २०६६ साल माघमा प्रकाशित भएको हो। यस कृतिको शीर्षक यसै सङ्ग्रह भित्रको अस्ताउन लागेको सुस्ता शीर्षकको कविताबाट राखिएको छ। यस कृतिलाई श्रेष्ठका स्व. पिता गङ्गाबहादुर श्रेष्ठ र स्व.माता सन्तमाया श्रेष्ठप्रति समर्पित गरिएको छ। यस कृतिको बारेमा कवि स्वयम्को भनाइ यस्तो छ - उत्सुकतावस सुस्ता क्षेत्र अवलोकन गर्ने क्रममा हाम्रो सुस्ता सँधियारबाट भएको अतिक्रमण, हस्तक्षेपलाई हाम्रा सरकार, नेतृत्व वर्ग लगायत देश प्रेमी

भनिएकाहरूले एकवचन पनि नबोलेको, चासो नराखेको देख्दा टिस्टा र काँगडा जस्तै यो सुस्ता अस्ताउने पो हो कि हराउने पो हो कि भनी चिन्ता लाग्यो, हाम्रा पुस्ताहरूले कुस्ताकुस्ती गरी अधीनमा राखेको सुस्ता भूमि यसरी हराउन थालेपछि पुस्तककै नामकरण **अस्ताउन लागेको सुस्ता** गरेँ ।[१४] यस कविता सङ्ग्रहको २०६७ असोजमा रामसुन्दर देउजाले जनमत मासिक पत्रिकाको वर्ष २७, अङ्क ५, विशेषाङ्क १५८ मा अस्ताउन लागेको सुस्ताको वेदना शीर्षकमा समीक्षा गरेका छन् ।[१५] सिद्ध तिमिल्सिनाले २०६७ साल फागुन २२ मा नेपाल मासिक पत्रिकाको वर्ष ११, अङ्क मा २९ मा राष्ट्रप्रतिको संवेदना शीर्षकमा समीक्षा गरेका छन् ।[१६] छविरमण सिलवालले २०६८ जेष्ठ ३ मो जनप्रहार पत्रिकाको वर्ष १२ अङ्क ५ मा राष्ट्रिय भावनाले ओतप्रोत कविताहरू शीर्षकमा समीक्षा गरेका छन् ।[१७] यो कविता सङ्ग्रह ७२ पृष्ठ मा विस्तारित छ र यस सङ्ग्रहमा ३५ वटा फुटकर कविताहरू सङ्कलित छन् । यस कृतिको सबैभन्दा उत्कृष्ट कविता अस्ताउन लागेको सुस्ता हुनाले कविले यस शीर्षकलाई सिङ्गो कवितासङ्ग्रको शीर्षकका रूपमा छानेका छन् । पाठकीय अभिरुचि र मूल्याङ्कनका आधारमा उक्त कविता बढी हृदयसंवेद्य र प्रभावकारी हुनुका साथै राष्ट्रिय चेतको गहनताका कारण पनि उपयुक्त शीर्षकले कवितासङ्ग्रहको नामकरण गरिएको छ । कविताको शीर्षक पदावलीमा 'स्ता' वर्णको आवृत्ति भएकाले यसबाट भाषिक चारुत्व उत्पन्न भएकाले कर्णप्रियताको आभास हुन्छ । यस प्रकार यस कवितासङ्ग्रहको शीर्षक अस्ताउन लागेको सुस्ता छरितो आकर्षक र कर्णप्रिय बन्न पुगेको छ ।

श्रेष्ठको प्रस्तुत कवितासङ्ग्रहका 'अस्ताउन लागेको सुस्ता', सिसापको मुखपत्र दोभान वर्ष १० अङ्क ३ मा प्रकाशित भइसकेको छ । त्यसैगरी 'दुई तृष्णा', पदचिन्हको पाइला २ मा 'फेरि सहिदको खाँचो भएको छ' पदचिन्हकै पाइला १ मा प्रकाशित भएका छन् । 'फेरि सहिदको खाँचो भएको छ' जनमत खण्ड १ मा पनि प्रकाशति भएको छ ।

सङ्घर्षको आवश्यकता दर्शाइएको क्रान्तिचेतका उज्यालालाई उजागार गर्न खोजिएको यस कवितासङ्ग्रहका कविताहरूको शीर्षक पद, पदावली र वाक्यांश र वाक्यको रूपमा राखिएका छन् । यस कविता सङ्ग्रहका कविताका शीर्षकलाई तालिकामा यसरी देखाउन सकिन्छ -

[१४] शोधनायक आफ्नै भनाई', **अस्ताउन लागेको सुस्ता**, २०६६, पृ.

[१५] रामसुन्दर देउजा, 'अस्ताउन लागेको सुस्ताको वेदना', **जनमत**, वर्ष २७, अङ्क ५, विशेषाङ्क १५८, २०६७ असोज, पृ.५० ।

[१६] सिद्ध तिमिल्सिना, "राष्ट्रप्रतिको संवेदना", **नेपाल** वर्ष ११, अङ्क २९, २०६७, फागुन २२, पृ.५०-५१ ।

[१७] छविरमण सिलवाल "राष्ट्रिय भावनाले ओतप्रोत कविताहरू", **जनप्रहार**, वर्ष १२, अङ्क ५, २०६८, जेष्ठ ३, पृ.६ ।

तालिका नं. २ शीर्षकीकरण तालिका

| शब्द | शब्दावली | वाक्यांश | वाक्य |
|---|---|---|---|
| भानु, उन्मतता उन्नाइस, स्वाभिमान, बाध्यता प्रतिगमन, स्थगित परम्परा | माटो सजाउन, खेल जिन्दगीको, मेला शन्तिको, खेल न्यायको, खै लोकतन्त्र, नारी समानता, कुप्रवृत्तिको निरन्तरता, हिम्मत र जाँगर, चार हाइकु, दुई तृष्णा, चिसोको समापन, निरीह आवाजहरू, शेर र अक्षरहरू, दुई मुक्तक, जन्मथलो बाग्लुङ, बन्धनयुक्त जीवन, नदी पारिका मायालु, | अस्ताउन लागेको सुस्ता, हाम्रो गलत नियति, यो आकाश पनि के आकाश, हाम्रा नियतिहरू, हतियार विरुद्ध मेरो कविता, तब यस्तो लाग्छ, निरुत्तर मेरा मान्छेहरू | फेरि सहिदको खाँचो भएको छ, बगर आफैँ नबोल्ने रहेछ, म बिहानी पर्खिरहेछु, |

जनबोली जतिकै सरल कविता, आम जनमासका लागि पाच्य बिम्ब प्रतीक भएका उनका कविताहरू गद्य, पद्य दुवै लयमा रहेका छन् ।

### ५.२.२ 'माटो सजाउन'

रामबहादुर श्रेष्ठद्वारा २०६८ कार्तिक भैरहवामा लिखित 'माटो सजाउन', **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको पहिलो कविता हो । माटो अर्थात् देशलाई आस्थाको पुञ्ज ठान्दै कविले यस कवितामा आफ्नो राष्ट्रप्रेमको भावनालाई पोखिएको छ । देशभक्तिलाई नै मुख्य विषयवस्तु बनाइएको यस कवितामा माटोलाई युद्ध, क्रान्ति, अन्याय, अत्याचारबाट टाढा

राखी बुद्ध, सीता, भृकुटीलाई जन्माउने यो माटोलाई शान्ति, मित्रता र सौहार्दताले चिनाउनु पर्छ भन्ने भावना व्यक्त भएको सगरमाथाको देश भनेर चिनिने यो देशलाई नैतिक र इमान्दारीको उचाइमा लैजानु पर्ने सन्देश दिदै यो कविताले सबैलाई आफ्नो राष्ट्रको माया गर्ने आह्वान गर्दै भन्छ :

विश्वको रङ्गीन बगैँचामा
नवीन फूल फुलाउन
तिमी म
यिनी उनी
अनि सबैले
आत्मा साक्षी राखी
माटो हाम्रो सजाउन

(**अस्ताउन लागेको सुस्ता**, पृ.२)

गद्य लय र मुक्त छन्दमा रचिएको यस कवितामा युद्ध, क्रान्ति, अतीत, शंख, शान्ति, कर्मभूमि, जन्मभूमि, मरुभूमि, पुञ्ज, आस्था, सशक्ति, मानसपटल, द्वन्द्व, प्रतीक, साहसी, स्वरूप, साक्षी, स्वाभिमान, अभिमान, अङ्कित, नैतिकता, कल्पवृक्ष, गौरव, सहस्र जस्ता तत्सम, सगरमाथा, पौरख, माटोर रङ्गीन, प्यारो, रगत जस्ता तद्भव, फ्रेम जस्तो आगन्तुक गरी जम्मा १८३ शब्दको प्रयोग गरिएको छ । १ अक्षरे र नै हो देखि ६ अक्षरे मानसपटल सम्मका शब्दको प्रयोग गरिएको यो कविता ४ अनुच्छेद ६० हरफ र साढे २ पृष्ठमा संरचित छ । बुद्ध, सीता जस्ता पौराणिक बिम्बहरूको पनि प्रयोग गरिएको कविताका पङ्क्तिका अन्त्यमा आउने माटो-माटो, बनाउन-भिजाउन, सजाउन-दोहोऱ्याउन, तताउन, बगाउन, फुलाउन-कहराउन जस्ता शब्दले अन्त्यानुप्रास अलङ्कार भेट्न सकिन्छ । कविताको भाव नै माटो वा देशलाई सजाउने सुन्दर बनाउने भएकोले कविताको शीर्षक माटो सजाउन सार्थक छ । सरल सरस भाषाशैलीको प्रयोगले कविता सुबोध्य बन्न पुगेको छ । हाम्रो सर्वनामको प्रयोगले कविता प्रथम पुरुष दृष्टिविन्दु वा आन्तरिक कथनपद्धतिमा संरचित छ । स्वच्छन्दतावादी भावना यस कविताले व्यक्त गरेको छ ।

### ५.२.३ 'फेरि सहिदको खाँचो भएको छ'

रामबहादुर श्रेष्ठद्वारा २०६३ असार ५ भैरहवामा लिखित 'फेरि सहिदको खाँचो भएको छ' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रहको दोस्रो कविता हो । २०६३ मा पदचिन्हको पाइला १ र जनमतको एक १ मा यो कविता पहिले नै प्रकाशित भइसकेको छ । शोषण उत्पीडनका विरुद्ध र न्याय तथा समानताका निम्ति आत्मबलिदना गर्ने व्यक्तिको अभाव रहेको व्यङ्ग्य भाव प्रकट

गरिएको यस कवितामा बारम्बार समाजमा परिवर्तन ल्याउन बारम्बार सहदिको खाँचो पर्ने कुरालाई देखाइएको छ । देशलाई स्वतन्त्र गराउन उहिलेदेखि नै देशप्रेमीहरूले प्राणाुहति दिए तर पनि परिवर्तन त्यसपछि आउने प्रतिगमनले गर्दा त्यस्तो प्राणाहुति पटक पटक दिनुपर्ने कुरा औल्याउँछ । कविले अहिले पनि हामी देशका निमित्त सहिद हुन्छौँ भन्ने भावना विद्यमान हुनुपर्छ भन्दै कवि भन्छन् :

फेरि आउँदा वर्ष
गर्न नपर्ने सङ्घर्ष
अझै टाउको उठाउन लागेको
सामन्तवादलाई अन्त्य गर्न
हामी पनि थपिदेऔँ शहिदको संख्यामा

(**अस्ताउन लागेको सुस्ता**, पृ. ४)

गद्य लय र मुक्त छन्दमा रचित यस कवितामा विरुद्ध, सङ्घर्ष, प्राण, आहुति, दास, प्रजा, उन्मुख, विचलित वर्ष, अन्त्य जस्ता तत्सम, रजाई, आगो, रगत जस्त तद्भव आहाल, निसाना, रेती जस्ता ठेट नेपाली शब्दको प्रयोग गरिएको यस कवितामा जम्मा ७४ शब्दको प्रयोग गरिएको छ । १ अक्षरे र देखि ५ अक्षरे सामन्तवाद सम्मका शब्दको प्रयोग गरिएको यो कविता २ अनुच्छेद र १ पृष्ठमा संरचित छ । कविताको पङ्क्तिका अन्त्यमा आउने दिन, होमिन, हिच किचाएनन्-डराएनन्, बन्न-फाल्न, हुन-नदिन, वर्ष-सङ्घर्ष जस्ता शब्दले गर्दा कवितामा अन्त्यानुप्रास अलङ्कार भेटिनुका साथै सामान्य लयात्मकता पनि भेटिन्छ । कविताको शीर्षकले सम्पूर्ण भाव बुझाउने हुँदा कविताको शीर्षक पनि सार्थक देखिन्छ । प्रथम पुरुष दुष्टिविन्दुमा रचित यस कवितामा सरल सरस भाषाको प्रयोग गरिएको छ । सरल शब्दले गर्दा कविता सुबोध्य छ ।

### ५.२.४ **'भानु'**

रामबहादुर श्रेष्ठद्वारा २०६२ असार २९ भैरहवामा रचित 'भानु' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको तेस्रो र पद्य अन्तर्गत पहिलो रचना हो । यसमा श्रेष्ठले आदिकवि भानुभक्त आचार्यको गुणगान गरेका छन् । जसरी पृथ्वीनारायणले नेपालको एकीकरण गरे त्यसरी नै भानुभक्तले नेपाली भाषाको एकीकरण गरे । भाषा र साहित्यका क्षेत्रमा भानुभक्त आचार्यको योगदानलाई मोतीले सबैका सामु ल्याए भन्दै भानुभक्त साहित्य सिर्जनातर्फ अभिप्रेरित हुनुको कारण पनि यस कवितामा देखाएका छन् । भानुभक्तको सङ्क्षिप्त जीवनीलाई कवितात्मक स्वरूप यस कवितामा दिइएको छ ।

बन्दैन पूजीले मात्र, चाहिन्छ सत्कर्म पनि
बन्यो भानु यो वाणीले-घाँसीको अर्तीले मणि
(**अस्ताउन लागेको सुस्ता**, पृ.५)

१५, १७, १७, १६ अक्षरेका पङ्क्तिहरू रहेको यो कविता श्रेष्ठको पहिलो पद्य रचना हो । त्यसैले लोक छन्दमा कविता लेख्ने जमर्को गरे पनि छन्द भने मिलेको  देखिदैन । तापनि बद्ध लयात्मकता भने कवितामा भेटिन्छ । उज्जवल, क्षितिज, काव्यमय, भानु, ज्योति, पीडा, वाणी, भाषा, संस्कार, आस्था, भावी, दीर्घ जस्ता तत्सम उचाई, सगरमाथा, जस्त तद्भव शब्दको प्रयोग गरिएको यस कवितामा जम्मा १०१ शब्द ४ अनुच्छेद र १६ पङ्क्ति रहेको छ । कविताको शीर्षकले नै कविता भानुको गानमा केन्द्रित छ भन्ने थाहा हुने हुँदा शीर्षक सार्थक छ । तृतीय पुरुष कथनपद्धतिमा संरचित यस कविताको भाषा सरल र सरस छ ।

### ५.२.५ 'खेल जिन्दगीको'

'खेल जिन्दगीको' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको चौथो कविता हो । यसमा जिन्दगीलाई विभिन्न प्रतीक र दृष्टान्तहरूद्वारा चिनाउने प्रयास गरिएको छ । जताबाट हेरे पनि जीवन एक हार हो भन्ने भाव यस कवितामा प्रकट भएको छ । यसमा जेल, नेल, कागको बेल असारको भेल, आदि प्रतीकका माध्यमबाट बन्धन निरर्थक वस्तु आदिका रूपमा जीवनलाई चिनाउने प्रयास गरिएको  छ । हाँसो, आँसुको मिश्रणको रूपमा जीवनलाई यसरी चिनाइएको छ ।

कसैलाई कागको बेल
कसैलाई असारको भेल
अनि कहिले काहि
एक निमेषको भेलले
छक-छक
छक-छक
(**अस्ताउन लागेको सुस्ता**, पृ.६)

गद्य लय र मुक्त छन्दमा रचित यस कवितामा नेल, निमेष, प्रायश्चित जस्ता तत्सम, कानुन, भेल, जेल जस्ता आगन्तुक काग, झेल जस्ता तद्भव शब्द गरी जम्म ा ५४ वटा शब्दको प्रयोग गरिएको छ । जेल, नेल, बेल, नेल, भेल, जेल, झेल, खेल जस्ता शब्दले कवितामा अन्त्यानुप्रासीय लयात्मकताको सिर्जना गरेका छन् । जिन्दगीको वर्णनमै कविता केन्द्रित  छ भन्ने

भाव शीर्षकले नै बुझाउने हुँदा कविताको शीर्षक पनि सार्थक छ । १ अक्षरे र देखि ४ अक्षरे प्रायश्चित सम्मका शब्दहरू प्रयोग गरिएको तृतीय पुरुष दृष्टिविन्दुमा संरचित छ । कविताको भाषा सरल छ ।

### ५.२.६ 'बगर आफैँ नबोल्ने रहेछ'

'बगर आफै नबोल्ने रहेछ' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको पाँचौं कविता हो । यस कवितामा आफू बाँच्न र भावी पुस्तालाई समेत बचाउनका लागि सक्रिय हुनुपर्ने कुरा देखाइएको छ । देशका ऐतिहासिक, धार्मिक, स्थल र यो माटोले जन्माएका वीरहरूको नाम बेचेर मात्र बाँच्न सकिँदैन बरु ती महापुरुष र वीरहरूले देखाएको बाटोमा हामी लाग्नुपर्ने कुरा यस कवितामा व्यक्त गरिएको छ । बालुवालाई सुरक्षित स्थलाका रूपमा लिदै त्यही बालुवालाई हामीले उर्वरभूमिमा परिणत गर्नुपर्छ भन्ने भाव पनि यस कवितामा व्यक्त भएको छ । आफै कर्मशील बन्नुपर्छ भन्ने भाव व्यक्त गर्दै कविता भन्छ :

इतिहासलाई मात्र कति साक्षी राख्नु
अब उसले हाम्रो पक्षमा बोल्दैन
आँसुले मात्र बगर नभिज्ने रहेछ ।
नदी पनि नबग्ने रहेछ
इतिहास त
आफै लेख्नु पर्ने रहेछ ।

(**अस्ताउन लागेको सुस्ता**, पृ.९)

गद्य लय र मुक्त छन्दमा रचित यस कवितामा स्वतन्त्रभूमि, अदृश्य, परिश्रम, निर्जीव, उर्वर, अन्ततोगत्वा, साक्षी, पक्ष, इतिहास, वीर, बिराङ्ना जस्ता तत्सम, कुटो कोदाली, चरक्क, बगर, छताछुल्ल, मुस्ला, पिँडुला जस्ता ठेट नेपाली शब्द गरी जम्मा २०७ शब्दहरूको प्रयोग गरिएको छ । १ अक्षरे र देखि ५ अक्षरे स्वतन्त्रभूमि सम्मका शब्दको प्रयोग भएको यो कविता ५ अनुच्छेद र ३ पृष्ठमा संरचित छ । बगर आफैँ नबोल्ने रहेछ शीर्षक प्रतीकात्मक छ । बगरले देश स्थल जहाँ मिहिनेत चाहिन्छ लाई जनाएको छ । बुद्ध जस्ता पौराणिक पात्रलाई बिम्बका रूपमा लिइएको छ । तृतीय पुरुष कथनपद्धतिमा संरचित कविताको भाषा सरल र शैली सरस छ ।

### ५.२.७ 'मेला शान्तिको'

रामबहादुर श्रेष्ठद्वारा २०६३ पौष २ मा भैरहवामा रचित 'मेला शान्तिको' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको छैठौँ कविता हो । यस कवितामा हत्या, हिंसा, आतङ्क,

युद्ध, निरङ्कुशता र सामन्तवादको समूल अन्त्य गरी आगामी दिन सुखद तुल्याउन शान्तिको मेलातर्फ उद्यत हुनुपर्ने भाव मुखरित भएको छ । विश्वलाई नै शान्तिको पाठ पढाउने गौतम बुद्धको देशका जनताले पनि शान्तिको पाठ बुझेर अघि बढ्नु पर्छ । भाइ-भाईमा काटमार नभई बन्धुत्वको भावना मित्रताको चाहनाले देशलाई सुनौलो बाटोटिर लैजानुपर्छ भन्ने भाव यस कवितामा यसरी प्रकट गरिएको छ :

अन्तरद्वन्द्वलाई
परिवर्तन गर्दै
भ्रातृत्व र मित्रता
अनि
समाजसेवी नयाँ नेपाल
निर्माण गर्न
शान्तिको
मेला प्रदर्शन गर्ने
बेला भएको छ, अब

(**अस्ताउन लागेको सुस्ता**, पृ.१०)

गद्य लय र मुक्त छन्दमा रचित यस कवितामा हत्या, हिंसा, समापन, रङ्गमञ्च, सुन्दर शान्त, आदान, प्रदान, अन्तरद्वन्द्व, परिवर्तन भ्रातृत्व, मित्रता जस्ता तत्समशब्दको बाहुल्यता रहेको छ । यस कवितामा जम्मा ६१ शब्दको प्रयोग गरिएको छ । १ अक्षरे छ, र देखि ६ अक्षरे आत्मनिर्भरता, इमान्दारीपन सम्मका शब्दको प्रयोग गरिएको यो कविता तृतीय पुरुष कथन पद्धतिमा संरचित छ । बुद्ध जस्ता पौराणिक बिम्बको प्रयोग गरिएको छ । कविताको भाषा सरल छ गद्य भए तापनि कविता लयात्मक छ ।

### ५.२.८ 'खेल न्यायको'

रामबहादुर श्रेष्ठद्वारा २०६३ पौष १० मा भैरहवामा रचित 'खेल न्यायको' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको सातौँ कविता हो । श्रेष्ठले न्याय सेवाका क्षेत्रमा आफ्नो लामो समय व्यतीत गरेर त्यो समयमा उनले न्यायका नाममा भइरहेको अन्यायलाई महसुस गर्ने मौका पाए । न्यायकर्मीहरू नै अन्यायी बनेकाले सोझा निमुखाले न्याय पाउन नसकेको कुरा यस कवितामा देखाइएको छ । न्यायका नाममा अन्यायीहरूको चलखेल बढिरहेको कुरा यसरी व्यक्त गर्छन् ।

समानान्तर नमिलेका

तराजुमा
नैतिकता र आचरण तौलेर
बिक्री भइरहेछ
खुला चौराहामा
न्याय

(**अस्ताउन लागेको सुस्ता**, पृ.११)

गद्य लय र मुक्त छन्दमा रचित यस कवितामा बिरालोलाई न्यायकर्मीको र छुचुन्द्रोलाई अपराधी वा जनताको रूपमा लिइएको छ । अधैंरा, सतरञ्ज बिक्री, चौराहा जस्ता तद्भव कोट, तराजु जस्ता आगन्तुक शब्दको प्रयोग गरिएको यस कवितामा जम्मा ४३ शब्दको प्रयोग गरिएको छ । १ अक्षरे छ र देखि ५ अक्षरे समानान्तर सम्मका शब्दको प्रयोग गरिएको यो कविता १ अनुच्छेद र १ पृष्ठमा संरचित छ । स.क.छ.त जस्ता अक्षरको पुनरावृत्तिले कवितामा अनुप्रास अलङ्कार छ । बिरालो र छुचुन्द्रा जस्तो प्रतीकको प्रयोगले कविता प्रतीकात्मक बन्न पुगेको छ । तृतीय पुरुष दृष्टिविन्दुमा संरचित यस कवितामा शीर्षकले लक्षणात्मक ढङ्गमा कविताको अर्थ बुझाउने हुँदा शीर्षक सार्थक छ । कविता छोटो छ कविताको भाषा पनि सरल छ ।

**४.२.९ 'नारी समानता'**

'नारी समानता' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको आठौँ कविता पद्य अन्तर्गतको दोस्रो रचना हो । आधा आकाश ढाकेका नारी जातिलाई हाम्रो समाजमा पुरुषभन्दा तल्लो दर्जा दिइन्छ तर ऊ पुरुषकी सहयोगी होइन सहयात्री हो भन्ने विषयवस्तु यस कवितामा रहेको छ । नारी सिर्जनाकी स्वरूप हो । नारीबिना सृष्टि अपूर्ण हुन्छ । त्यसैले नारी र पुरुषमा कुनै विभेद छैन । जसरी एउटा रथ हाँक्नका निम्ति दुबै चक्काहरूको आवश्यकता पर्छ त्यसैगरि नै जीवनरूपी रथमा नारी र पुरुष दुबै समान महत्त्वका छन् । नारी र पुरुष दुबै मानव हुन् त्यसैले उनीहरूमा कुनै किसिमको विभेद छैन भन्दै नारीवादी धारणा कवितामार्फत् प्रस्तुत हुन्छ :

मानव हुन दुबै शक्ति कोही छैन नरनारी
दया मायाका खानी जननी हुन् सदाचारी

(**अस्ताउन लागेको सुस्ता**, पृ.१२)

१४, १५, १६, १७ अक्षरका पङ्क्तिहरू रहेको यो कविता बद्ध लयात्मक भए पनि यो निश्चित छन्दमा रचना हुन भने सकेको छैन । नर, नारी, मूल्य, पीडा, प्रसव, सृष्टि, सुजना, उर्वर, कुसंस्कार, क्षितिज, कालरात्री, सहयात्री, अङ्ग जननी जस्ता तत्सम शब्दको बाहुल्यता रहेको

यस कवितामा किनारा, खेतबारी छहारी जस्ता तद्‌भव शब्दको पनि प्रयोग गरिएको छ । १ अक्षरे छ र देखि ४ अक्षरे सहयात्री, सदाचारी सम्मका शब्द गरी यस कवितामा जम्मा ११३ शब्दको प्रयोग गरिएको छ । र, न, स, प, छ जस्ता शब्दहरूको पुनरावृत्तिले अनुप्रास अलङ्कार थपिएको छ । १८ पङ्क्ति र १ पृष्ठमा संरचित यस कविताको शीर्षकबाटै कविताको भाव बुझिने हुँदा शीर्षक सार्थक छ । तृतीय पुरुष दृष्टिविन्दुमा रचित यो कविताको भाषा सरल र सरस छ । उपयुक्त र सरल शब्दको प्रयोगले कविता सुबोध्य बन्न पुगेको छ ।

### ५.२.१० 'म बिहानी पर्खिरहेछु'

'म बिहानी पर्खिरहेछु' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको नवौँ कविता हो । समय गतिशील छ र यो गतिसँगै यथास्थितिलाई पार गर्नका लागि कविका रूपमा जनता आतुर भएको कुरालाई रात हटाई बिहानी ल्याउन चाहन्छु भन्दै प्रकट गरिएको छ । देशमा विद्यमान अन्योलपूर्ण स्थितिलाई पार गरी बिहानीरूपी शीतल, शान्त र नवीन स्थितिको सिर्जना गरौँ भन्दै कविले आह्वान गरेका छन् । केही भ्रष्ट र खराब प्रवृत्तिले आफ्नो स्वार्थपूर्तिका निम्ति रात अथवा अन्धकारलाई हटाउन नचाहे पनि गरिब जनता भने बिहानी वा विकासको उज्यालो चाहन्छन् भन्ने भाव कवितामा यसरी व्यक्त भएको छ :

खुला आकाश मुनि
एउटा ओत लाग्ने ठाउँ
पेटभरी खान र नाङ्गो शरीरलाई
एक त्यान्द्रो कपडालाई छेक्न मात्र होइन
भोलिको दिनलाई पूर्ण सूर्यमय बनाउन
म आतुर छु ।

(**अस्ताउन लागेको सुस्ता**, पृ.१५)

गद्य लय र मुक्त छन्दमा रचिएको यस कवितामा एक अक्षरे म र देखि ५ अक्षरे लुकाइएका लाटोकेसेरोसम्मका गरी जम्मा १४२ शब्द रहेका छन् । तीन पृष्ठमा संरचित भए पनि यस कविताका अनुच्छेदहरूको विभाजन भने गरिएको छैन । व्यतीत, कृष्णपक्ष, अनिन्द्रा सतरंज, भ्रष्ट, पूर्ण सूर्यमय जस्ता तत्सम ठेला, महसुस जस्ता आगन्तुक, हतास, हतार, त्यान्द्रो एक तमाम जस्ता ठेट नेपाली शब्दको समेत प्रयोग गरिएको छ । कविता प्रथम पुरुष दृष्टिविन्दुमा रचित छ भन्ने कुरा म सर्वनामको प्रयोगबाट पुष्टि हुन्छ । कविताको शीर्षकबाटै भाव बुझिने

हुँदा कविता सरल छ । अन्योलपूर्ण स्थितिलाई रातमा आरोप गरिएकाले रूपक अलङ्कार भेट्न सकिन्छ । सरल र सरस भाषाशैलीको प्रयोगले कविता आस्वाद्य बनेको छ ।

### ५.२.११ 'यो आकाश पनि के आकाश'

'यो आकाश पनि के आकाश' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह दशौँ कविता हो । नेपाली राजनीति क्षेत्रमा लागेका र त्यही राजनीतिक विकृति र विसङ्गतिलाई आफ्ना कवितामा उतार्ने श्रेष्ठको यस कवितामा पनि त्यही राजनीति प्रतिको आक्रोश व्यक्त भएको छ । धरती माथि आकाश जस्तै नेपाली जनातमाथि नेता तथा तिनको नेतृत्व छ । आकाशलाई देवता मानेर पुजे पनि उसले कुनै आड भरोसा धरतीलाई दिन नसके झैँ नेपाली जनतालाई नेता तथा राजनीतिले कुनै सुव्यवास्था शान्ति दिन नसकेकाले अब उनीहरूको विरोध गर्ने व्यक्तिहरू बढिरहेका छन् भन्दै कालो बादल, कुहिरो, तुवाँलोको प्रसङ्ग ल्याएका छन् । आकाशलाई राजनेता तथा नीतिको प्रतीकका रूपमा लिएकाले यो कविता प्रतीकात्मक बन्न पुगेको छ । अब जनताले राजनेतलाई विश्वास गर्दैनन् भन्ने भाव प्रतीकात्मक ढङ्गमा यसरी व्यक्त भएको छ :

अब ऊ आकाश देवता रहेन
यस एक्काइसौँ शताब्दीमा ऊ कसैबाट पुजिँदैन
कसैले मान्दैन पनि
उसको नेतृत्व
कसैले राख्दैन उसको महत्त्व

(**अस्ताउन लागेको सुस्ता**, पृ.१८)

गद्य लय र मुक्त छन्दमा रचिएको यो कवितामा एक अक्षरेदेखि पाँच अक्षरे अन्तरिक्षयान, विध्वंसकारी, अन्ततोगत्वा जस्ता गरी जम्मा ४२९ शब्द रहेका छन् । त्यसैले, यसैले, त्यसैले, गरी तीन अनुच्छेदमा विभाजन गरेको भान हुने यो कविता साढे चार पृष्ठमा संरचित छ । अन्ततोगत्वा, संरक्षण, छत्रछाया, भ्रम, निर्मल, शस्त्रअस्त्र, आस्था, अधीनस्थ, अस्तित्त्व जस्ता तत्सम हुल, बथान, सरोकार, ढपक्क, कुहिरो, तुवाँलो, खहरे, खोला जस्ता ठेट नेपाली सुनामी जस्तो आगन्तुक शब्दहरूको प्रयोग गरिएको यो कविता प्रतीकात्मक कविता हो । आकाशलाई राजनीतिको प्रतीकका रूपमा लिइएकाले यस कविताको शीर्षक पनि प्रतीकात्मक छ । ऊ सर्वनामको प्रयोगले कविता तृतीय पुरुषात्मक कथनढाँचामा आबद्ध छ भन्ने कुरा पुष्टि हुन्छ । तत्सम शब्दको बाहुल्यता भए पनि कविताको भाषा सरल र शैली सरस छ । समग्रमा कविता सुबोध्य छ ।

### ५.२.१२ 'उन्नाइस'

'उन्नाइस' कविता **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको एघारौँ कविता हो । नेपाली राजनीतिमा १९, १९, १९ गते र दिनले ल्याएका उथलपुथललाई यस कवितामा व्यङ्ग्य गर्न खोजिएको छ । २०५८ साल ज्येष्ठ १९ गते राजा विरेन्द्रको सम्पूर्ण परिवारसहित मृत्यु हुनु, २०६१ साल माघ १९ गते प्रधानमन्त्री देउजा लगायत सबै नेताहरूलाई नजरबन्द गरी तत्कालीन राजा  ज्ञानेन्द्र आफ्नो नेतृत्वमा सरकार गठन गर्नु र त्यसैको विरोधमा २०६२ चैत्र २४ देखि चलेको १९ दिने आन्दोलनले देशमा प्रजातन्त्रको पुनर्स्थापना निरङ्कुश राजतन्त्रको अन्त्य गरेको कुरालाई यस कवितामा व्यङ्ग्य गर्न खोजिएको छ ।

गद्य लय र मुक्त छन्दमा रचिएको यो आधा पृष्ठमा संरचित यो छोटो कविता   हो । असम्भव शक्ति, महत्त्वाकांक्षा, बिडम्बना, साहसी, राजा जस्ता तत्सम शब्दको बाहुल्यता रहेको यस कवितामा जम्मा ५३ शब्द रहेका छन् । १ अक्षरे त, न देखि ५ अक्षरे महत्त्वाकाङ्क्षा सम्मका शब्द रहेको यो कविताको शीर्षक उन्नाइस सार्थक   देखिन्छ । तृतीय पुरुष कथनढाँचामा आबद्ध यो कविता छोटो र मीठो रहेको छ । कविताको भाषा सरल र सरस छ ।

### ५.२.१३ 'कुप्रवृत्तिको निरन्तरता'

'कुप्रवृत्तिको निरन्तरता' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको बाह्रौं कविता हो । बालकृष्ण समको स्वर्ग र देवता कवितामा धरतीरूपी आमालाई मान्छेरूपी सन्तानले दिएको दुःखको वर्णन झैँ यस कवितामा पनि नेपाल आमालाई आफ्नो स्वार्थका निम्ति धनपिपासु तथा सत्तापिपासुहरूले छियाछिया पारेको कुरालाई प्रतीकात्मक ढङ्गमा यहाँ व्यक्त गर्न खोजिएको छ । देशका प्राकृतिक स्रोत र सम्पदाको भरपुर प्रयोग गरेर देशलाई नङ्ग्याइसक्यौ भन्ने आक्रोश कविले व्यक्त गर्छन् । देशका नदीनाला वनसम्पदा जडिबुटी र अन्य सम्पदाहरू बेचविखन गर्दै आमालाई टुक्रयाउदै आफ्नै आमाको मासु ताछेर बेच्यौं भन्दै कवि यसरी दुःख प्रकट गर्छन् :

चाउरी परेका आमाका मांसपेशीहरू<br>
हतियारले ताछ्दै छौँ, चिथोरेर खाँदै छौँ<br>
चोक्टा चोक्टा पारेर ।

(**अस्ताउन लागेको सुस्ता**, पृ.२३)

गद्य लय र मुक्त छन्दमा रचिएको यस कवितामा मातृभूमिप्रतिको प्रेम अगाध रूपमा व्यक्त भएको  छ। देशलाई विभिन्न नाममा टुक्रयाउने प्रयास नगर्न कवि यस कविता मार्फत आग्रह गरिरहेका छन् । १ अक्षरे देखि ५ अक्षरे अस्थिपञ्जर,सम्मका शब्ददहरू रहेका छ । यस

कवितामा स्तन, अङ्ग, अस्थिपञ्जर, मांसपेशी स्तम्भ जस्ता तत्सम दुध, रगत जस्ता तद्भव गिलास, ठेलागाडी, कुर्सी, काँच जस्ता आगन्तुक तथा विस्कुन, चाउरी, लाम्टा, छाना, घुट्की, चोक्टा, दलित जस्ता ठेट नेपाली गरी जम्मा १९३ शब्दको प्रयोग गरिएको छ । चार अनुच्छेद र तीन पृष्ठमा संरचित यस कवितामा हामी सर्वनामको प्रयोगले प्रथम पुरुष कथनढाँचाको प्रयोग गरिएको कुरा पुष्टि हुन्छ । कविताको शीर्षक कुप्रवृत्तिको निरन्तरताले कवितामा मानवीय कुप्रवृत्तिको प्रस्तुति छ भन्ने कुरा थाहा हुने भएकाले कविताको शीर्षक सार्थक छ । कवितामा आमालाई नङ्ग्याउने, लाम्टा चुस्ने, मासु ताछ्ने प्रसङ्ग प्रतीकात्मक ढङ्गमा आएका छन् । कविताको भाषा सरल र सरस छ ।

### ५.२.१४ 'स्वाभिमान'

'स्वाभिमान' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको तेह्रौं कविता हो । यस कवितामा कविको स्वाभिमानीपन देखिएको छ । आफू गरिब भए पनि अर्काको दयाको पात्र नबनी बरु कठोर चोटले खारिएर अघि बढ्न चाहने कुरा कवि यसमा व्यक्त गर्छन् । मित्रता, सद्भाव र स्नेहका सधैं इच्छुक रहने कविले अर्काको कोट र नोटको भने आवश्यकता नभएको कुरा बताएका छन् ।

साथी भन्दै सम्बोधन गरिएको यस कवितामा म र तिमी सर्वनामका साथै साथ, मित्र जस्ता नाम समबोधन गर्दै अन्तरनाटकीकृत शैली वा द्वितीय पुरुषात्मक कथनढाँचा प्रयोग गरिएको छ । देऊ नदेऊ जस्त आज्ञार्थक क्रियापदका पुनरावृत्तिले कवितामा लयातमकता थपेको छ । गद्य कविताहरूकै बाहुल्यता रहेको सङ्ग्रह अन्तर्गतको यो कविता पनि गद्य लय र मुक्त छन्दमा रचिएको छ । १ अक्षरे र त देखि ५ अक्षरे कठ्याङ्ग्रिएको सम्मका शब्दहरू प्रयोग गरिएको यस कवितामा जम्मा १३२ शब्दहरू रहेका छन् । २ पृष्ठमा संरचित यस कवितामा अनुच्छेद विभाजन भने गरिएको छैन । विपन्नता, पश्चाताप, सान्त्वना, पीडा मित्र कुकर्म जस्ता तत्सम नोट, स्वेटर, कोट जस्ता आगन्तुक चौर, दाम, डण्डीबियो, कठ्याङ्ग्रिएको, पाखा जस्ता ठेट नेपाली शब्दको प्रयोग यस कवितामा गरिएको छ । कविताको शीर्षकबाटै भाव बुझिने हुँदा शीर्षक सार्थक छ । कविताको भाषा सरल र सरस छ ।

### ५.२.१५ 'हाम्रा नियतिहरू'

'हाम्रा नियमितहरू' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रहअन्तर्गतको १४ औं कविता हो । यो कविता २०६४ सालमा सोपान पूर्णाङ्क ३ मा प्रकाशित र सिद्धार्थ एफ.एम.बाट प्रसारित

सामाजिक कुरीति र कुसंस्कार अन्धविश्वास, आदिलाई छेड हान्न लेखिएको यस कवितामा कविले हामीमाथि भएको परम्पराको रजाइ तोड्न खोजेका छन् । परम्पराका नाममा छुवाछुत जस्तो सामाजिक कुरीतिलाई प्रश्रय दिएको कुरा व्यक्त गर्दै समाजलाई असल बाटोमा अग्रसर गराउने व्यक्तिको सम्भनाका रूपमा रहेका शालिक भत्काउने प्रसङ्ग पनि ल्याएका छन् । विकास र उन्नतिका लागि कुरीतिलाई जरैदेखि उखेलेर फाल्नुपर्छ भन्ने भाव व्यक्त गर्न कविता सक्षम छ । सामाजिक कुरिति, कुसंस्कार र कुकर्मलाई छोड्न नसक्ने हामीहरू छुवाछुत र जातपातको अमानवीय संस्कारलाई छोड्न सक्दैनौं तर चौराहामा ठडिएका निर्जीव शालिक इतिहासको धरोहर भत्काउन तम्सिरहेका छौं भन्दै हामीलाई यसरी सचेत गराइरहेका छन् :

वरिपरि कहिले एउटा खुट्टा खपाएर
कहिले लामो जुगा मुसार्दै
टाउको हल्लाउँदै
मुस्कुराउँदै छन्
हाम्रा सफेदपोस अनुहारहरू
एकाविहानै
हाम्रो घरहरूको मूल ढोका खोल्दै
हामीलाई गिज्याइरहेछन्
छुवाछुत र सामाजिक कुरीतिहरू
तर इतिहासलाई विर्सिने गरी
हामी तोड्दै छौं निर्जीव
चौराहामा ठडिएका शालिकहरू

(**अस्ताउन लागेको सुस्ता**, पृ.२७)

गद्य लय र मुक्त छन्दमा रचिएको भए पनि नियतिहरू, वरिपरि, मुसार्दै, हल्लाउदै, यताउता शालिकहरू, मालिकहरू जस्ता शब्द पङ्क्तिका अन्त्यमा आउँदा कवितामा अन्तरलयात्मकताको सिर्जना भएको छ । १ अक्षरे र देखि ५ अक्षरे परम्परागत, सम्मका शब्दहरू रहेको यस कवितामा सफेदपोस, कुर्सी, इमान्दार, मालिक, शालिक, जस्ता आगन्तुक गजधम्य, खप्ट्याएर, जुगा, टाउको जस्ता ठेट नेपाली शब्दहरूका साथै नियति निर्जीव कुरीति, शताब्दी जस्ता तत्सम शब्दहरू रहेका छन् । परम्पराले नै हाम्रो नियति निर्धारण गरेको छ भन्ने भाव कवितामा रहेको र हाम्रा नियतिहरू भन्ने शीर्षकले सङ्केत गर्न खोजेकोले शीर्षक सार्थक मान्न सकिन्छ । शालिक जस्ता सामाजिक बिम्बहरू पनि यस कवितामा प्रयोग गरिएको छ । हामी

सर्वनामको प्रयोगले कविता प्रथम पुरुषकथनढाँचामा आबद्ध छ भन्ने कुरा प्रष्ट हुन्छ । सरल र सरस भाषाशैलीको प्रयोगले कविता सुबोध्य बन्न पुगेको छ ।

**५.२.१६ 'उन्मत्तता'**

'उन्मत्तता' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको पन्ध्रौं कविता हो । यो कविता २०६४।०९।०८ मा रूपन्देही एफ. एम. बाट प्रसारित समेत गरिएको छ । यस कवितामा लगाम बिनाका घोडा, फुकुवा साँढेहरूलाई राजनेता तथा समाजका ठूलाबडा भनाउँदाहरूको प्रतीकका रूपमा लिइएको छ । आफ्नो स्वार्थ र चाहना जनतामाथि भइरहेका अन्याय र अत्याचारलाई कविले देखाउन खोजेका छन् ।

गद्य लय र मुक्त छन्दमा रचित यो कविता ५१ अक्षर र १ पृष्ठमा संरचित छोटो कविता हो । १ अक्षरे झैं देखि ५ अक्षरे उषाकिरण सम्मका शब्दहरू रहेको यस कवितामा साँढे, घोडा जस्ता प्रतीकहरूको प्रयोग गरिएको छ । बजार, लगाम, जस्ता आगन्तुक मियो, फुकुवा, ओछ्यान जस्ता ठेट नेपाली शब्दका साथै निर्बन्धन, उन्मत्तता, निरीह, प्राणी, उत्तेजना, उषाकिरण जस्ता तत्समको शब्दको प्रयोग पनि यस कवितामा गरिएको छ । २ अनुच्छेदमा विभाजित यस कवितामा बाह्य कथनपद्धतिको प्रयोग गरिएको छ । शीर्षकले कविताको भाव बुझाउने हुँदा शीर्षक उन्मत्तता, सार्थक देखिन्छ । कविताको भाषा सरल र सरस छ ।

**५.२.१७ 'खै लोकतन्त्र'**

'खै लोकतन्त्र' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको सोह्रौं कविता हो । यस कवितामा समय समायमा भएका राजनीतिक परिघटनाले स्वरूपमा परिवर्तन देखिए पनि व्यवहारमा जनताले यथार्थ लोकतन्त्रको अनुभूति गर्न नपाएकाले लोकतन्त्र प्रति प्रश्न चिह्न खडा गरिएको छ । देशको उन्नतिका निम्ति सहिदले प्राणाहुति दिएको खेर गयो भन्ने भाव यस कवितामा व्यक्त गरिएको छ । नयाँ नेपालको निर्माण गर्ने अगुवाहरूलाई झकझक्याउने काम यस कविताले गरेको छ । जति पटक व्यवस्था परिवर्तन भए पनि स्थिति परिवर्तन भने नभएको कुरा देखाइएको छ । :

प्रजातन्त्र पायौं भन्यौ
सात र सत्चालीस सालमा
अहिले सम्म के भयो खै
अझै यथास्थितिमै छ बेहालमा

(**अस्ताउन लागेको सुस्ता**, पृ.३०)

सङ्ग्रहका फाटफुट पद्य रचनामध्येको यो पनि पद्य कविता हो । कुनै छन्दको नियमलाई यसमा निर्वाह गरिएको भने छैन । ६, ७, ६, ६ र ९ पङ्क्तिका ५ अनुच्छेदमा संरचित यस कवितामा अदालत, ठेकेदार, सहिद, आन्दोलन, बन्दुक, फोटो, बदनाम जस्ता आगन्तुक अड्क्यो, अनाहक, ख्याल ख्यालमा खिया, खाल जस्ता ठेट नेपाली प्रजातन्त्र यथास्थिति, व्यतीत, संख्या, वीर, निर्माण, सुन्दर, शान्त जस्ता तत्सम शब्दहरू गरी जम्मा १२९ शब्दको प्रयोग गरिएको छ । कविताका पङ्क्तिका अन्त्यमा भन्यौ-भन्यौ, सालमा, बेहालमा, खालमा-नालमा जस्ता शब्दको पुनरावृत्तिले अन्त्यानुप्रास अलङ्कार हुनुका साथै लयात्मकताको पनि सिर्जना गरिएको छ । कविता तृतीय पुरुष कथन ढाँचामा आबद्ध छ । खै लोकतन्त्र शीर्षकले नै कविताको भाव बुझाउने हुँदा शीर्षक सार्थक छ । कविताको भाषा सरल र सरस छ । समग्रमा कविता सुबोध्य छ ।

### ५.२.१८ 'हतियार विरुद्ध मेरो कविता'

रामबहादुर श्रेष्ठद्वारा लिखित 'हतियार विरुद्ध मेरो कविता' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको सत्रौँ कविता हो । यो कवितासङ्ग्रह भित्रको सशक्त कविता हो यसमा कविले हतियार भन्दा स्रष्टाको कलम धारिलो हुन्छ भन्दै हतियारमा दम्भ गर्नेहरूलाई चुनौती दिएका छन् । कविले यसमा शस्त्रलाई शास्त्रले हराउन सकिन्छ भन्ने भाव देखाउन खोजेका छन् । कलम सानो भैकन पनि उसमा मानवहरूमा चेतना शान्ति र सद्भाव जगाउने क्षमता हुन्छ तर हतियारमा भने विध्वंस र विनासबाहेक अरू केही गर्ने क्षमता नभएको कुरा यसमा देखाइएको छ । हतियारको विरोध गर्नु भनेकै शाीन्तको चाहना गर्नु हो र यस कवितामार्फत् कविले शान्तिको चाहना व्यक्त गरेका छन् । हतियार र कलमको द्वन्द्वमा सधैँ कलम अर्थात् कविताको विजय हुन्छ भन्दै कवि भन्छन् :

युद्धको मैदानमा
सद्विचारको रणनीति लिएर उभिएको छ मेरो कविता
हिम्मतका साथ
युद्धको आह्वान गरिरहेछ मेरो कविता
यसैले होसियार प्रतिपक्षहरू
मेरो कवितासँग सङ्घर्ष गर्न सक्दैनौं

(**अस्ताउन लागेको सुस्ता**, पृ.३५)

गद्य लय र मुक्त छन्दमा रचिएको यस कवितामा एक अक्षरे र छ देखि पाँच अक्षरे विध्वंसकारी सम्मका शब्दहरूको प्रयोग गरिएको छ । मुकाबिला, सामना, बम, बारुद, जुलुस,

नारा, पेन्टागन जस्ता आगन्तुक निर्मम, कुकर्म, दमन, आतङ्क, निरुङ्कुश, अन्याय, अत्याचार, विरुद्ध, अनैतिक, समानान्तर, पराजय, विध्वंस, हर्षोल्लास, आह्वान जस्ता तत्सम टुप्पो, तिखो, हतियार, खिया, फलामे जस्ता ठेट नेपाली गरी जम्मा २०१ शब्द हरूको प्रयोग गरिएको यो कविता ४ पृष्ठ र ३ अनुच्छेदमा संरचित छ । कविता प्रथम पुरुष दृष्टिविन्दुमा रचिएको छ । कविताको शीर्षकबाटै भाव प्रष्ट हुने हुँदा शीर्षक सार्थक  छ । कविताको भाषा सरल र सरस छ । कविता समसामयिक छ ।

### ५.२.१९ 'दुई तृष्णा'

'दुई तृष्णा' **अस्ताउन लागेको सुस्ता** कविता सङ्ग्रह अन्तर्गतको अठारौँ कविता हो । जीवनमा सुख समृद्धिको चाहना कहिल्यै पूरा नहुने इच्छा आकाङ्क्षा नै तृष्णा हुन् भन्ने भाव यस छोटो कवितामा देखाउन खोजिएको छ । मानव जीवनका इच्छा र आकाङ्क्षा कहिल्यै पूर्ति हुँदैनन् तिनको पूर्तिकै निम्ति मानव सदा गतिशील रहन्छ । त्यसैले फलस्वरूप नयाँ नयाँ विकास र उन्नतिका क्रियाकलाप हुन्छन् तर यस कवितामा कविले आफ्ना अपूर्ण र असफल तृष्णाका कारण हार मानेको प्रसङ्ग देखाएका छन् ।

गद्य लय र मुक्त छन्दमा रचिएको यो कविता २ अनुच्छेद र १ पृष्ठमा संरचित  छ । यसमा असीमित, असहज, असफलता, विरुद्ध, सशक्त, सुख, समृद्धि जस्ता तत्सम मुख, जिब्रो, हात घाउ जस्ता तद्भव बाटो, जुवा, खाल, गोजी, निको, भित्ता, छ्याल्ल, ब्याल्ल जस्ता ठेट नेपाली गरी जम्मा ४३ शब्दको प्रयोग गरिएको छ । प्रथम पुरुष   दृष्टिविन्दुमा रचिएको यस कविताको शीर्षकले नै कविताको भाव बुझाउने हुँदा शीर्षक सार्थक  देखिन्छ । कविताको भाषा सरल र सरस  छ । कविता छोटो भएर पनि मीठो छ ।

### ५.२.२० 'बाध्यता'

'बाध्यता' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको उन्नाइसौँ कविता हो । यस कवितामा लोक परलोक जे भए पनि मानिसलाई वर्तमानमा साँझ र विहान पेट जसरी भए पनि भर्नुपर्ने बाध्यता रहेको प्रसङ्ग उठाइएको छ । सही, गलत, असल, खराब, पाप, पुण्य सबैका अगाडि भोक नै आउने हुनाले भोक टार्न सकेमा मात्र अन्य कुरातर्फ ध्यान जाने कुरा देखाइएको छ ।

गद्य लय र मुक्त छन्दमा रचित २५ शब्दको मात्र प्रयोग गरिएको यो पनि एक छोटो कविता नै हो । लोक, परलोक, वर्तमान, माया, मोह, लोभ, स्वार्थी जस्ता तत्सम शब्दका साथै

वा, नै, पनि, जति जस्ता संयोजकहरूको पनि प्रयोग गरिएको यो कवितामा ३ अक्षरे वर्तमान सम्मका शब्दको प्रयोग छ । कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचित छ । कविताको शीर्षक पनि कविताअनुरूप नै रहेकाले सार्थक देखिन्छ । कविताका भाषा सरल र सरस छ । वा, वा,  आखिर, आखिर रहेछ, रहेछ, थोक, मोह, लोक जस्ता कविताका पङ्क्ति अन्त्यमा आउने शब्दले कवितामा अन्त्यानुप्रासको सिर्जना गरेकोले कविता लयात्मक बन्न पुगेको छ ।

### ५.२.२१ 'चार हाइकु'

'चार हाइकु' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको बीसौँ कविता हो । कविताका लघुत्तम रूप अन्तर्गत पर्ने हाइकुमा १ अपूर्ण वाक्यले सम्पूर्ण भाव बुझाउछ । जापानी भाषाबाट सुरु भएको हाइकु अहिले सम्पूर्ण विश्व साहित्य जगतमा फैलिँदै आएकाले श्रेष्ठ पनि उक्त हाइकुमा आफ्ना भाव सम्प्रेषण गर्न उद्यत देखिन्छन् । लोकतन्त्रको नाममा भैरहेको मनपरीतन्त्रलाई कविले पहिलो हाइकुमा दण्डहीनताको नाम दिएर लेखेका छन् । दोस्रोमा प्रतीकात्मक ढङ्गमा थुप्रै खेलाडी भनेर नेताहरूलाई इङ्गित गरेका छन् । भकुण्डो अर्थात् काम नभए पनि उनीहरू पदमा बसिरहेका छन् भन्ने भाव व्यक्त भएको छ । सबैलाई सस्तो दोसल्लाले सम्मान गरेर भागवण्डा गरेझैँ चित्त बुझाइका निमित देश विखण्डनको चाहना प्रति रोष तेस्रो हाइकुमा प्रकट भएको छ भने इन्द्रधनुषका सात रंग झैँ फरक फरक धारका नेतृत्वले गर्दा देशमा शान्ति, सुव्यवस्था र विकासको स्थायीत्व हुन नसकेको कुरा देखाइएको छ ।

८ शब्दमा पहिलो, ६, ६ शब्दमा दोस्रो र तेस्रो र ७ शब्दमा रचित चौथो हाइकुले राजनैतिक विकृति र विसङ्गतिलाई इङ्गित गरेका छन् । शीर्षक कविताकै लघुत्तम रूपको नामबाट राखिएको छ । भाषा सरल र सहज छ ।

### ५.२.२२ 'हिम्मत र जाँगर'

'हिम्मत र जाँगर' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको एक्काइसौँ कविता हो । यस कवितामा हिम्मत र जाँगरलाई अधिकतम सदुपयोग गर्न खोज्दा खोज्दै पनि सफलता प्राप्त गर्न नसकी जीवन व्यतीत भएको निराशावादी स्वर प्रकट भएको  छ । हिम्मतिला र जागरिलाले भन्दा चाकरीवाज, चाप्लुसीबाजले नै अवसर प्राप्त गरेको कुरा यस कवितामा देखाइएको छ ।

गद्य लय र मुक्त छन्दमा रचित यस कवितामा १ अक्षरे र देखि ५ अक्षरे नवीकरण सम्मका गरी जम्मा ८६ शब्दको प्रयोग यस कवितामा गरिएको छ । थकित, धरती, सम्पूर्ण,

आलस्यता, पुनः प्रयास, नवीकरण, निरर्थक, व्यतीत, अवमूल्यन जस्ता तत्सम गिलास, हिवस्की, हाल, जागीर जस्त आगन्तुक जागर, खिल्ली, इत्रिदै, चुरोट जस्ता ठेट नेपाली शब्दको प्रयोग गरिएको यो कविता प्रथम पुरुष दृष्टिबिन्दुमा रचित छ । शीर्षकले कविताको भावलाई सङ्केत गर्ने हुँदा शीर्षक सार्थक देखिन्छ । खोजेँ, बसेँ, सिँगारेँ, सम्झेँ, पिएँ, गरेँ, सल्काएँ जस्ता प्रथम पुरुषात्मक क्रियापदले कविताका पङ्क्तिका अन्त्यमा अनुप्रासको सिर्जना गरेका छन् र लयात्मकता थपेका छन् । कविता २ अनुच्छेद र साढे एक पृष्ठमा संरचित भएकाले छोटो कविता अन्तर्गत पर्दछ । कविताको भाषा सरल र सरस छ ।

### ५.२.२३ 'अस्ताउन लागेको सुस्ता'

'अस्ताउन लागेको सुस्ता' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको बाइसौँ कविता हो । सङ्ग्रहकै नामकरण यस कविताको नामबाट गरिएकाले यो सङ्ग्रहभित्रको सर्वोत्कृष्ट र प्रतिनिधि रचना हो । विदेशीहरूद्वारा हाम्रो भूमिमाथि भइरहेको सीमातिक्रमणको समसामयिक विषयलाई लिएर रचिएको यसि कवितामार्फत् कविले सबै नेपालीहरूलाई सचेत गराएका छन् । हाम्राा पुर्खाहरूले आफ्नो रगत र पसिना चुहाएर कसैको अधीनमा उपनिवेशमा पर्न नदिई राखेको राष्ट्र आज विस्तारै विस्तारै अरूको हातमा पर्न लागेको कुरा देखाइएको छ । सुगौली सन्धिमा प्रत्यक्षतः नेपालको दुई तिहाई भूभाग गुमेजस्तै अप्रत्यक्ष रूपमा सुस्ता क्षेत्र पनि विदेशीले आफ्नो हातमा पारिसकको कुरा यस कवितामा देखाउन खोजिएका छ । देशका नेता भनाउँदाहरूले हाम्रा नदी, नाला, भूमि सम्पूर्ण विदेशीको हातमा गइपुग्दा पनि केही नबोली टुलुटुलु हेरेको सत्यतालाई कविले यहाँ उजागर गरेका छन् । विदेशीको इशारा नेपालीहरू हिँडिरहेको कुरा पनि यसमा देखाउन खोजिएको छ । राजनैतिक वृत्तमा अत्यन्त चर्चा र देशप्रेमीहरूका निम्ति असाध्य चिन्ताको विषय बनेको सुस्ता क्षेत्र पनि क्रमश : काँगडा र टिस्टा जस्तै गुम्न लागेको कुरा कवितामा यसरी व्यक्त भएको छ :

सुस्त सुस्त गरी
किस्ताबन्दीमा
हामीले छाड्ने भयौँ
काँगडा र टिस्टा जस्तै
विस्तारै विस्तारै सुस्ता

(**अस्ताउन लागेको सुस्ता**, पृ. ४१)

गद्य लय र मुक्त छन्दमा रचिएको यस कवितामा एक अक्षरे र देखि ५ अक्षरे दुग्धविहीन सम्मका गरी जम्मा ७४ शब्दको प्रयोग गरिएको छ । सुस्त-सुस्त, विस्तारै विस्तारै जस्ता

अनुकरणातमक अधीनस्थ, दुग्धविहीन, स्तन, भूमि जस्ता तत्सम कुस्ती, फौवाली, किस्ताबन्दी, सायद जस्ता आगन्तुक शब्दहरूको प्रयोग गरिएको यो कविता एक पृष्ठमा संरचित छ । यसमा अनुच्छेद विभाजन भने गरिएको छैन । काँगडा टिस्टा जस्ता ऐतिहासिक प्रसङ्ग ल्याइएको यस कवितामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । कविताको शीर्षकले नै कविताको सम्पूर्ण भाव बुझाउने हुँदा शीर्षक सार्थक छ । कविताको भाषा सरल र सहज छ । कवितामा आउने 'स्ता' वर्णको आवृत्तिले कवितामा अनुप्रास र लयात्मकताको सिर्जना गरेकाले कविता मीठो, बन्न पुगेको छ ।

### ५.२.२४ 'चिसोको समापन'

'चिसोको समापन' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रहअन्तर्गतको तेइसौँ कविता हो । राजनैतिक पार्टीहरूमा देखिएको चिसोपनलाई सङ्केत गर्दै प्रस्तुत कविताले निश्चित लक्ष्यप्राप्तिका निम्ति सो चिसोपन हट्ने परिस्थतिको सिर्जना भएको भाव प्रकट गरिएको छ चिसोपनाले आलस्यता कार्यगराईको ढिलोपना लाई बुझाउँछ । त्यही चिसोपनालाई सबै जनताले आन्दोलन, प्रतिकार, विद्रोह, गरी राजनेताहरूलाई तातिन आग्रह गरेको कुरालाई यस कवितामा प्रतीकात्मक ढङ्गमा देखाउन खोजिएको छ । जसरी तापले सबै कुरामा सकारात्मक विकास अनि परिवर्तन ल्याउछ । त्यस्तै ताप हाम्रो रगतमा नआएसम्म विकास निर्माणका व्यवहारिक राजनैतिक परिवर्तन नआउने हुनाले सबै तातिएका छन् भन्ने आशय व्यक्त गरिएको छ । तात्दा तात्दै भष्मिभूत पो भइने हो कि भन्ने आशङ्काले सबैले शान्त मनस्थितिको पनि सिर्जना गरौँ भन्दै कवि भन्छन् :

फेरि एक पटक
वर्तमानलाई तातिने क्रम रोकेर
आ-आफ्नो मनमस्तिष्कलाई
ऋृतु परिवर्तन गरी यो धरातललाई विलकुल नयाँ बनाउनु परेको छ ।
(**अस्ताउन लागेको सुस्ता**, पृ.४६)

गद्य लय र मुक्त छन्दमा रचित यो कविता ७ अनुच्छेदमा विभाजित र साढे चार पृष्ठमा संरचित छ । १ अक्षरे छ, त, र देखि ६ अक्षरे अपरिहार्यता सम्मका गरी जम्मा ३५१ शब्दहरूको प्रयोग गरिएको यो कविता सङ्ग्रह अन्तर्गतकै लामो कविता हो । धरातल, तापक्रम, द्रविभूत, समापन, वातावरण, परिस्थिति, रक्तचाप, सीमा, मनमस्तिष्क, भष्मिभूत, सङ्घर्ष, घर्षण, द्वन्द्व, प्रज्वलनशील, रक्तरञ्जित, ज्वालामुखी, नैराश्यता, दृश्य, नियति, स्वभाव, निकट, सम्भावना, अस्थिपञ्जर आदि जस्ता तत्सम शब्दहरूको बाहुल्यता रहेको यस कवितामा 'बुद्धम् शरणम्'

जस्तो संस्कृत पदावलीको पनि प्रयोग गरिएको छ । गाउँ, वेसी, पातपतिङ्गर, ठिङ्ग, बाला, पराल, आली, गरा, कान्ला जस्ता ठेट नेपाली शब्दहरूको प्रयोग यस कवितामा भएको छ । गाउँ, वेसी, पराल, गरा जस्ता प्राकृतिक बिम्बहरूको प्रयोग गरिएको यस कविताको शीर्षक प्रतीकात्मक छ । तृतीय पुरुष दृष्टिविन्दुमा रचना गरिएको यस कवितामा भएको छ, नाघेको छ, तातेको छ जस्ता पङ्क्तिका अन्त्यमा आएका क्रियापद रूप, धूप, मष्मिभूत, रक्तरञ्जित जस्ता शब्दहरूले अन्त्यानुप्रासीय लयात्मकताको सिर्जना गरेका छन् । तत्सम शब्दको बाहुल्यताका साथै संस्कृत पदावलीको प्रयोगले गर्दा कविताको भाषा अलि कठिन बन्न पुगेको छ । समग्रमा कविता प्रतीकात्मक ढङ्गमा आफ्नो भाव वहन गर्दै नेपालीहरूलाई तताउने उद्देश्यमा सफल बन्न पुगेको छ ।

### ५.२.२५ 'प्रतिगमन'

'प्रतिगमन' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको चौबीसौँ कविता हो । अग्रगमन तर्फ उन्मुख हुन नसकी प्रतिगमनकै अनुयायी बन्ने प्रवृत्ति प्रति चिन्ता प्रकट गर्दै लेखिएको यस कवितामा सङ्घीयताको नाममा आठ सय जिल्लाको परिकल्पना सम्म गर्न सक्ने हाम्रा नेताहरूले जाति र भाषाका आधारमा देश विखण्डनको गोरेटोमा उभ्याउन खोजेकोमा आक्रोश प्रकट गरेका छन् । नेपाली समाजमा परिवर्तन भएका कुराहरूको जतिसुकै चर्चा गरे पनि यथार्थमा अप्रिय यथास्थिति रहेको भाव व्यक्त गर्दै क्रान्तिकारी परिवर्तनका नाममा हुने आन्दोलनले केवल सहिदहरूको संख्या मात्र बृद्धि गरेको उनको दाबी छ । यसैले नयाँ नेपालको निर्माण कहिले हुन्छ भनेर प्रश्न गर्दै यसप्रति आफू व्यग्र भएको विचार उनले प्रकट गरेका छन । राज्यद्वारा जनताका पक्षमा कुनैपनि सकारात्मक कार्य गर्न नसकेकोले उनले यसप्रति बारम्बार गुनासो व्यक्त गरेका छन् । सङ्घीयताका नाममा मुलुक फेरि बाइसे चौबिसे राज्यको विखण्डनतिर लागेको उनको ठम्याइ छ ।

गद्य लय र मुक्त छन्दमा रचित यस कवितामा एक अक्षरे र देखि ५ अक्षरे चीरहरण सम्मका गरी जम्मा ९३ शब्दहरूको प्रयोग गरिएको छ । शिर, हिमाल, भविष्य, प्रत्येक, क्रिया, पराधीन, राज्य, सङ्गठित, निर्माण, अन्तराल, निष्प्रभावित, अस्तित्त्व, सीमित, सुप्रभात, चीरहण, गन्तव्य जस्ता तत्सम हामी, हिउँ, माटो, खाल्डो, निम्त्याउँदै, पाइताला जस्ता तद्भव, दोभान, किचकिन्नी जस्ता ठेट नेपाली शब्दहरूको प्रयोग गरिएको यस कवितामा ३ अनुच्छेद छन् । साढे १ पृष्ठमा संरचित यस कवितामा ने मुनि, चीरहण जस्ता पौराणिक, किचकिन्नी जस्ता सामाजिक बिम्बहरूको प्रयोग गरिएको छ । कविताको शीर्षक प्रतिगमनले पछाडि हिँड्नु भन्ने बुझाउने र कविताका भाव पनि त्यसै अनुरूपको भएकाले शीर्षक सार्थक छ । दै प्रत्यय लागेका अपूर्ण काल

जनाउने क्रियाका बढी प्रयोगले भाषिक चारुत्व उत्पादन हुन गई लयात्मकताको सिर्जना भएको छ । हामी सर्वनामको प्रयोगले कविता प्रथम पुरुषीय कथनढाँचामा आबद्ध छ भन्ने कुरा पुष्टि हुन्छ । कविताको भाषा सरल र सरस छ ।

### ५.२.२६ 'निरीह आवाजहरू'

'निरीह आवाजहरू' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको पच्चीसौँ कविता हो । यस कवितामा सङ्गठित बनेर न्याय स्वतन्त्रता  स्वअधिकारका निम्ति उठाइएका जनताका सशक्त आवाजलाई निरीह ठानी वेवास्त ागर्ने प्रवृत्तिको सदाका निम्ति अन्त्य गर्नुपर्ने भाव व्यक्त भएको छ । यस कवितामार्फत् कविले राष्ट्रका अगुवा भनाउँदाहरूले जनताको चाहना र भावनालाई सुन्न र बुझ्न नखोजेकाले गरिब निमुखाहरू निरीह बन्न पुगेका छन् भनेका छन् । नेपालको अनमोल सम्पत्ति सगरमाथालाई चीनले आफ्नो र गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई भारतले आफ्नो भन्दा पनि केही नबोल्ने सम्बन्धित निकायलाई कविले यस कवितामार्फत् व्यङ्ग्य प्रहार गरेका छन् । जनताका नवीन इच्छा आकाङ्क्षा चाहनालाई बाहिर निस्कन दिइएको ढङ्ग भन्ने भाव प्रतीकात्मक ढङ्गमा यसरी व्यक्त भएको छ :

नयाँ शिशुको जन्मलाई
यहाँ रोकिइ राखेको छ ।
नवजात शिशुको
जन्मने द्वारमा ताला लाइरहेछ

(**अस्ताउन लागेको सुस्ता**, पृ.५१)

सुनेर पनि नसुनेको अभिनय गर्ने यो शासन परिपाटी हटाई जनचाहनारूपको शासन पद्धति ल्याउन फेरि आन्दोलन गर्नु परेको छ भन्ने भाव यस कवितामा जम २४२ शब्द  छ । पीडादायी, जीवन्ति, मृत्यु, श्रमिक, शोषण, करुणामय, अनुनय, विनय, स्वामित्व, एकाधिकार, प्रसव, वेदना, क्षीण, शिशु, मेघ जस्ता तत्सम, रित्तो, रगत, सीमाना कान, तेल, घर, साँध जस्ता तद्भव आवाज, सडक आन्दोलन चक्काजाम, नारा, जुलुस जस्ता आगन्तुक गाँस, बास, थाती, भोका, नाङ्गा, इन्तु न चिन्तु, डाँडा, जस्ता ठेट नेपाली शब्दहरूको प्रयोग गरिएको यो कविता छ अनुच्छेद र साढे चार पृष्ठमा संरचित छ । धृतराष्ट्र महाभारतको युद्ध जस्ता पौराणिक, आन्दोलन नारा जुलुस जस्ता सामाजिक बिम्बहरूको प्रयोगका साथै जनभावनाको शासनको प्रतीकका रूपमा नवजात शिशुको देशको प्रतीकका रूपमा घरको प्रयोग गरिएको छ । कविताको शीर्षकले कविताको भाव वहन गर्ने हुँदा शीर्षक सार्थक मानिन्छ । तृतीय पुरुष कथन ढाँचामा संरचित यस कवितामा ६ अनुच्छेद छन् अनुच्छेदको अन्त्यमा त्यो आवाजको मृत्यु भएको छ । वाक्यको

प्रयोगले गदा भाषिक लयातमकताको सिर्जना भएको छ । कविता लामो भए पनि सरल र सरस भाषाशैलीका कारण सुबोध्य बन्न पुगेको छ ।

### ५.२.२७ 'शेर र अक्षरहरू'

'शेर र अक्षरहरू' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको छब्बीसौँ कविता हो । यस कवितामा शक्तिका भरमा नै हुँ भन्नेहरू भन्दा स्रष्टाहरू शब्तदहरू नै बलिया हुन्छन् भन्दै तुलनात्मक रूपमा तलवार भन्दा कलमलाई ठूलो देखाएका छन् । यस कवितामा कविले शक्ति भन्ने कुरा कहिले कोसँग हुन्छ त कहिले कोसँग आज महान् शक्तिशाली मानिएका भोलि डराउँदै भाग्नुपर्ने स्थिति पनि आउन सक्छ भन्ने भाव पहिलो अनुच्छेद मै २५० वर्ष लामो राजसंस्थाको अन्त्य भएको प्रसङ्ग ल्याएर पुष्टि गर्न खोजेका छन् । अक्षरहरू भने कहिले पनि ननासिने र नमासिने भएकाले अक्षरहरू नै सबैभन्दा शक्तिशाली छन् भन्न खोजेका छन् । राजसंस्थाको अन्त्य भएझैँ जनताको चाहना नबुझने हो भने अरूको अवस्था पनि त्यस्तै हुन्छ त्यसैले यस्ता अगुवा को भन्दा अक्षर अथवा ज्ञानका धनी बौद्धिक वर्गको शासन ल्याउन सकिन्छ भन्दै होसियार गराउने काम पनि कविले यस कवितामार्फत् यसरी गरेका छन् :

अबको शासन भनेको
यो धरातललाई
शान्तिमय
नयाँ विहानीको यो आकाशमा
त्यो उषाकिरणले कोर्ने
अक्षरहरूको शासन हो ।

(**अस्ताउन लागेको सुस्ता**, पृ.५७)

गद्य लय र मुक्त छन्दमा रचित यस कवितामा १ अक्षरे र देखि ६ अक्षरे सर्वशक्तिमान् सम्मका गरी जम्मा २११ शब्दहरूको प्रयोग गरिएको छ । धरातल, काल, अन्याय, पराकाष्ठा, उच्च, निरङ्कुश, प्रतीक, निर्लज्ज, सर्वशक्तिमान, तरवार, सङ्घर्ष, युद्ध, लावालस्कर, नेतृत्व, प्रजा, रैती, दास, अन्ततोगत्वा, रक्तपिपासु, उषाकिरण, लिपिवद्ध, निडर, वलिष्ठ जस्ता तत्सम सदी, शेर, पुच्छर, आगो, नासिन जस्ता तद्भव शहर, मुकाबिला जस्त ।आगन्तुक पल्टिन, च्यातचुत, कच्याककुचुक, पर्खाल जस्ता ठेट नेपाली शब्दहरूको प्रयोग गरिएको यो कविता जिममा ५ अनुच्छेद र साढे तीन पृष्ठमा संरचित छ । कविताको शीर्षक तीन शब्द शेर र अक्षरहरू मिलाएर बनाइएको छ जुन आधा प्रतीकात्मक र आधा अभिधार्थमा छ शीर्षकले कविताको भाव वहन गर्ने हुँदा शीर्षक सार्थक छ । ऊ सर्वनामको प्रयोगबाट कविता तृतीय पुरुष कथनढाँचामा आबद्ध छ ।

र र छ जस्ता वर्णहरूको पुनरावृत्तिले गर्दा कवितामा लयातमकताको सिर्जना भएको छ । कविताको भाषा सरल र सरस छ । कवितामा शेरलाई नेताहरूको प्रतीकका रूपमा प्रयोग गरिएको छ । दरबारिया शासन जस्ता ऐतिहासिक बिम्बको प्रयोग आदिले कविता उत्कृष्ट बन्न पुगेको छ ।

### ५.२.२८ 'स्थगित'

'स्थगित' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको सत्ताइसौँ कविता हो । यो एक व्यङ्ग्यात्मक कविता हो । यस कवितामा कविले देशका हरेक क्षेत्रमा देखिएका स्थगितपनलाई व्यङ्ग्य गर्दै नवनिर्माण तर्फ जुट्न आग्रह गरेका छन् । किसानदेखि लिएर प्रधानमन्त्रीसम्म र अस्पतालदेखि लिएर सिंहदरबारसम्म कोही र केही पनि सुचारु ढङ्गले चल्न नपाउँदा देशको विकास र उन्नतिको यात्रा नै स्थगित भएको कुरा कविले यस कवितामार्फत् व्यक्त गर्न खोजेका छन् । देशका मिचिएका साँधको प्रसङ्गमा होस् या नेतृत्ववर्गले ठोस निर्णय र निष्कर्ष लिन नसक्दा जनताका बोल्न र प्रतिकार गर्न पाउने हक नै कुण्ठित भएको भाव कवितामा प्रस्तुत गरिएको छ । जनताले प्रत्येक पटक नयाँ कुरा ल्याउन आन्दोलन नै गर्नु पर्ने बाध्यता कवि यसरी प्रकट गर्छन् :

तालाबन्दी
चक्काजाम
आन्दोलन
सङ्घर्ष नगरी
केही गर्न नसक्ने
लाचार
बालुवाटार स्थगित

(**अस्ताउन लागेको सुस्ता**, पृ.५९)

गद्य लय र मुक्त छन्दमा रचिएको यस कवितामा १ अक्षरे र देखि ६ अक्षरे पदलोलुपता सम्मका गरी जम्मा १७६ शब्दको प्रयोग गरिएको छ । गन्तव्य, स्थगित, मरणासन्न, नदी, मौन, न्याय, विहीन, अशानित, हत्या, हिंसा, सङ्घर्ष, लाचार, सुचारु, सदन, निष्कर्ष, वार्ता, निर्णय, विकास, गति, धनाढ्य, तृष्णा, पदलोलुपता, स्वार्थ, राजनीति, नवजात, शिशु, प्रतिष्ठा, जल, भण्डार, यथास्थिति, अन्ततोगत्वा, सिर्जना, समाधान, प्रकाशनमय जस्ता तत्सम पानी, निकास, मान्छे, नयाँ जस्ता तद्भव डाक्टर, दवाई, अस्पताल, निजी, आन्दोलन, तालाबन्दी, चक्काजाम,

बैंठक जस्ता आगन्तुक, ठेस, कुलो, कुलेसो, आली, कान्ला जस्ता ठेट नेपाली शब्दहरूको प्रयोग यस कवितामा गरिएको छ। १२ अनुच्छेद र २ पृष्ठमा संरचित यस कविताको प्रत्येक अनुच्छेदका अन्त्यमा आउने स्थगित शब्दले गर्दा कवितामा एक किसिमको लयातमकता, उत्पन्न हुन गएको छ। कविताको शीर्षक प्रत्येक अनुच्छेदका अन्त्यमा दोहोरिन गई सार्थक बन्न पुगेको छ। कविता तृतीय पुरुष दृष्टिबिन्दुमा रचित छ। कवितामा सिंहदरबार, बालुवाटार, नदीनाला, अस्पताल जस्त बिम्बहरूको प्रयोग गरिएको छ । कवितामा बुद्धको प्रतिष्ठा स्थगित भनेर अशान्ति, नयाँ विहानीको प्रकाशमय सूर्य उदाउने समय स्थगित भनेर विकासलाई प्रतीकात्मक ढङ्गमा लिइएको छ। कविताको भाषा सरल र सरस छ। समग्रमा कविता सुबोध्य छ।

### ५.२.२९ 'हाम्रो गलत नियति'

'हाम्रो गलत नियति' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको अट्ठाइसौँ कविता हो । यस कवितामा आफ्नोपन हराउँदा पनि लज्जाबोध नहुने, देशका सीमा र भूमि मिचिँदा प्रतिवाद नगर्ने, आफूलाई अब्बल दर्जाका राष्ट्रवादी ठान्ने नेता र पार्टीका गलत नियति प्रति व्यङ्ग्य गरिएको छ। भनिन्छ नियतिले जता डोऱ्याउँछ मनुष्य त्यतै जान्छ तर हाम्रो देशको नियतिलाई भने यहाँका अगुवाहरूले नै विगारि रहेकाले सर्वसाधारण जनताको भविष्य र राष्ट्र सुनिश्चितता र शान्तितर्फ लम्किनुको सट्टा अनिश्चितता र अशान्तितर्फ लम्किरहेको छ। बनेको नियतिलाई विगारिरहेका छन् भन्ने भाव यसरी व्यक्त भएको छ।

इमान्दारी र देशभक्तिको
बेर्छन टाउकामा फेटाहरू
चुपचाप छन्
सीमा खन्दा
राष्ट्रप्रेमको गर्छन् नाटक
हामी यो देशका भन्ठान्छन् जेठाहरू

(**अस्ताउन लागेको सुस्ता**, पृ.६१)

गद्य लय र मुक्त छन्दमा रचित यस कवितामा १ अक्षरे र देखि ५ अक्षरे तथाकथित सम्मका गरी जम्मा ५४ शब्दको प्रयोग गरिएको छ । यो कविता २ अनुच्छेद र १ पृष्ठमा संरचित छ । गर्व, नेता, नदी, निरन्तर, भक्ति, नाटक, राष्टप्रेम, विखण्डन, तथाकथित जस्ता तत्सम खोला, फेटा, टाउको, जेठा जस्ता ठेट नेपाली शब्दहरूको प्रयोग गरिएको यो कविता तृतीय पुरुष कथन ढाँचामा आबद्ध छ। कविताको शीर्षकले कविताको भावसँग तादात्म्यता राख्ने हुनाले शीर्षक सार्थक मानिन्छ । नदी, खोला, झण्डा जस्ता बिम्बहरूको प्रयोगहरूको प्रयोग

गरिएको यस कविताको २, ३ पङ्क्तिको अन्तरालमा पङ्क्तिको अन्त्यमा आउन नेता, जठा, फेटा जस्ता शब्दहरूले अन्त्यानुप्रास अलङ्कारको सिर्जना गरेका छन् र कवितालाई लयात्मक बनाएका छन् । छोटा र सरल शब्दहरूको प्रयोगले गर्दा कविता सरस बन्न पुगेको छ ।

### ५.२.३० 'दुई मुक्तक'

'दुई मुक्तक' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको उनन्तीसौँ कविता हो । यस कवितामा दुई वटा छुट्टा छुट्टै शीर्षकका मुक्तकहरूलाई प्रस्तुत गरेका छन् । अस्वभाव नामक पहिलो मुक्तकमा गलत कुराले नै बढी प्रश्रय पाइरहेको कुरा देखाइएको छ । स्वाभाविक कृत्रिम मध्ये कुन सही हो भन्ने कुरा छुट्याउन गाह्रो भएको छ भन्ने कुरा देखाइएको छ ।

छद्मभेषी नामक दोस्रो मुक्तकमा मान्छेको स्वरूप र स्वभाव हुने अन्तरलाई महासागरको पानीको उदाहरण दिएर पुष्टि गर्न खोजिएको छ ।

१ अनुच्छेदमा पुरा हुने मुक्तकमा पहिलो मुक्तकमा ३७ र दोस्रोमा ३० शब्दको प्रयोग गरिएको छ । अस्वभाव शीर्षकमा २ अनुच्छेदमा १ खाले भाव प्रेषण गर्न २ मुक्तक छन् भने छद्मभेषी शीर्षकमा १ अनुच्छेदमा एउटै मुक्तक छ । दुई मुक्तक नामको कविताको शीर्षक २ उपशीर्षकका आधारमा राखिएको छ । दोस्रो मुक्तकमा दृष्टान्त अलङ्कारको प्रयोग गरिएको छ । विज्ञापन, प्रसार, विश्वास, वेइमान, अनुहार, वचन, अनुरूप व्यवहार, महासागर, विशाल, शान्त जस्ता तत्सम शब्दको बाहुल्यताको साथ ठग, चाकरी, चाप्लुसी जस्ता आगन्तुक शब्दहरू पनि यस कवितामा रहेको छ । कविता तृतीय पुरुष कथन ढाँचामा आबद्ध छ । कविताको भाषा सरल हुनुका साथै सरस पनि छ ।

### ५.२.३१ 'तब यस्तो लाग्छ'

'तब यस्तो लाग्छ' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको तीसौँ कविता हो । यस कवितामा कविले नातावाद र कृपावाद आधारमा नोकरी पाइने योग्यता र क्षमताको कुनै कदर नभएको कुरालाई व्यङ्ग्यात्मक पाराले व्यक्त गरेका छन् । देशमा बढ्दै गरेको शैक्षिक बेरोजगार जनताको मर्म यो कविताले प्रकट गरेको छ । विज्ञापन खोल्नु, दरखास्त आह्वान गर्नु, परीक्षा र अन्तरवार्ता देखावटी औपचारिकता हुन वास्तविकता कुनै योग्यता र क्षमता विनाका व्यक्ति नै हाकिम र अधिकृतका नातेदारको प्रतिस्पर्धा विनाको छनौट हो भन्ने भाव यस कविताले व्यक्त गरेको छ ।

गद्य लय र मुक्त छन्दमा रचित यस कवितामा १ अक्षरे यो देखि ५ अक्षरे उम्मेदवारी सम्मका शब्दहरूको प्रयोग गरिएको यस कवितामा ५० शब्दहरूको प्रयोग गरिएको छ । कार्यालय, सूचना, विज्ञापन, अन्ततोगत्वा, परिणाम, सूची, परीक्षा, अनुपस्थित, मन्त्री जस्ता तत्सम उम्मेदवारी, दरखास्त जस्त आगन्तुक ढोका जस्तो ठेट नेपाली तथा दाँत जस्तो तद्भव आदि शब्दहरूको प्रयोग गरिएको यो कविता १ पृष्ठमा संरचित छ । कविताको अनुच्छेद विभाजन गरिएको छैन । कविताको तेह्रौ पङ्क्तिलाई लिएर शीर्षकीकरण गरिएको छ । कविता प्रथम पुरुष दृष्टिविन्दुमा आबद्ध छ १२ औं पङ्क्तिले कविताको सम्पूर्ण भाव तेह्रौं पङ्क्ति योजक र अन्त्यका ५ पङ्क्तिले कवितामा दृष्टान्त अलङ्कारको सङ्केत गरेका छन् । लामा शब्दहरूको प्रयोग भएपनि कविताको भाषा भने सरल छ ।

### ५.२.३२ 'निरुत्तर मेरा मान्छेहरू'

रामबहादुर श्रेष्ठद्वारा लिखित 'निरूत्तर मेरा मान्छेहरू' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको एक्तीसौं कविता हो । यस कवितामार्फत् कविले आफ्नो अस्तित्त्व मेटिन लाग्दा पनि केही नबोल्ने नेपाली जनतालाई प्रतीकात्मक ढङ्गमा व्यक्त गरेका छन् । देशको सीमा विदेशीले मिचे भन्ने भाव प्रतीकात्मक ढङ्गमा व्यक्त गर्दै यस घरका मानछेहरू किन चुपचाप लागेर बसिरहेका छन् किन विना विरोध सहिरहेका छन् भन्ने भाव प्रकट गर्न खाजेका छन् । ठूलाले सानालाई हेपिरहेका छन् भन्ने कुरा मत्स्य न्यायको प्रसङ्गले पुष्टि गरेको छ ।

गद्य लय र मुक्त छन्दमा रचिएको यस कवितामा १ अक्षरे र देखि छ अक्षरे प्रत्यााक्रमण सम्मका शब्दहरूको प्रयोग गरिएका छ । यस कवितामा जम्मा १४८ शब्दहरूको प्रयाग गरिएको छ । मूल, प्रतिकार, क्षतिग्रस्त, निरन्तर, स्वाभिमान, निर्बाध, हस्तक्षेप, स्वतन्त्रता, अस्तित्त्व, निष्क्रिय, गर्व, अतिक्रमण, प्रत्याक्रमण, पीडा, व्यक्त, निर्यात, क्रमबद्ध, निरीह, क्षत, विक्षत, शिर जस्ता तत्सम शब्दहरूको बाहुल्यता रहेको कवितामा २ अनुच्छेद रहेका छन् । कविता साढे २ पृष्ठमा संरचित छ । प्रथम पुरुष दृष्टिबिन्दुमा रचित यो कविता प्रतीकात्मक कविता हो । कवितामा 'मत्स्य न्याय' जस्तो पौराणिक बिम्बको प्रयोग गरिएको छ । कविता र शीर्षक टाउको र शरीर जस्तो भएर आएकाले कविताको शीर्षक सार्थक छ । कविताको भाषा पनि सरल र सरस छ ।

### ५.२.३३ 'जन्मथलो - बाग्लुङ'

'जन्मथलो बाग्लुङ' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको बत्तीसौँ कविता हो । यस कवितामार्फत् कविले आफ्नो जन्मभूमिप्रतिको अगाध प्रमेलाई दर्शाएका छन् । युगकवि सिद्धिचरण श्रेष्ठको 'मेरो प्यारो ओखलढुङ्गा' शीर्षकको कविताबाट प्रभावित भई रामबहादुर श्रेष्ठले पनि यो कविताको रचना गरेका छन् । कवितामा कविले बाग्लुङका काठे खोला, काली गङ्गा, रातमाटा डाँडा, रुद्रेपिपल, बाङ्गेचौर, माइथान, कविले अध्ययन गरेको विद्यामन्दिर विद्यालय, उपलेचौर, निरहे, सुलडाँडा, गैँडाकोटा आदि स्थानहरूको रमणीयताको सम्झना गरेका छन् । कविले लोक छन्दमा कविता रचना गर्ने जमर्को गरे तपानि सही ढङ्गले छन्द भने नमिलेको देखिने यस कविताका पङ्क्तिहरू १०, ८, ७, ११ अक्षरद्वारा निर्मित छन् । ४, ४ पङ्क्तिका ११ श्लोक भएको यो कवितामा जम्मा १७२ शब्द रहेका छन् । कर्म, जन्म, विदेश, परदेश, जीवन, सुख, सार्थक, साहसी, आसन, भूगोल, मनोरम्, सुन्दर, शान्त जस्ता तत्सम अध्यारो, थलो, प्यारो, आँखा, रमाइलो, सम्झना जस्ता तद्भव स्कुल, बजार जस्ता आगन्तुक खोला, चौर, गुलेली, डण्डीवियो, डाँडा जस्ता ठेट नेपाली शब्दको प्रयोग पनि यस कवितामा गरिएको छ । प्रथम पुरुष दृष्टिविन्दुमा रचिएको यो कविता दुई पृष्ठमा संरचित छ । लाग्छ, हुन्छ, पाउँछ, रुन्छ, हुन्छ, खोज्छ, हेर्छ, बल्छ जस्ता पङ्क्तिका अन्त्यमा आएका शब्दले कवितामा अन्त्यानुप्रास अलङ्कारको सिर्जना गरेको छ । पद्यमा रचिएकाले कविता लयात्मक छ । पिपल, डाँडा, खोला जस्ता प्राकृतिक बिम्बहरूको प्रयोग यस कवितामा गरिएको छ । कविता भरी नै बाग्लुङको वर्णन गरिएकाले जन्मथलो बाग्लुङ शीर्षक सार्थक छ । कविताको भाषा सरल सरस छ । समग्रमा कविता सुबोध्य छ ।

### ५.२.३४ 'बन्धनयुक्त जीवन'

'बन्धनयुक्त जीवन' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको तेतीसौँ कविता हो । रुसोको मानिस जन्मदा स्वतन्त्र जन्मन्छ तर जन्मेपछि ऊ अनेकौँ साङ्लाहरूले बेरिन्छ भन्ने भाव यो कविताले प्रकट गरेको छ । मानिस जन्मिसकेपछि अनेक बन्धनमा पर्ने र त्यो बन्धन मृत्युपर्यन्त रहिरहने भाव यो कविताले व्यक्त गर्न खोजेको छ । जन्मनासाथ पुर्खाहरूको व्यवहारको लाइनमा लाग्नु पर्ने ऋणबाट छुटकारा नपाउने निम्नवर्गीय जनताको स्थितिलाई कविताले प्रष्ट पार्न खोजेको छ ।

गद्य लय र मुक्त छन्दमा रचित यस कवितामा १ अक्षरे म देखि ४ अक्षरे वहीखाता सम्मका गरी जम्मा ४९ शब्दहरू रहेका छन् । धनी, वहीखाता, व्याज जस्त आगन्तुक विषाक्त, प्रत्येक, वर्ष, आजीवन, कुकुर जस्ता तत्सम अँधेरो, धुँवा, आँखा तद्भव शब्दहरू रहेको यस

कवितामा २ अनुच्छेद रहेका छन् । तृतीय पुरुष कथनढाँचामा आबद्ध यस कविताको शीर्षक सार्थक छ । कविता १ पृष्ठमा संरचित छ । तिमी, म, यिनी, उनी, यो, त्यो जस्ता सर्वनामहरूको प्रयोग गरिएको छ । उपमा अलङ्कार कवितामा यसरी प्रस्तुत भएको छ :

त्यो वहीखाताले
घरको मूल ढोका अगाडि
भाते कुकुर झैँ
सधैं धर्ना बसिरहेछ ।

(**अस्ताउन लागेको सुस्ता**, पृ.६९)

सरल र चलनचल्तीका शब्दहरूको प्रयोगले कविताको भाषा सरल र सरस बन्न पुगेको छ ।

### ५.२.३५ 'परम्परा'

'परम्परा' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको चौतीसौँ कविता हो । यस कवितामा हाम्रो देशको राजनैतिक स्थितिलाई व्यङ्ग्य गरिएको छ । राज्यको उन्नति र प्रगति तथा नव नव सम्भावनाको निम्ति जहिले पनि आन्दोलन चक्काजाम, सङ्घर्ष, विना नेताहरूले देशको भलो हुने काम नगर्नाले सङ्घर्ष त परम्परा नै बनिसकेको भाव कविताले व्यक्त गर्न खाजेको छ ।

गद्य लय र मुक्त छन्दमा रचित यस कवितामा १ अक्षरे र देखि ४ अक्षरे विसङ्गति सम्मका गरी जम्मा ४५ शब्दहरू रहेका छन् । न्याय, दमन, शक्ति, स्रोत, बाध्यता, विसङ्गति, अनैतिक प्रदर्शन जस्ता तत्सम, आन्दोलन, चक्काजाम, धन्दा जस्ता आगन्तुक शब्दहरू रहेको यो कविता २ अनुच्छेद र १ पृष्ठमा संरचित छ । कविताको शीर्षक व्यङ्ग्यात्मक छ । कविता तृतीय पुरुष कथनढाँचामा रचिएको छ । कवितामा आन्दोलन, चक्काजाम जस्त राजनैतिक बिम्बहरूको प्रयोग गरिएको छ । सरल शब्दहरूको प्रयोगले गर्दा कविता सुबोध्य बन्न पुगेको छ ।

### ५.२.३६ 'नदी पारीका मायालु'

'नदी पारिका मायालु' **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह अन्तर्गतको पैतीसौँ तथा अन्तिम कविता हो । यो एक प्रणयपरक कविता हो । यस कवितामा कवि श्रेष्ठले आफ्नी प्रेयसी र उनको प्रेमको सम्झना गरेका छन् । नदी दुई किनाराका रूपमा आफू दुईलाई लिएर समाजले

आफ्नो प्रेममा बाधा व्यवधान खडा गरे पनि आफ्नो प्रेम कहिल्यै नटुट्ने भाव कविले व्यक्त गरेका छन् । प्रेममा आएको बाधालाई कवितामा यसरी व्यक्त गरिएको छ :

बचिमा उर्लेको नदीको
त्यो भेलले
हाम्रो बाधक भएर
बगिरहे पनि
हामी दुईको
अलग
अलग
यी मांसपेशी शरीरहरू
एउटै प्रतिमूर्ति भएर

(**अस्ताउन लागेको सुस्ता**, पृ.७१-७२)

गद्य लय र मुक्त छन्दमा रचित यस कवितामा १ अक्षरे र देखि ५ अक्षरे एकतमास सम्मका गरी जम्मा ७३ शब्द रहेका छन् । नदी, तस्विर, चित्र, बाधक, मांशपेशी, शरीर, प्रतिमूर्ति, आलिङ्गन, कल्पना जस्ता तत्सम भेल, उर्लेको, बास जस्ता तद्भव आदि शब्दहरूको प्रयोग गरिएको यस कवितामा जम्मा २ अनुच्छेद छन् । कविता साढे १ पृष्ठमा संरचित छ । कवितामा आलिङ्गन, चुम्बन जस्त प्रणयपरक बिम्बहरूको प्रयोग गरिएको छ । उपमा आलङ्कारको प्रयोग यसरी गरिएको छ :

तस्विरका चित्र झैँ
कति तड्पिएर बसुँ

(**अस्ताउन लागेको सुस्ता**, पृ.७१)

कविताको शीर्षकले नै कविता प्रयणपरक छ भन्ने जनाउने हुँदा कविताको शीर्षक सार्थक छ । कविता प्रथम पुरुष दृष्टिविन्दुमा रचिएको छ । उभिएर देखेर जुधाएर, भएर, रहेर जस्ता पङ्क्तिका अन्त्यमा आउने शब्दले कवितामा अन्तरलायत्मकता सिर्जना गरेको छ । कविताको भाषा सरल र सरस छ ।

### ५.३ निष्कर्ष

समग्रमा श्रेष्ठका कविताहरूको अध्ययन गर्दा कतै जीवनका अनुभूति त कतै आशा, निराशाका स्वर प्रकट भएका छन् । सामाजिक यथार्थको उद्बोध गर्नमा केही कविता सफल छन् भने केही प्रयास गरिरहेका छन् । शोषणरहित समाजको सिर्जना, न्याय, समानता र

स्वअधिकारका निम्ति निर्भिक भई उत्रनु पर्ने युगीन जटिलता प्रति असहमति जनाउने भाव उनका कविताले प्रकट गरेका छन् । **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रह भित्रका कविता जनबोली जत्तिकै सरल छन् । श्रेष्ठका कविता हतियारको विरोध र कलमको पक्षमा उभिँदै, राजनीतिले देश बिगारेकोमा खेद प्रकट गर्छन् । विश्वदृष्टिकोण अन्तर्गत उनका कवितामा यथार्थवाद प्रगतिवाद, विसङ्गतिवाद र अस्तित्त्ववादको प्रभाव पाइन्छ । उनले समाजमा विद्यमान विविध विसङ्गतिहरूको यथार्थ चित्रण गरेका छन् । गरिबीको चित्रणमा करुणाको भाव, हतियार विरुद्धको गर्जनमा आक्रोश र वीरताको भाव, विसङ्गति र अकर्मण्यतामा निराशा र चिन्ताको भाव, जन्मभूमि र राष्ट्रिय विभूतिहरूको स्मरणमा सम्मान र प्रेमको भाव, मायालुको प्रसङ्गमा शृङ्गारको भाव, असफता र यथास्थितिको वर्णनमा निराशा र दुखेसोको भाव उनका कविताहरूमा पाइन्छ । श्रेष्ठका कवितामा रूपक, उपमा, उपमा, विरोधाभास, स्वभावोक्ति अतिशयोक्ति, अनुप्रास आदि अलङ्कार र शारीरिक, प्राकृतिक, राजनैतिक, भौगोलिक, प्रयणपरक आदि बिम्बहरू पाइन्छन् । श्रेष्ठका कवितामा प्रतीकको प्रयोग गरेको पाइन्छ । गद्य लयका अतिरिक्त यस कविता सङ्ग्रहमा लोकछन्दको पनि प्रयोग गरिएको छ तर लयमा रचित कवितामा छन्दका नियमहरूको पूर्णत : पालना हुन सकेको छैन ।

# परिच्छेद छ
# शोधनिष्कर्ष

## ६.१ सारसङ्क्षेप

परिच्छेद एकमा साहित्यकार रामबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन नामक शीर्षक शोधपत्रको शोध परिचय दिइएको छ । यसभित्र शोधका समस्या, उद्देश्य, शोधविधि, शोधसीमा, महत्त्व, अध्ययनको सीमाङ्कन, सामग्री सङ्कलन, शोधको रूपरेखाका साथै पूर्वकार्यको समीक्षा आदि विविध उपशीर्षकहरू समावेश गरिएको छ । शोध परिचयको प्रस्तुतिका सन्दर्भमा पूर्वकार्यको समीक्षा गर्दै विभिन्न पुस्तक तथा पत्रिकाका माध्यमबाट गरिएको रामबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व सम्बन्धी टीका टिप्पणीलाई विस्तृत अध्ययन र अनुसनधानका लागि पर्याप्त नभएकाले यस शोधपत्रले रामबहादुर श्रेष्ठ र उनका कृतिहरूको अध्ययन र अनुसन्धान र योगदानको निरूपण गरेको कुरा समेत उल्लेख गरिएको छ ।

परिच्छेद दुईमा रामबहादुर श्रेष्ठको जीवनी परिचय अन्तर्गत जन्म, जन्मस्थान, पारिवारिक पृष्ठभूमि, संस्कार, बाल्यकाल, शिक्षा, दाम्पत्य जीवन र सन्तान, पारिवारिक, आर्थिक अवस्था, बसाईसराइ, लेखन प्रेरणा र प्रभाव प्रारम्भ, लेखनकार्य, पुरस्कार, भ्रमण, संस्थागत संलग्नता जस्ता शीर्षकहरू राखिएको छ ।

परिच्छेद तीनमा साहित्यकार रामबहादुर श्रेष्ठको व्यक्तित्व परिचय अन्तर्गत उनका निजी व्यक्तित्व परिचय अन्तर्गत उनका निजी व्यक्तित्वको साथै सामाजिक, साहित्यिक, राजनैतिक, प्रशासक, सम्पादक, संस्थापक आदि व्यक्तित्वको उल्लेख गरिएको छ ।

परिच्छेद चारमा साहित्यकार रामबहादुर श्रेष्ठको साहित्यिक यात्रा, चरण विभाजन, कविता परिचय, कविताको विकासक्रम, कविताका तत्त्व जस्ता शीर्षकहरू राखिएको छ ।

पाँचौं परिच्छेदमा रामबहादुर श्रेष्ठका प्रकाशित कृतिहरूको अध्ययन सारलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ ।

छैठौँ परिच्छेदमा साहित्यकार रामबहादुर श्रेष्ठको सम्पूर्ण पक्षको अध्ययन सारलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ ।

### ६.२ शोधनिष्कर्ष

२००७ साल ज्येष्ठ १२ (इ.सं. २५ मई १९५०) का दिन धवलागिरि अञ्चलको बाग्लुङ्ग बजारको कम्पुटोलमा स्व.पिता गङ्गाबहादुर श्रेष्ठ (फट्न) र स्व.माता सन्तमाया श्रेष्ठका ज्येष्ठ सुपुत्रका रूपमा रामबहादुर श्रेष्ठको जन्म भएको हो । आर्थिक दृष्टिले निम्न मध्यम वर्गीय परिवारमा जन्मिएका श्रेष्ठले ७ वर्षको उमेरबाट औपचारिक अध्ययनको थालनी गरेको देखिन्छ । ८ कक्षाको अध्ययन पश्चात् नै सरकारी सेवामा प्रवेश गरेका श्रेष्ठले २०२६ सालमा एस.एल.सी. परीक्षा उत्तीर्ण गरी आइ.ए. सम्मको अध्ययन गरेका छन् । त्यसपछि भने उनको औपचारिक अध्ययन रोकिएको देखिन्छ । आफ्नो जीवनको आधा भन्दा बढी समय न्याय सेवामा कार्यरत रही त्यसैको शाखा अधिकृत पदबाट सेवानिवृत भएका श्रेष्ठ हाल साहित्य सिर्जना र समाज सेवाका साथसाथै विभिन्न संघ संस्थाहरूमा आबद्ध भई आफ्ना दिनहरू बिताइरहेका छन् ।

आफूले अध्ययन गरेको विद्यामन्दिर हाइस्कुलमा प्रत्येक शुक्रबार आधा दिनको छुट्टीपछि हुने साहित्यिक कार्यक्तमहरूबाट प्रेरित भई ६ कक्षामा अध्ययन गर्दादेखिको कलिलो उमेरबाट साहित्य रचना गर्न थालेका श्रेष्ठको पहिलो प्रकाशित रचना भने 'शिक्षा संस्कृति र उद्योग' ( २०२८) हो । यहीँबाट उनको औपचारिक साहित्यिक यात्राको थालनी भएको हो । प्रशासन सेवामा जीवन बिताएका श्रेष्ठले २०२८ सालदेखि औपचारिक रूपमा साहित्यिक यात्राको सुरुवात गरे पनि समय व्यस्तता वा अन्य कारणले गर्दा २०६३ सालमा आएर मात्र आफ्नो पहिलो पुस्तकाकार कृति प्रकाशित गरेको देखिन्छ । २०६३ सालमा **जिन्दगीका प्रयासहरू** कृति प्रकाशित गरेपछि पुनः ३ वर्षको अन्तरालमा २०६६ सालमा **अस्ताउन लागेको सुस्ता** नामक दोस्रो कृति प्रकाशित भएको पाइन्छ । प्रशासन सेवाका साथै साहित्य सिर्जना र समाज सेवामा लागेका श्रेष्ठ विभिन्न साहित्यिक तथा गैरसाहित्यिक पुरस्कार र सम्मानद्वारा पुरस्कृत तथा सम्मानित भएका छन् ।

आफ्नो जीवनको आधा समय न्याय सेवामा बिताएका श्रेष्ठ प्रशासनका साथै राजनैतिक क्षेत्रमा पनि क्रियाशील छन् । युवा साहित्य सदन (पोखराको) संस्थापन तथा वेणी साहित्यिक पत्रिकाको सम्पादन पनि श्रेष्ठले गरेका छन् । विविध सामाजिक गतिविधिमा संलग्न श्रेष्ठले साहित्यको सिर्जनाका साथै अन्य क्षेत्रमा पनि क्रियाशीलता देखाई आफ्नो व्यक्तित्वलाई बहुआयामिक बनाएका छन् । श्रेष्ठको साहित्यिक क्षेत्र उनको जीवन भोगाइको कटु यथार्थलाई आत्मसात् गर्दै अघि बढेको छ भने 'साहित्य समाजको दर्पण हो' भन्ने मान्यताबाट अभिप्रेरित भई उनले कविताहरूको रचना गरेका छन् ।

रामबहादुर श्रेष्ठको **जिन्दगीका प्रयासहरू** कवितासङ्ग्रहमा २०२८-२०६३ सालसम्मका कविताहरू रहेका छन् । भने दोस्रो **अस्ताउन लागेको सुस्ता** कवितासङ्ग्रहमा २०६४ -२०६६ सालसम्मका कविताहरू रहेका छन् । यी रचनाहरूका आधारमा उनी यथार्थवादी, प्रगतिवादी धारामा केन्द्रित रही कविता लेख्ने कवि हुन् । यथार्थवादी, प्रगतिवादी चिन्तन अंगालेका श्रेष्ठले कविता विधाकै समर्पित भएर कविताका उपविधाहरू मुक्तक, हाइकुहरूको पनि रचना गरेका छन् । २०६३ सालमा प्रकाशित **जिन्दगीका प्रयासहरू**मा २१ वटा गद्य कविताहरू रहेका छन् । उनको यस सङ्ग्रहका कविता कृतिहरूमा राजनैतिक सचेतता निराशा, उदासीनता, दाल भात, डुकुको समस्याले ग्रस्त बनेको नेपाली समाजको चित्रण, निष्पक्षता समानता, सामाजिक न्याय, इमान्दारी, स्वावलम्बन, देशभक्ति, नारीवादिता, प्रतिगमनको विरोध, अग्रगामी चेतनाको विकासद्वारा सामाजिक रूपान्तरण द्वन्द्वको अन्त्य र शान्तिको चाहना जस्ता विशेषता रहेका छन् ।

२०६६ सालमा प्रकाशित **अस्ताउन लागेको सुस्ता** प्रायः गद्य र पद्य कविताहरूको सङ्गालो हो। गद्य लयमा नै बढी मात्रामा कविता रचना गर्ने कविले पद्यमा लोकछन्दको प्रयोग गरेका छन् । संरचनाका दृष्टिले कमजोर भए पनि भावगहनतामा भने पद्य र गद्य दुबै कविता समान छन् । ३५ वटा कविताहरूम सङ्गृहित यस सङ्ग्रहमा समकालीन नेपाली जनजीवनको विविध समस्याहरूको चित्रण आर्थिक सामाजिक राजनैतिक प्रशासनिक आदि क्षेत्रमा देखा परेको विकृति र विसङ्गतिको आलोचनात्मक चित्रण निष्ठाको राजनीतिको अभाव देश र देशवासीले भोग्नु परेको पीडाको चित्रण साथै राष्ट्रप्रेम, प्रकृतिप्रेम, प्रणय, शान्तिको उत्कट चाहना जस्ता विशेषता देख्न सकिन्छ ।

धुलाको कणदेखि विश्वब्रह्माण्ड सबै कविताका विषय हुन सक्छन् भने झैँ उनका कविताहरूमा देशप्रेम, शान्तिको चाहना, द्वन्द्वको अन्त्य, कुसंस्कारको विरोध, नारीसमानता, न्यायको स्थापना, क्षमताको कदर, लोकतन्त्तप्रतिको आस्था, स्वतन्त्रताको खोज, कविताप्रतिको प्रेम, हतियारको विरोध, प्रणय मानवीय संवेदना, जन्मथलोको माया, सामाजिक राजनैतिक विकृति विसङ्गति, कलम र कलमजीविप्रतिको सम्मान जीवनप्रतिको दृष्टिकोण पर्यावरणीय चिन्ता आदि कुराहरू विषयवस्तु बनेर आएका छन् ।

साहित्यका विविध विधामध्ये कविता विधा र त्यसकै उपविधाहरूको सिर्जनामा केन्द्रित श्रेष्ठले २०२८ सालदेखि  हालसम्म चार दशक लामो साहित्यिक यात्रा पार गरिसकेका छन् । यस समयावधिमा रचना गरेका उनका कृतिहरूको अध्ययन गर्दा उनी मूलतः प्रगतिवादी यथार्थवादी साहित्यकारका रूपमा देखिन्छन् ।

श्रेष्ठले आफ्ना रचनाहरूमा प्रगतिवादी स्वर मुखारित गर्दै राष्ट्रका हित निम्ति चुनिएका अगुवाहरूले केही नगरेकामा आक्रोश प्रकट गरिहेका छन् । नेपाली भूमिमाथि भइरहेको अतिक्रमणको विरोध र हाम्रो देशका मामिलामा भइरहने विदेशी हस्तक्षेपप्रति भटारोको प्रहार पनि उनका कवितामा पाइन्छन् । समाजका ठूलाबडा भनाउँदा उच्च वर्गले निम्न वर्गमाथि गर्ने शोषण, अन्याय, अत्याचार, दमनको यथार्थ प्रस्तुतिका साथै नातावाद र कृपावादको व्यापक चलखेलले गर्दा योग्यता र क्षमताको अवमूल्यन भइरहेको कुरा पनि उनका रचनाहरूमा प्रस्तुत भएको पाइन्छ ।

सत्तापिपासु र स्वार्थी व्यक्तिहरूको क्रियाकलापले गर्दा देश दिन प्रतिदिन सङ्कटको खाडलतिर फस्दै गइरहेकोमा श्रेष्ठ खेद प्रकट गर्छन् । साहिदहरूको रगतले बलिदान दिएर आफ्नो राष्ट्रलाई अखण्ड राखेको भए पनि आज उनीहरूको बलिदानप्रति कुनै सम्मान नरहेको भाव उनका कवितामा पाइन्छ ।

राजनीति समाज प्रशासन आदिका नराम्रा पक्षहरूको उद्घाटन गर्दै कविता लेख्ने श्रेष्ठले आफ्ना कविता कृतिहरूमा उपमा रूपक, अतिशयोक्ति विरोधाभास स्वाभावोक्ति अनुप्रास आदि अलङ्कारको प्रयोग गरेका छन् भने शारीरिक, पौराणिक प्राकृतिक, प्रणयपरक, भौगोलिक आदि बिम्बहरूको पनि प्रयोग गरेका छन् । कवितामा प्रतीकात्मकताको सुन्दर प्रयोग पनि गरेका छन् । अंशतः पद्य लयमा रचिएका कविताहरूमा उनले लोकछन्दको प्रयोग गरेका छन् ।

श्रेष्ठको कलम सामाजिक असमानता, थिचोमिचो अपमान, शोषण, दमन, उत्पीडन जस्ता प्रवृत्तिहरूको विरुद्ध जुर्मुराएको देखिन्छ । प्रशासनिक परिपाटीको विरोध, विकृत राजनीतिप्रतिको विद्रोह नै उनका साहित्य रचनाको सार बनेको देखिन्छ । यसका साथै उनका कविता नारीप्रतिको सम्माान, उच्च वर्गप्रति घृणा र निम्नवर्गप्रति प्रेम, जन्मभूमिप्रति प्रेम जस्ता भावहरू प्रकट भएका छन् ।

यिनै विविध विशेषताहरूका साथ कविता र त्यसकै उपविधाहरूमा कलम चलाई तिनको उन्नयनमा समर्पित श्रेष्ठ आधुनिक नेपाली कविताको अंशतः प्रगतिवादी र मूलतः सामाजिक यथार्थवादी धारामा कलम चलाउने कवि हुन् । विगत चार दशकदेखि साहित्य सिर्जनामा जुटेका श्रेष्ठले नेपाली काव्यकृति र लेखनका माध्यमबाट कविताका क्षेत्रमा ठूलो योगदान दिएका छन् ।

## ६.३ सम्भावित शोधशीर्षकहरू

रामबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा आधारित यस शोधपत्रमा उनका प्रकाशित कृतिहरूको सामान्य अध्ययन मात्र गरिएको छ त्यसैले श्रेष्ठका अन्य कृतिहरूका बारेमा पुनः अध्ययन अनुसन्धान गर्न चाहेमा थप शोधकार्य हुन सक्ने सम्भावना देखिन्छ । भविष्यमा श्रेष्ठका बारेमा हुन सक्ने सम्भाव्य शोधशीर्षकहरू निम्नलिखित छन् ।

(क) रामबहादुर श्रेष्ठका कवितामा राजनैतिक व्यङ्ग्य ।


(ख) रामबहादुर श्रेष्ठको **जिन्दगीका प्रयासहरू** कवितासङ्ग्रहको अध्ययन ।

(ग) रामबहादुर श्रेष्ठको अस्ताउन लागेको सुस्ताको अध्ययन ।

(घ) रामबहादुर श्रेष्ठका कवितामा यर्थाथवादी स्वर ।

# परिशिष्ट

रामबहादुर श्रेष्ठको हस्तलिखित कविताको नमूना


शान्तिपथ

जता जाऊँ
गुण्डागर्दी
दलवाज
कुटपिट र हो हल्ला ।
शान्ति संग दिन बिताउन
ठर्रा पिउने समयलाई समायोजन गर्दै
लिएर एक बोटल कोकाकोला
दिन / साँझ बिताइरहेछु ।
शान्त संग बस्ने ठाउँ
परिनिर्माण गरिरहेछु ।
त्यसैले
म सधैं गइरहने
मेरो मन पर्ने
भट्टीवाली दिदीको नामबाट
यो ठाउँको नाम
शान्तिपथ राखे
कसो होला ?

कायरता

समय व्यतित गर्दैछौं अझै हामी
बेहोसी भै हिंडीरहेछौं यता उता
निस्वार्थ र इमान्दारी / के हुन सक्दैनौं हामी ?
अमरसिंह / भक्ति थापा र बलभद्र जस्ता
स्वाभिमानलाई शान्ति राख्दै
अझै हामी निहुरिन खोज्दैछौं
विदेशी प्रभु समक्ष
गुलामी बनी देखाउदैछौं कायरता ।

# सन्दर्भग्रन्थसूची


गैरै, ईश्वरीप्रसाद र कृष्णप्रसाद आचार्य, **आधुनिक नेपाली नाटक र फुटकर कविता**, काठमाडौं न्यू हिरा बुक्स इन्टरप्राइजेज, २०५९ ।

गौतम, लक्ष्मणप्रसाद, **समकालीन नेपाली कविताको विम्बपरक विश्लेषण**, ललितपुर : साझा प्रकाशन, २०६० ।

घिमिरे, तारा, शुभ श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन, नेपाली स्नातकोत्तर, शोधपत्र, त्रि.वि., भैरहवा, बहुमुखी क्याम्पस भैरहवा, २०७, अप्र. ।

घिमिरे, सुरज, 'अस्ताउन लागेको सुस्तामा दृष्टि लगाउँदा', **दैनिक पत्र**, वर्ष ८, अङ्क ७७, २०६८, पृ.१ ।

ढकाल, नारायणप्रसाद, हर्षध्वज, राईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, नेपाली स्नातकोत्तर शोधपत्र, त्रि.वि. भैरहवा बहुमुखी क्याम्पस, भैरहवा, २०६५, अप्र. ।

ढुङ्गाना, विमला, "साहित्यकार गङ्गा लिगलको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन", नेपाली स्नातकोत्रर शोधपत्र, त्रि.वि. भैरहवा बहुमुखी क्याम्पस, भैरहवा, २०६८, अप्र. ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल, **नेपाली कविता र काव्य**, एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स, २०६१ ।

तिमिलसिना, 'सिद्ध, राष्ट्रप्रतिको संवेदना', **नेपाल**, वर्ष ११, अङ्क २९, २०६७, पृ.५०-५१

त्रिपाठी, वासुदेव र अन्य **नेपाली वृहत् शब्दकोश**, काठमाडौं : ने.रा.प्र.प्र., २०४० ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) **नेपाली कविता भाग-४** साझा प्रकाशन : काठमाडौं, २०४६ ।

थापा, हिंमाशु, चौ.सं., **साहित्य परिचय**, काठमाडौं : साझा प्रकाशन, २०५० ।

देउजा, रामसुन्दर, 'अस्ताउन लागेको सुस्ताको वेदना', **जनमत**, वर्ष २७, अङ्क ९, २०६४, पृ.५० ।

न्यौपाने, टङ्कप्रसाद, **साहित्यको रूपरेखा**, दो.सं. काठमाडौं : साझा प्रकाशन, २०३९ ।

न्यौपाने, देवीप्रसाद, "रूपन्देही जिल्लाको साहित्यिक विकासमा सिद्धार्थ साहित्य परिषद्को योगदान", नेपाली स्नातकोत्तर शोधपत्र, त्रि.वि. भैरहवा बहुमुखी क्याम्पस, भैरहवा, २०६८, अप्र.

पराजुली, मुरारि, 'अस्ताउन लागेको सुस्ताले मर्माहत रामबहादुर श्रेष्ठ', **शब्दसिन्धु**, वर्ष ३, पूर्णाङ्क १०, २०६८, पृ.५६-६१ ।

पराजुली, मुरारि,‘ रूपन्देहीका कवितामा गणतान्त्रिक चेत’, **शब्दसिन्धु**, वर्ष २, पूर्णाङ्क ८, २०६८, पृ.३० अङ्क४९ ।

भट्टराई, गणेशप्रसाद, **कुलचन्द्र कोइराला : दृष्टिकोण एवम् विश्लेषण**, कुलचन्द्र स्मृति प्रतिष्ठान, २०५० ।

भट्टराई, डिल्लीराज, ‘जिन्दगीका प्रयासहरू : सङ्क्षिप्त विवेचना’, **ज्ञानज्योति स्मारिका**, २०६४ पृ.३२-३३ ।

लामिछाने, तिलक, ‘सृजनशील कवि रामबहादुर श्रेष्ठ’, **मेचीकाली**, वर्ष ११, अङ्क ३३२, २०६८, पृ.२ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, विद्यार्थी पुस्तक भण्डार काठमाडौँ, २०६१

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, ललितपुर : साझा प्रकाशन : २०५६ ।

श्रेष्ठ, रामबहादुर, ‘अझै वसन्त आयो रे’, **मुस्कान**, प्रवेशाङ्क , २०३८ ।

श्रेष्ठ, रामबहादुर, **जिन्दगीका प्रयासहरू**, भैरहवा, बाबा छापाखाना, २०६२ ।

श्रेष्ठ, रामबहादुर, ‘फेरि सहिदको खाँचो भएको छ’ : **पदचिन्ह**, २०६२ ।

श्रेष्ठ, रामबहादुर, शिक्षा संस्कृति र उद्योग, जिल्ला पञ्चायत म्याग्दी (स्मारिका) प्रथम अङ्क २०२८ ।

सम, बालकृष्ण, ‘मेरो भन्नु नै’, **आगो र पानी**, दो.सं., काठमाडौं : साझा प्रकाशन, २०५९ ।

सागर, विजय, ‘रामबहादुर श्रेष्ठको जिन्दगीका प्रयासहरू भित्र पस्दा’, **नयाँ भावना**, वर्ष ४, अङ्क २६८, २०६७, पृ.२

सिलवाल, छविरमण, ‘राष्ट्रिय भावनाले ओतप्रोत कविताहरू’, **जनप्रहार**, वर्ष १२, अङ्क ५, २०६८, पृ.६ ।

सुवेदी, राजेन्द्र, **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण** काठमाडौँ : पाठ्यसामग्री पसल, २०२९ ।